# ग्रामोदय

## स्मारिका २०८०

## GRAMODAYA PERIODICAL 2024

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

GRAMODAYA YUGAKABI SIDDHICHARAN CAMPUS

# ग्रामोदय

## स्मारिका २०८०

**सम्पादक मण्डल**

आनन्द कार्की

अम्बादत्त जोशी

रामकुमार न्यौपाने

**भाषा सम्पादक**

प्रा.डा. भूपप्रसाद धमला (अंग्रेजी)

केपी भट्टराई (नेपाली)

**ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस**

| | | |
|---|---|---|
| कृति | : | **ग्रामोदय स्मारिका** |
| प्रकाशक | : | ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस |
| सर्वाधिकार | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | विसं. २०८० |
| मुद्रण | : | ५०० प्रति |
| कम्प्युटर लेआउट | : | केशव भट्टराई |
| मुद्रक | : | हिमाल एकेडेमी, ललितपुर |
| सम्पर्क ठेगाना | : | गाम्नाङटार, ओखलढुङ्गा |
| फोन | : | ९८४९२७२२६८ |
| इमेल | : | gramodayayugkabi@gmail.com |
| वेबसाइट | : | http://gramodayayugkabicampus.edu.np |

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

प.सं.: ०८०/८१ मिति: २०८०/१२/०८

च.नं.:

## शुभकामना

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका-६ मा रहेको ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस, गाम्नाङटार, ओखलढुङ्गाले "ग्रामोदय युगकवि" शीर्षकको शैक्षिक स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । यो क्याम्पस यस गाउँपालिकाको मात्र नभई लिखु सभ्यतालाई नै प्रतिनिधित्व गर्ने शैक्षिक संस्था हो । शिक्षाको दियो बाली समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको यस क्याम्पसले प्रकाशन गर्न लागेको शैक्षिक स्मारिका एक ज्ञानवर्धक दस्तावेज हुन सक्नेछ भन्ने विश्वास लिएको छु ।

यस क्याम्पसको स्थापना कालदेखि नै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अभियानमा लाग्ने लिखु गाउँपालिका क्षेत्रका राजनीतिक दल, उद्योगी, व्यापारी, समाजसेवी महानुभावहरूको अथक प्रयासबाट विसं. २०६३ सालमा स्थापित यस क्याम्पसलाई विकासको यो उचाइसम्म ल्याइपुऱ्याउन विभिन्न तह र तप्काबाट योगदान गर्नु हुने शिक्षक, कर्मचारी, अभिभावकलगायत सम्पूर्ण सरोकारवाला एवं शुभेच्छुक महानुभावहरूमा गाउँपालिकाका तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

पूर्वी पहाडको पिछडिएको ग्रामीण भेगमा रहेको यो क्याम्पसको स्थापना गर्न आर्थिक, सामाजिक, भौतिक ढंगले सहयोग गर्ने हाम्रा अग्रज महानुभावहरूको योगदान उल्लेखनीय छ । प्रतिस्पर्धामा उत्कृष्टता कायम राख्न प्रयत्न गरिरहेको यस क्याम्पसको इतिहास गौरवशाली छ । प्रारम्भदेखि नै यस क्याम्पसले शैक्षिक जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणमा पुऱ्याएको योगदान प्रशंसनीय छ । तर यति प्रगतिले मात्र यो क्याम्पस परिवार सन्तुष्ट हुन मिल्दैन । भौतिक र आर्थिक रूपले यस गाउँपालिकाका तर्फबाट गर्न सकिने सहयोग भई नै रहनेछ । यसबाहेक यसको शैक्षिक उन्नयनमा क्याम्पसको सञ्चालक समितिको नेतृत्वमा शिक्षक र कर्मचारीले नै कर्मठ भएर निरन्तर लागिपर्नु आवश्यक हुन्छ ।

उपयुक्त शैक्षिक वातावरण निर्माण गर्नका लागि सञ्चालक समितिका अध्यक्ष, सदस्य, अभिभावक, बुद्धिजीवीलगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक आह्वान गर्दछु । शिक्षक, विद्यार्थी, अभिभावक, साहित्यकारलगायत विद्वान् लेखकहरूका विभिन्न विषय र विधागत लेखरचना समेटिएको यो स्मारिकाको प्रकाशनबाट जिज्ञासु पाठकहरू लाभान्वित हुने नै छन् भन्ने पूर्ण आशाका साथ ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै, नव वर्ष २०८१ का अवसरमा देश तथा विदेशमा रहनु हुने समस्त नेपाली दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

अशोक कुमार कार्की
अध्यक्ष

**अशोक कुमार कार्की**
**अध्यक्ष**

# कृतज्ञता

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले क्याम्पसका गतिविधिहरू समेटेर शैक्षिक स्मारिका प्रकाशन गर्न लागेकोमा क्याम्पस प्रमुख, शिक्षक, कर्मचारी र विद्यार्थीहरू सबैलाई सफलताको शुभकामना व्यक्त गर्दछु। साथै, यस कार्यका निम्ति क्याम्पस सञ्चालक समितिलाई पनि बधाई ज्ञापन गर्दछु।

यो क्याम्पस ओखलढुङ्गा जिल्लाका गाम्नाङटार, यसम, टारकेराबारी, पोकली, नर्मदेश्वर, सिंहदेवीलगायत समग्र लिखु गा.पा., खिजीदेम्बा गा.पा., चम्पादेवी गा.पा. र रामेछाप जिल्लाका लिखु-तामाकोशी गा.पा., रामेछाप न.पा.का १, २, ३, ४ वडा र उमाकुण्ड गा.पा.समेतका विद्यार्थीलाई लक्षित गरी २०६३ सालमा हामी सबै गाम्नाङवासीको सहयोग र सद्भावमा स्थापना गरिएको हो। चर्चित कविता "ओखलढुङ्गा" को माध्यमबाट समग्र जिल्लाको पहिचान देशविदेशमा विस्तार गर्ने श्रद्धेय युगकवि सिद्धिचरणको नाममा क्याम्पस स्थापना र सञ्चालन गर्न पाउँदा हामी सबै खुसी हुनु स्वाभाविकै हो।

त्यसैले यस क्षेत्रका किसान, मजदुर, शिक्षक, विद्यार्थी, राजनीतिकर्मी, व्यवसाय तथा पेसाकर्मीलगायत तमाम नागरिक तथा बुद्धिजीवीहरू एवं यस क्याम्पसमा अध्ययन गरेर देशविदेशका विभिन्न ठाउँहरूमा पुग्नुभएका महानुभावहरूलाई यस क्याम्पसको आर्थिक तथा शैक्षिकस्तर वृद्धि गर्न सघाउन हार्दिक अनुरोध गर्दछु।

लोककृष्ण भट्टराई
संस्थापक अध्यक्ष तथा संरक्षक

# मेरो भनाइ

यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले जानकारीमूलक सामग्री स्मारिकामार्फत प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस क्याम्पस स्थापना भएपश्चात हुने पठनपाठन र परीक्षालगायत भवन निर्माणसम्म भई सकेका कार्यहरू प्रशंसनीय छन् । क्याम्पसमा आबद्ध रहनुभएका सबै साथीहरूलाई म हार्दिक बधाई ज्ञापन गर्दछु ।

यस क्याम्पसका सदस्य, अभिभावक, शुभेच्छुक तथा सहयोगीहरूका लागि मात्र नभई जिज्ञासुहरूका लागि समेत जानकारीमूलक सामग्री आवश्यक थियो । प्रविधिको पहुँचमा रहेका वर्गदेखि दूरदराजका गाउँहरूसम्म सहज र सरल रूपमा क्याम्पसका विषयमा जानकारी दिन यस स्मारिका समावेश गरिएका सामग्रीहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउने मैले विश्वास लिएको छु । क्याम्पसको इतिहास, विचार र संघर्ष सम्प्रेषण गर्ने अग्रज नेतृत्वदेखि आजसम्म र भविष्यमा पनि यसले पछिल्लो पुस्तासम्म संक्षिप्त र छर्लङ्ग बनाउनेछ । क्याम्पसले शैक्षिक तथा सामाजिक परिवर्तनमा खेलेको भूमिकासमेतको प्रस्तुतिमार्फत यस स्मारिकाले क्याम्पस मात्र नभएर देशको ठूलो भेगमा एउटा आँखीझ्याल बन्न पुगेको छ। भविष्यमा अझै यस क्यम्पसलाई थप सशक्त, जिम्मेवार र विश्वसनीय बनाउन वैचारिक रूपमा साथीहरू जति योग्य हुनुपर्दछ त्यति नै अनुशासनमा प्रतिबद्ध हुनुपर्दछ। अनुशासनबिनाको शिक्षा उद्देश्यविहीन सावित हुन सक्छ।

अन्त्यमा, क्याम्पसलाई सक्रिय गराउन निरन्तर लागिपर्नुहुने क्याम्पस प्रमुख प्रेमबहादुर बस्नेतसहित स्मारिका प्रकाशनमा सहयोग गर्नुहुने सबैलाई बधाई ज्ञापन गर्दछु।

गोपालप्रसाद भट्टराई
अध्यक्ष
क्याम्पस व्यवस्थापन समिति
ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस
गाम्नाङटार, ओखलढुङ्गा

# सम्पादकीय

विसं. २०६३ सालमा स्वीकृत पूर्वी नेपालको कोशी प्रदेश ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका वार्ड नं.६ मा अवस्थित ग्रामोदय युगकावि सिद्दिचरण क्याम्पस ओखलढुङ्गा जिल्लाकै पश्चिम भेगको ऐतिहासिक शैक्षिक धरोहरका रूपमा रहेको छ। लोकतन्त्रको आगमनसँगै स्थापना भएको यो क्याम्पस हाम्रा पुर्खाहरूको त्याग, आफ्ना सन्ततिहरूप्रतिको दायित्वबोध, सुन्दर भविष्यको परिकल्पना, योजना निर्माणमा दूरदर्शिताको परिणामस्वरूप जन्मेको हो । शिशिरको कठोर अवस्थासँग जुधेर ग्रीष्मको प्रचण्ड तेजलाई सहँदै वर्षाको बाढीपहिरोबाट जोगिई अनि शरदको शारदीय शोभा र वसन्तको सौन्दर्ययुक्त सुवाससँगै रमाउँदै आज यस क्याम्पसले १८ वर्ष पूरा गरेको छ। यस पावन अवसरमा क्याम्पसले गरेका कार्य र विविध विषय समेटेर स्मारिका प्रकाशन गर्न पाउँदा हामी अत्यन्त हर्षित अनि गौरवान्वित छौँ । विभिन्न अप्ठ्यारासँग जुधेर क्याम्पसको स्थापना गरी यसलाई सुरक्षित तबरले हुर्काउनका लागि निरन्तर लागिरहने संस्थापक समूहले गर्नुभएको योगदान अतुलनीय रहेको छ। यहाँ लेखिएका थोरै शब्दले उहाँहरूको सम्पूर्ण योगदानको उल्लेख र कदर हुन सक्दैन तापनि उहाँहरूप्रति नतमस्तक हुँदै सर्वप्रथम हार्दिक कृतज्ञताका साथ आभार प्रकट गर्दछौँ। त्यस्तै विसं. २०६३ देखि २०८० सालसम्म आइपुग्दा क्याम्पसको भौतिक, आर्थिक र शैक्षिक विकासमा धेरै महानुभावहरूले योगदान पुऱ्याउनुभएको छ । त्यसैले सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित विभिन्न समितिमा आबद्ध भई योगदान पुऱ्याउनु हुने समितिका अध्यक्षलगायत सम्पूर्ण पदाधिकारी, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने महानुभावहरू, अभिभावकहरू, पूर्वविद्यार्थी तथा अध्यापक, समाजसेवी, बुद्धिजीवी, राजनीतिकर्मी एवं शिक्षाप्रेमी शुभचिन्तक महानुभावले पुऱ्याउनुभएको योगदानको कदर गर्दै हार्दिकतापूर्ण सम्मान एवं आभार व्यक्त गर्दछौं।

समयको प्रवाहसँगै परिवर्तित शिक्षा नीति र प्रणालीहरू अवलम्बन गर्दै शैक्षिक उन्नयनतर्फ क्याम्पस अग्रसर भइरहेको छ । युग सुहाउँदो गुणात्मक शिक्षा प्रदान गर्नतर्फ यस क्याम्पसलाई क्रियाशील गराउनु आजको आवश्यकता हो। यस क्षेत्रको शैक्षिक समुन्नतिका लागि र दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रारम्भ गरिएको उच्च शिक्षाको राम्रो व्यवस्थापन गर्न सकेमा वर्तमान युगसापेक्ष उच्च शैक्षिक जनशक्ति उत्पादन गर्न सकिनेछ।

क्याम्पसले जीवनोपयोगी शिक्षा प्रदान गर्दै उच्च शैक्षिक जनशक्ति उत्पादन गर्नका लागि एक आदर्श नारा "नमुना क्याम्पस गुणस्तरीय शिक्षा, दक्ष जनशक्ति हाम्रो प्रतिबद्धता" तय गरेको छ। यसै नारालाई आत्मसात् गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने बाटोमा हिँड्नु आजको आश्यकता हो । समाज रूपान्तरण गर्नका लागि सबैले एकपटक विगतको इतिहासलाई नियाल्नुपर्छ । २०६३ सालदेखि हालसम्मको क्याम्पसको इतिहास हेर्दा क्याम्पसले राष्ट्रिय र अन्तर्राष्ट्रिय कीर्ति आर्जन गर्न सफल व्यक्तित्वहरू जन्माएको देखिन्छ। प्राध्यापक, शिक्षक, प्रशासकजस्ता गरिमामय पदमा रही राष्ट्र र जनताको सेवामा सदैव क्रियाशील हुने यस क्याम्पसका पूर्वविद्यार्थीहरू यो राष्ट्रका अमूल्य निधि बनेका छन्। हाम्रा पूर्वविद्यार्थीले निजामती सेवा, सैनिक सेवा, प्रहरी, स्वास्थ्य, चित्रकला, साहित्य, राजनीति, कानुन तथा न्याय, उद्योग वाणिज्य, विद्युत्, पुरातत्त्व, सडक, यातायात, सञ्चार, पत्रकार, परराष्ट्रलगायत क्षेत्रका उच्च ओहदामा पुगेर सेवा प्रदान गर्नु हामी सबैको गौरवको विषय हो।

क्याम्पस स्थापनादेखि हालसम्मका केही ऐतिहासिक शैक्षिक र आर्थिक पक्ष समावेश गरी वर्तमानमा अध्ययनरत छात्रछात्रा, अभिभावक, शिक्षक, समितिका पदाधिकारी र स्थानीय समाजसेवीलाई विगतको इतिहासबाट प्रेरणा र प्रोत्साहनार्थ ग्रामोदय स्मारिका २०८० प्रकाशन कासेढुंगो भएको छ। स्मारिकामा विषयगत अनुसान्धानमूलक लेख, विषयगत साधारण लेख, साहित्यिक लेखरचना र अन्य ज्ञानवर्द्धक सामग्री समावेश छन्। यस स्मारिकामा प्राप्त लेखरचनालाई भाषिक माध्यमका हिसाबले दुई खण्डमा मूल विभाजन गर्दै प्रत्येक खण्डलाई पुनः ४/४ उपखण्डमा वर्गीकरण गरिएको छ। लेखरचनालाई हाम्रो सुविधाका लागि लेखकको पहिलो नामको वर्णानुक्रममा राखिएको छ। यस क्रममा केही कुरा तलमाथि भई त्रुटि हुन गएकोमा क्षमाप्रार्थी छौँ ।

मानव विकासमा शिक्षाको महत्त्वपूर्ण स्थान हुन्छ। शिक्षा चेतना विकास, व्यवहार सुधार र सामाजिक उन्नतिको आधार हो। शिक्षाले सैद्धान्तिक र व्यावहारिक रूपमा राष्ट्रिय समृद्धिको आधार तयार पार्छ। गुणस्तरीय शिक्षा आय आर्जनका अतिरिक्त वैयक्तिक विकास र मुलुकको लक्ष्य पनि हो। शिक्षाका राष्ट्रिय उद्देश्यको प्राप्तिका लागि शैक्षिक गतिविधिलाई साधन र साध्य दुवैका रूपमा उपयोग गर्न सक्दा युवा जनशक्तिले आफ्नै परिवेशमा रोजगारी र स्वरोजगारीका अवसर प्राप्त गर्न सक्छन्। व्यक्तिका अनुभवलाई आधार बनाएर कुनै उपलब्धि, समस्या वा समाधानका विविध पक्षका बारेमा लेखिएका विचारात्मक प्रस्तुति, अभिलेखन वा प्रकाशन वर्तमान र भविष्यका लागि मार्गदर्शक प्रस्तुति बन्न सक्छन्। यस्ता कुरा शैक्षिक पाठ्यक्रम, तालिम पाठ्यक्रम र शिक्षाका नीतिगत दस्तावेजमा पनि समेटिनुपर्छ। शिक्षामा सबैको समावेशी पहुँच सुनिश्चित गर्न र शिक्षालाई गुणस्तरीय, व्यावहारिक तथा रोजगारमूलक बनाउन प्राप्त स्रोतसाधनको परिचालन, सहजीकरण तथा शैक्षिक सूचना प्रवाह गर्ने दिशामा यो क्याम्पस प्रयत्नशील रहेको छ। सामयिक प्रकाशनमार्फत लेखकका गहनतम् विचार शिक्षा क्षेत्रका विशेष अभ्यास र अनुभूतिलाई निरन्तरता दिने क्याम्पसको प्रयास स्वरूप शैक्षिक स्मारिका तयार पारिएको छ। यसमा समावेश हुने विचार र विश्लेषण वैयक्तिक हुने भए पनि यिनले सरोकारवालामा विशेष महत्त्व राख्छन्। लिखु खोला क्षेत्रमा शिक्षाको दीप जलाएर त्यसलाई निम्नबाट जोगाइराख्ने र अझ उज्ज्वल ज्योति छर्दै क्याम्पसलाई १८ वर्षे सोपान चढाउने सम्पूर्ण महानुभावप्रति सम्मान प्रकट गर्दछौँ। हाम्रो अथक प्रयास भविष्यमा समेत फलदायी हुन सकोस्। यो क्याम्पस लिखुजस्तै पवित्र, हिमालजस्तै उच्च, आकाशजस्तै निर्मल र शैक्षिक उन्नयनको केन्द्र बनिरहोस्।

अन्त्यमा, यस स्मारिकाका लागि आफ्ना अमूल्य लेखरचना उपलब्ध गराउनुहुने सबै विद्वान् लेखक, समीक्षक तथा अनुसन्धानकर्ता, स्रष्टाहरू, सम्पादनमा सहयोग पुऱ्याउनुहुने, छपाइका लागि सल्लाहसुझाव दिएर निरन्तर सहयोग गर्नुहुने प्राज्ञिक व्यक्तित्व प्रा.डा. भूपप्रसाद धमला र स्मारिकाका लागि अमूल्य लेखरचना उपलब्ध गराउनुहुने सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ। आगामी दिनमा यस प्रकाशनलाई अझ उपयोगी बनाउन पूर्वविद्यार्थी, पूर्वशिक्षक, व्यापारी, बुद्धिजीवी, समाजसेवी, राजनीतिकर्मी एवं यो स्मारिका प्रकाशन गर्न तन, मन, धनबाट सहयोग पुऱ्याउनुहुने महानुभाव, क्याम्पस सञ्चालन समितिका अध्यक्षलगायत पदाधिकारीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। स्मारिका कस्तो बन्यो, कुशल समीक्षक पाठकवर्ग नै हुनुहुन्छ। सबैबाट सकारात्मक सुझावको अपेक्षा गर्दै यसमा देखिएका मानवीय त्रुटिप्रति क्षमाप्रार्थी छौँ। नव वर्ष २०८१ सबैका लागि प्रेरणादायी र उपलब्धिपूर्ण बनोस्। अस्तु।

# विषय सूची


| **विषय** | **लेखक** | **पृष्ठ** |
|---|---|---|
| **नेपाली खण्ड** | | |
| ***विषयगत अनुसन्धान लेख*** | | |
| *जेल जर्नल* पढेपछि | प्राध्यापक खगेन्द्रप्रसाद भट्टराई | १ |
| ***विषयगत साधारण लेख*** | | |
| राज्यले "म" बदलिन चाहिने शिक्षा कहिले ल्याउँछ ? | अर्जुन सेन ओली | १० |
| गणित चिरफार | आनन्द कार्की | १४ |
| समालोनात्मक चिन्तन सिद्धान्तदेखि व्यवहारसम्म | एस. भट्टराई | २१ |
| गौरव गरिमाले सजिएको गाम्नाङ | कमलप्रसाद न्यौपाने | २४ |
| लिखु क्षेत्रको ज्योति ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस | कुमार काफ्ले | २७ |
| जन्मभूमिमा कर्म गर्दाका साढे तीन वर्ष... | कृष्ण भट्टराई | ३२ |
| खस्कँदो सामुदायिक शिक्षा : बेखबर सम्बद्ध पक्ष | गोकर्णप्रसाद लम्साल | ३५ |
| गृहकार्यका सकारात्मक र नकारात्मक पक्षहरू | डुकेन्द्रबहादुर खड्का | ३९ |
| प्राविधिक शिक्षाको महत्त्व | प्रज्ञा भट्टराई | ४३ |
| शिक्षामा हिजो, आज र भोलिको अवस्था | प्रेम बहादुर बस्नेत | ४४ |
| शिक्षामा सूचना तथा सञ्चार प्रविधि | मणिकुमार कटवाल | ४७ |
| विद्यालय शिक्षा व्यवस्थापनका समस्या र समाधान | सुवास पौडल | ४९ |
| ***सिर्जनात्मक लेख रचना*** | | |
| बुढो शिक्षकको डायरी | जीवन आरोही | ५६ |
| स्मृतिमा ग्रामोदय र गाम्नाङटार | नारायण सुवेदी | ५७ |
| हाम्रो प्रकृति, हाम्रो संस्कृति | निर्मला श्रेष्ठ | ५८ |
| मभित्रको ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस | पदम थापा | ५९ |

| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| हाम्रो विगत र वर्तमान अवस्था | वासुदेव गौतम | ६१ |
| कवि सन्देश | विशाल भट्टराई | ६२ |
| **English Secction** | | |
| ***Research Articles*** | | |
| Devkota's Muna Madan and Feminine Representation | Giriraj Dahal | 65 |
| An Outline of Feminism Jurisprudence: Phases and Approaches from Nepalese Perspectives | Lokindra Hari Bhattarai | 71 |
| Plant nutrients and the importance of plant health clinics in the detection of nutrient disorders | Saurav Marahatta | 85 |
| ***General Articles*** | | |
| Teacher's Reflection on Opportunities and Challenges of Using ICT | Hari Bahadur B.K | 91 |
| Economically Important Pathogen ***Sclerotium rolfsii:*** Hosts, Disease Cycle and Major Control Measures | Hom Prasad Sitaula | 95 |
| Differences between High School Education and College Education: An Experience | Shyam Babu Bhattarai | 100 |
| ***विविध (क्याम्पसको वार्षिक प्रगति प्रतिवेदन)*** | | |
| आ.व.२०७९/२०८० को वार्षिक प्रगति विवरण | | १०२ |

# नेपाली खण्ड

# जेल जर्नल पढेपछि

प्रा. खगेन्द्रप्रसाद भट्टराई
पूर्व उपकुलपति पोखरा विश्वविद्यालय

विश्वेश्वरप्रसाद कोइराला (बीपी) द्वारा लिखित *जेल जर्नल* मैले दोस्रो चोटि पढेर सिध्याएं। पहिलो चोटि, धेरै अगाडि यो पुस्तक बजारमा आउनेबित्तिकै, २०५४ सालतिर पढेको थिएँ। त्यति बेला समयको अभाव थियो। हतारमा पढेको थिएं। यसपालि दराजमा हेर्दैजाँदा *जेल जर्नल*मा मेरा आँखा पऱ्यो र फेरि पढ्ने इच्छा मेरो मनमा जाग्यो। अहिले मलाई हतारमा पढ्नुपर्ने अवस्था छैन। समय छ। त्यसैले पुस्तक विस्तारै केलाएर पढेँ। केही दैनिकी पढ्नलाई समस्या छैन, धेरै समय लाग्दैन तर केही दार्शनिक चिन्तन र तर्कमा आधारित व्याख्या-विश्लेषण पढ्न भने समय लाग्दछ। त्यस्ता कुराले दिमागको राम्रो कसरत हुन्छ र बौद्धिक खुराक मिल्दछ।

यो पुस्तक *जेल जर्नल* लाई "दिन पञ्जी" पनि भनिएको छ। यी दुवै नाउँ बीपीले नै दिएका हुन्। यो "दिन पञ्जी" बीपीले २०१७ सालमा राजा महेन्द्रले उनलाई सत्ताच्युत्त गरेर सुन्दरीजल बन्दीगृहमा राखेको अवस्थामा लेखेका हुन्। यसलाई राम्रोसँग पढ्दा बीपीको बहुआयामिक व्यक्तित्व बुझ्नका लागि ठूलो मद्दत पुग्दछ। पढ्दा उनको राजनीतिक, साहित्यिक, दार्शनिक, पारिवारिक तथा सामाजिक व्यक्तित्व बुझ्न सकिन्छ। उनको दृढता, साहस, नैराश्यता, कुण्ठा, आशा-निराशा, जीवन तथा ईश्वरप्रतिको दृष्टिकोण पढ्न पाइन्छ। राजाप्रतिको दृष्टिकोण, राष्ट्रियता, राष्ट्रियताबारेको अठोट, प्रजातन्त्रप्रतिको अटल विश्वास, नेपालीको सुख र नेपालको साँचो विकासको बारेमा उनको विचारसँग परिचित हुन पाइन्छ। बीपी अत्यन्तै विश्लेषण क्षमता भएका व्यक्ति थिए। उनी कुनै पनि घट्ना, वस्तु वा व्यक्तिको बारेमा राम्रो विश्लेषण गर्दथे। तिनीहरूको भित्री अन्तरकुन्तरमा पसेर चिरफार गर्नसक्दथे।

बीपी राजनीतिक व्यक्तित्व मात्रै नभएर साहित्यकार पनि हुन्। तर उनको राजनीतिक व्यक्तित्वले साहित्यिक व्यक्तित्वलाई थिचेको छैन। राजनीतिक तथा साहित्यिक व्यक्तित्वले छुट्टाछुट्टै आफ्नो पहिचान दिन्छन्। एकले अर्कोमाथि हस्तक्षेप गरेको पाइँदैन। साहित्यिक व्यक्तित्वको कुरा गर्दा उनलाई धेरै जसोले कथाकार तथा उपन्यासकारको रूपमा चिन्दछन्। तर उनको "*जेल जर्नल*" मात्रै पढ्दा पनि उनी आख्यानकार त हुन् नै, उनी समालोचक र कवि पनि त्यतिकै हुन्। कुनै पनि पुस्तकलाई उनी केलाएर हेर्छन् र त्यसको गुण-अवगुण, असल-खराब पक्षलाई सशक्त रूपमा काव्यात्मक शैलीमा अभिव्यक्ति दिन्छन्।

*जेल जर्नल* मा बीपीले आफ्नो हृदय र मस्तिष्कलाई खुला रूपमा राखिदिएका छन्। उनी आफ्नो अभिव्यक्तिमा अत्यन्तै इमानदार छन्। केही पनि कुरा लुकाएका छैनन्- असल खराब दुवै। आफ्ना बारेमा खुलस्त छन्। यस्तो इमानदारी ठूलै राजनेता तथा साहित्यकारमा पनि मुस्किलले पाइन्छ। यसका लागि साहसको आवश्यकता पर्दछ। बीपीमा सत्य बोल्ने साहस थियो। इमानदारी थियो।

२०१५ सालको चुनावमा बीपीको नेतृत्वमा नेपाली काँग्रेसले दुई-तिहाई मत प्राप्त गर्न सफल भयो। बीपी

मुलुकको पहिलो निर्वाचित प्रधानमन्त्री भए । उनी प्रधानमन्त्रीमात्र नभएर अत्यन्तै लोकप्रिय नेताको रूपमा देखा परे । विकासको खाका कोरे । तर राजा महेन्द्रले अचानक २०१७ साल पौष १ गते बीपीको निर्वाचित सरकारलाई विघटन गरी उनलाई सुन्दरीजल कारागारमा कैद गरे । प्रजातान्त्रिक प्रणालीको अन्त्य गरी निर्दलीय पञ्चायती व्यवस्था शुरु गरे । सायद उनलाई, उनको उच्च महत्त्वाकांक्षाले होला, लोकतान्त्रिक प्रणाली र बीपीको प्रसिद्धि रुचिकर भएन ।

बीपी सुन्दरीजल कारागारमा करिब आठ वर्ष  बसे । आफूले केही गल्ती नगरेको अवस्थामा राजाले उनको सरकारलाई विघटन गरी लोकतान्त्रिक व्यवस्थाको अन्त्य गरेकामा बीपीलाई ठूलो अन्याय भएको महसुस भयो । उनले कारागारबाट राजाको निरंकुशताको विरोध गरी नै रहे । लोकतन्त्रको पक्षमा आफ्नो आवाज बुलंद गरिरहे । उनी नेपालको सन्दर्भमा राजतन्त्रको महत्त्व छ भन्थे तर निरंकुश राजतन्त्रले देशको विकास हुँदैन भन्ने कुरामा उनको अटल विश्वास थियो । उनले राजासँग माफी मागेको भए सायद उनी त्यति धेरै वर्ष कारागारमा बस्नुपर्दैन थियो होला तर उनले त्यसो गरेनन् । लोकतन्त्रको पक्षमा तथा आत्मसम्मानको पक्षमा उनको अडान अटल रह्यो । राजाको बारेमा यस पञ्जीमा विभिन्न ठाउँमा उनले आफ्ना भनाइ राखेका छन् :

> डा. गिरी भन्थे कि राजा मसँग ईर्ष्या गर्छन् रे । किन ? म देशका लागि राजाको आवश्यकताको पक्षपाति - मसँग ईर्ष्या र डाहा किन ? - म उनीसँग तर्क गर्थें । मेरो अझ पनि विश्वास छ - व्यक्तिगत दृष्टिबाट मलाई जतिसुकै कष्ट पुगोस्, अथवा मेरो आस्थामा जत्रो ठूलो चोट पुगेको होस्, पौष १ को घटनाले ममाथि जस्तो ठूलो विश्वासघात गरिएको होस् - कि देशमा राजा र सदन दुवैको राम्रो सम्बन्ध भएको प्रजातान्त्रिक प्रणालीको आवश्यकता छ (पृष्ठ २१) ।

फेरि राजा (महेन्द्र)को बारेमा बीपी भन्दछन् :

> राजाले एकतन्त्री हुकुमी शासनको आजकाल बारम्बार प्रमाण नकचरो किसिमबाट स्वयं राजाले दिईराखेका छन् । आफ्नो ससुरालाई अस्ति (हरिशम्शेर) फिल्डमार्सल बनाए - क्यालिगुलाले आफ्नो प्रिय घोडालाई सिनेटर र फरुख (इजिप्टको राजा) ले आफ्नो भान्सेलाई प्राइममिनिस्टर हो कि मिनिस्टर बनाएको सम्झना हुन्छ (पृष्ठ ९८) ।

क्यालिगुला रोम साम्राज्यका एक निरंकुश सम्राट थिए ।

बीपी फेरी भन्छन् : “राजतन्त्रको स्वीकार्य रूप अरु जस्तो भए पनि, तानाशाही रूप कदापि होइन” (पृ. ११२) ।

राजा बीपीबाट के चाहन्थे भन्नेबारेमा बीपी भन्छन् :

> नैतिक दृष्टिबाट राजाको उद्देश्य हामीलाई भाँच्नु छ माफी मगाएर । राजनीतिक कुरालाई पन्छाएर राखे पनि यदि हामी यातना खप्न नसकेर माफी माग्न गयौं भने नैतिक भावनालाई यत्रो ठूलो आघात पर्नेछ कि जीवन पर्यन्त हामी आफैंलाई धित्कारी रहनेछौं । असम्मानको जीवनभन्दा सम्मानयुक्त मृत्यु हामीलाई मन पर्छ । हाम्रो यो यातना सम्मानको रोजाइ हो (पृष्ठ १३९) ।

बीपी आफ्नो स्वाभिमानको कुनै अवस्थामा पनि सौदा गर्न तयार थिएनन् ।

राजाले बीपी लाई जतिसुकै यातना दिए तापनि बीपी ले राजासँग बदला लिन चाहेनन् । उनी भन्छन्, "राजालाई यदि परास्त गर्ने स्थितिमा आइपुगेका छैनौं भने बदला लिने कुरै उठ्तैन, र यदि परास्त गरेर अधिकारमा आइयाछ - तब मात्र बदला लिने स्थितिमा आफू हुइन्छ - भने बदलाको भावना निरर्थक हुन्छ, एउटा छुच्चो तुच्छपन मात्रै । हारेकोसँग के बदला" (पृष्ठ १५५) ?

## राजनीतिक पक्ष

संघर्ष या आन्दोलनमा विजय प्राप्त गर्नु राम्रो कुरो हो तर बीपीको विचारमा आन्दोलनमा सधैं विजय हासिल हुन्छ भन्ने छैन । विजय सुनिश्चित नभएको अवस्थामा पनि कर्तव्य प्रेरणाले आन्दोलन गर्नुपर्दछ । उनी भन्छन् :

> विजय नै कुनै पनि आन्दोलनको justification हो भन्ने सिद्धान्तले त राजनीतिक Action (कार्य) को प्रेरणा मानवहृदयबाट लोप भएर जान्छ । धैरै स्थलमा परिणामको परवाह नै नगरी भविष्यले आफूले निर्धारण गरेको लक्ष्यको मार्गमा अग्रसर हुनुपर्दछ, कहिलेकाहीं त परिणाम अनिवार्यतः पराजय छ भन्ने ज्ञान हुँदाहुँदै पनि कर्तव्य प्रेरणाले त्यस्तो कार्यमा पनि जाइलाग्नु पर्दछ मानिस (पृष्ठ ८९) ।

बीपी एकतन्त्रमा या कुनै पनि किसिमको निरंकुशतन्त्रको विरोधी थिए । उनी अनेकतामय सहअस्तित्वमा विश्वास गर्दथे र व्यक्तिको व्यक्तित्व विकासका लागि प्रजातन्त्रलाई अनिवार्य ठान्दथे । प्रजातन्त्र र एकतन्त्रको बारेमा आफ्नो विचार यसरी राख्दछन्, बीपी :

> एकतन्त्रमा विरोधीको नष्ट - सम्पूर्ण संहार - अपेक्षित हुन्छ; विरोधी तत्त्वसँग त्यसको सहअस्तित्व सम्भव छैन । र एकतन्त्रमा जीवनको दर्शन उग्रवादपट्टि ढल्केको हुन्छ - (Extremism) चरमवाद, उग्रवाद, परमवाद, अतिवाद । त्यसमा जीवनलाई भिन्नता या वैचित्रयको रूपमा देख्ने प्रवृत्ति हुन्न; एकरूपतामा देख्छ त्यसले जीवनलाई । ... सन्धि गर्दैन त्यसले - हार्छ या हराउँछ; सल्लाह गर्दैन त्यसले, आदेश मात्र दिन्छ या आदेश पालना गर्दछ । प्रजातन्त्र ठिक त्यसको विपरीत छ । म यदि प्रजातन्त्रवादी छु भने मेरो सबभन्दा पहिला विश्वास हुन्छ जीवनको अनेकतामय सत्यमा । सत्यको विभिन्न पक्ष हुन्छ भन्ने व्यक्ति मात्र प्रजातन्त्रको साँचो अनुगामी हुन्छ र यदि विभिन्न पक्षीय दृष्टिकोण भएको जीवन दर्शनमा त्यसको आस्था छ भने विरोधी पक्षमा पनि सत्य होला भन्ने उसको विश्वास हुन्छ । ... छलफल, सल्लाह, मशविरा, वादविवादबाट सम्झौताको निष्कर्षमा त्यो पुग्छ । त्यसको जीवन दर्शन उदारवादतिर ढल्केको हुन्छ । यदि हामीले प्रजातन्त्र ल्याउने हो देशमा भने बदलाको भावनालाई त चटक्क छाडिदिनुपर्दछ (पृष्ठ १५४ - १५५) ।

मुलुकमा प्रजातन्त्रको स्थापना तथा पुनःस्थापनाका लागि नेपाली काँग्रेसले बन्दुक उठाउने निर्णय गरेको भए तापनि बीपी अहिंसामा नै विश्वसा गर्दथे । उनी भन्छन् - "क्रान्तिमा हिंसाको बाटो सजिलो हुन्छ । हामीले यो बाटो रोज्नु हुन्न सजिलो छ भनेर" (पृष्ठ ४३) ।

## पूर्वीय र पश्चिमी चिन्तन पद्धतिप्रति बीपीको धारणा

बीपीले पूर्वीय र पश्चिमी दार्शनिकहरूको चिन्तन पद्धतिको बारेमा आफ्नो दृष्टिकोण राखेका छन् । उनको विचारमा पूर्वीय र पश्चिमी दार्शनिकहरूले विवेचनामा भिन्नता आस्तिकता (आध्यात्मिकता) र नास्तिकता

(भौतिकता) को पारस्परिक विरोधी कुराले नभएर उनीहरूको समस्याप्रतिको (Approach) प्रवेशपथको भिन्नताले हो भन्छन् । पूर्वीय दार्शनिकहरूको तर्क प्रणाली अन्तर्वोधिक अन्तरज्ञानी हुन्छ भने पश्चिमी दार्शनिकहरूको तरिका बौद्धिक र विश्लेषणात्मक हुन्छ । भारतमा दर्शनको प्रादुर्भाव आश्चर्य र कौतुहल भएन पश्चिममा जस्तो । यसको प्रादुर्भाव नैतिकताबाट हुन गयो । पश्चिमी दर्शनको आधार कौतुहल भएकोले (Neutral) निरपेक्ष र वैज्ञानिक छ । भारतीय दर्शनहरूले दर्शनको प्रारम्भ नै नैतिक प्रश्नलाई लिएर गरेको हुनाले जीवनको कुरूपतालाई मानियो र उनीहरूको नीति तटस्थताको नीति रहेन । पापको भावनाले उनीहरूलाई छाड्न सकेन जुन वैज्ञानिक विचार पद्धति होइन (पृष्ठ ११५-११६) । आध्यात्मवादमा हिन्दुको मुक्ति, बुद्धको निर्वाण र क्रिस्चियनको त्राण या मोचन परम लक्ष्य मानिएको कुरा उल्लेख गर्दछन् र बीपी अगाडि लेख्छन् :

> मुक्तिको युक्तायुक्त परिणाम हो - शेष हुनु जसलाई बुद्धले ज्यादा तर्क संगतिद्वारा निर्वाण (निभ्नु) भनेका छन् । तापको शेष हुनु निभ्नु हो । आगोको शेष निर्वाण हो । जीवनको शेष मुक्ति । जीवनमा निहित समस्याको समाधान यसरी अध्यात्मवादीहरू जीवनको शेषद्वारा गर्न चाहन्छन् । कपाल दुखेको औषधि शिरच्छेदन हो भने जस्तो । यद्यपि मुक्तिको रूप उनीहरू थोपाको सागरमा लय हुनुजस्तो चित्रित गर्छन् । यदि थोपाको सागरको व्यापकतामा मिस्सिनु एउटा परम सत्य हो भनी स्वीकार गरे पनि - यसलाई स्वीकार गर्न पनि बुद्धिमाथि ठूलो अत्याचार गर्नुपर्दछ । यो महाप्लावन (Dilution) मा थोपाको जीवन त रहेन । हामीले समस्याको त जीवनमूलक समाधान खोज्नुपरेको छ - थोपाको समस्याहरूका समाधान त्यस थोपाको अस्तित्वमै खोज्नुपरेको छ । त्यस थोपालाई लोप गराएर पाइया समाधान, हाय, थोपालाई काम लाग्दैन । ... अध्यात्मवादले यही काम गरेको छ - मानवलाई जीवनका प्रति विमुख पार्नु र मृत्युपक्षीय तुल्याउनु (पृष्ठ १२१-१२२) ।

## ईश्वरबारे बीपी

ताराशंकर वन्दोपाध्यायको *सप्तदपि* पढेर लेखकसँग बीपी असहमति जनाउँछन् । ताराशंकरको ईश्वरप्रतिको समर्पणमा बीपीको विश्वास छैन र उनी भन्छन् :

> ताराशंकर भन्छन् - ईश्वरको तपस्था हो मानव जीवन, जुन अग्निकुण्डमा मनुष्य समाधिको रूपमा होमिन्छन् । तर सत्य ? ईश्वरको तपस्या कसरी हुन गयो मानव जीवन ? किन हामीमा तर्क, बुद्धि र प्रारम्भिक नैतिक भावनाको विरुद्ध यो मौन ? कि हामी केवल समाधि हौं ? ईश्वरको तपस्याको लक्ष्य के ? कुन महान् लक्ष्यका लागि जीवनको अग्निकुण्डमा लाखलाख प्राणीलाई स्वाहा गरिन्छ ? (पृष्ठ ४०)

बीपीले ईश्वरको अस्तित्वलाई स्विकारेका छैनन् । ईश्वरले न्याय गर्छ भन्ने कुरामा उनको विश्वास छैन । ईश्वर प्रकृतिको तमाम शक्तिको समष्टि रूप हो भन्ने हो भने पनि उनी भन्छन् यो प्राकृतिक शक्ति अन्ध छ । उनी भन्छन् - “प्रकृति विकट शक्ति सम्पन्न छ, तर स्वयं यो बन्दी छ भौतिक नियमहरूको र त्यसमा चेतनाशून्य छ । एक प्रकारको नपुंसकताले अशक्त - मध्यकालीन बादशाहहरूका दरबारका नपुंसक प्रहरीजस्ता” (पृष्ठ १७६-१७७) ।

## गीताको सन्देश र बीपीको दृष्टिकोण

बीपी कर्ममा विश्वास गर्दथे र कर्मको फल जीवन सुधार्नका लागि हुनुपर्दछ भन्थे । फलबिनाको कर्म निरर्थक छ उनको दृष्टिमा । कर्मले यो जीवनलाई सुख दिनुपर्छ न कि मृत्युपछिको जीवन, जुन अनिश्चित छ । मृत्युपछिको जीवन कसले जानेको छ र ? त्यसैले उनी गीताको कर्मयोग दर्शनलाई मान्दैनन् । उनी भन्छन् ः

> आजकाल जुन गम्भीर स्थितिमा म परेको छु र जसले मलाई पनि जीवनको तात्त्विक प्रश्नहरूका उपर विचार गर्न कर लगाइरहेको छ, त्यसमा मलाई गीताको कर्मयोग दर्शन खोक्रोपन स्पष्ट हुँदै गइरहेको छ । ... कर्ममा किन कामना छैन भन्ने ? कर्मको वाहन शक्ति (Driving Force) कामना हो जसलाई (Passion) भने पनि हुन्छ । ... मुख्यतः प्रश्न नैतिक छ । समस्या छ असल खराब छुट्याउने । गीतामा यसको उल्लेख छैन । केवल यति भनेको छ - गर्ने गराउने म हुँ (ईश्वर हो), मानिस त निमित्त मात्र हो । असल खराब छुट्याउने काम छैन मानिसलाई । फल प्राप्ति त्यागेर काम गर्ने जिम्मा मात्रै मैले (ईश्वरले) दियाछ मानिसलाई । गीताले ठूलो मनोवैज्ञानिक सत्यता प्रतिपादन गरेको छ कि (Passion) रहित गरेको काम ज्यादा सफल र (Effective) हुन्छ, आवेगमा आएर गरेको भन्दा । ठिक हो, तर खराब र असल कामको विभेद निर्धारण नगरीकन कामका संबन्धमा अरु कुरा भन्नु घोडाको अगाडि बग्गी राखेको जस्तो हो । ... जबसम्म त्यसले (मानिसले) आफ्नो शक्तिको प्रयोगको लक्ष्य निर्धारण गर्दैन उसको शक्ति सम्पन्नता अर्थहीन हुन्छ, र यदि शक्ति प्रयोगका लक्ष्य निर्धारण नगरेर कार्यमा यदि त्यो प्रविष्ट हुन्छ भने उसको शक्ति सम्पन्नताको खतरा पनि उत्तिकै मात्रामा भयंकर र अनन्त हुन्छ” (पृष्ठ २०४/२०५) ।

उनी थप्छन् ः

> हिन्दू दर्शन मूलतः अपार्थिव दर्शन हो (God Oriented) तथा परमात्मामा स्थापित । यसको लक्ष्य जीवन नभएर मोक्ष छ । तसर्थ यसको दृष्टिमा त्यस्ता सबै काम असल हुन् जसले परमार्थ (मोक्ष) सपार्दछ । यस्तो दर्शनमा शरीर र आत्मा - संसार र परमार्थ, जीवन र मोक्ष द्वन्द्व निहित छ र यस द्वन्द्वमा आत्मा, परमार्थ, जीवन र मोक्ष निहित छ साथै संसार र शरीर तत्त्वको (Depreciation) मूल्याप्कर्षण पनि । ... हिन्दू दर्शन तसर्थ (Amoral) छ । असल कार्य तथा खराब कार्यको विवेचना संसारको स्त्तरमा यसले गर्दैन । ... निष्काम कर्मको दर्शनमा अर्को असंगति छ । या त यो भन्नुपर्छ कि कर्म गर्नलाई गर्नुपर्छ (Action for action’s sake) । त्यसको अर्को कुनै लक्ष्य छैन । यस्तो तर्क युक्तिसंगत लाग्दैन, किनभने हेतुरहित कार्य निरर्थक भएकोले त्यसमा मानिस किन प्रवृत्त हुने ? र यदि कार्यको कुनै हेतु लक्ष्य छ भने लक्ष्य प्राप्तिमा सफलता या विफलताको प्रभाव मानिसमा पर्छ पर्छ । ... त्यसो हुनाले निष्कामको अर्थ निष्कर्म हो या त्यो एउटा निरर्थक शब्दाडम्बर हो” (पृष्ठ २०५-२०६) ।

बीपी यसै जीवनका लागि दर्शन चाहिएको कुरा जोडदार रूपमा गर्दछन् - “बाँच्नका लागि दर्शन चाहिएको छ मर्नका लागि होइन” (पृष्ठ २०७) ।

## अध्ययन सम्बन्धमा बीपी

बीपी किताब पढ्न असाध्यै रुचाउँथे र कुनै पनि नयाँ पुस्तक पढ्नुभन्दा पहिले मानसिक रूपले आफूलाई तयार पार्दथे । किताबको केस्रा केस्रा भित्र पसेर त्यसका पक्षहरू केलाउँथे । उनी भन्छन् - “हिजो घरबाट आएका

किताबहरूलाई सुम्सुम्याएँ, नयाँ किताब तरुणी हुन्, तिनमा आफूलाई चुर्लुम्म पार्नुभन्दा पहिले तिनीहरूलाई सुम्सुम्याउनुपर्दछ, यताउति उल्टाई-पल्टाई हेर्नुपर्छ, एउटा आशा र उत्कण्ठाको सरसरी नजर माथिदेखि तलसम्म हाल्नुपर्छ, यसो सुँघ्नुपर्छ" (पृष्ठ २८) ।

बीपीले पुस्तक आफ्नो ज्ञान आर्जन र विचार परिमार्जनका लागि पढ्थे नै, साथै पुस्तक अध्ययनको उद्देश्य आफ्नो भाषा परिमार्जनका लागि पनि हुन्थ्यो । Theme मन नपरेर पनि उनले भाषाको लालित्यको लोभमा पुस्तक पढेका छन् । संस्कृत भाषाको अध्ययन पर्याप्त मात्रामा गर्न नपाएको कुरा पनि एक ठाऊँमा उल्लेख छ । संस्कृतको अध्ययनले आफ्नो अभिव्यक्ति गहन र ओजिलो हुन्छ भन्ने उनलाई लागेको थियो । साथै उनी भाषा र भावको बीचमा समन्वय अत्यन्त आवश्यक छ भन्ने कुरामा चनाखो छन् । उनी भन्छन् - "भाषा त्यस्तो खुँडाको धार हो जस उपर लेखकले बडो संयमका साथ चल्न सिक्नुपर्दछ; भाषा न भै भावको अभिव्यक्ति हुन सक्दैन । तर भाषाले कहीं उछिन्न पुग्यो भने त्यो एउटा निरर्थक ध्वनि मात्र हुन्छ । भाषा र भावलाई लेखकले आफ्नो कलमको जुवामा जोख्न सक्नुपर्छ" (पृष्ठ १३८) ।

लेख्दा र पढ्दाको अन्तरबारे बीपी भन्छन् :

> पढ्नभन्दा लेख्न गाह्रो - किनभने पढ्दा उति बौद्धिक संगठन सावधानीले आवश्यक पर्दैन, लेख्दा भने बुद्धिलाई चंख राखेर त्यसको राम्रो संगठन गर्न सक्नुपर्छ । पढ्दा बुद्धिमा चेतना सतहलाई मात्र जागृत राखे पुग्छ - तर लेख्दा सतहको असुप्तावस्थाले मात्र पुग्दैन । केही न केही गहिरोपन यसका लागि आवश्यक हुन आउँछ । मुख्य कुरा, विचारको संगठनको जरुरत पर्छ लेख्दा" (पृष्ठ ३५) ।

लेखनको बारेमा फेरि बीपी भन्छन् - "कहिलेकाहीं त प्रारम्भ गरेको कथाले त्यसको अन्त्यसम्म पुग्दापुग्दै भिन्न रूप लिन्छ । मनमा जुन कुरा लेख्छु भनेर बस्यो, लेखेर उठ्दा अर्कै कुरा लेखिएको हुन्छ । मलाई थाहा छैन अरुलाई पनि यस्तै हुन्छ कि हुँदैन" (पृष्ठ ३२) ।

कतिपय ग्रन्थहरू बीपीले आफ्नो भाषामा सुधारका लागि अध्ययन गरे । उनी लेख्छन्, "मेरो आफ्नो भाषाको सुधार र त्यसमा सशक्तता ल्याउनका लागि संस्कृत ग्रन्थहरूको अध्ययन मेरो लागि जरुरी छ । पहिले मैले समयमै यसपट्टि ध्यान दिनुपर्ने" (पृष्ठ ९५) ।

## आफ्नै भाषाको बारेमा बीपी

बीपीको भाषामा मिठास छ, आकर्षण छ, लालित्य छ । धेरै ठाउँमा यस पुस्तकमा काव्यात्मक अभिव्यक्ति पाइन्छ । कहीं कहीं सुधारने ठाउँ नभएको होइन, सायद उहाँको लेखन कार्यमा नदोहोऱ्याउने बानीले होला तर बीपीले भनेको जस्तो उनको भाषामा म दोष या कमजोरी देख्तिनँ । उनी आफ्नो भाषाबारे भन्छन् :

> मैले नेपाली जीवनको स्थानीयतासँग स्वाभाविक र प्राकृतिक परिचय पाउन सकिनँ । म सानै उमेरदेखि हिन्दूस्थानमा हुर्कें । त्यसो हुनाले नेपाली भाषाको स्थानीय रंग र भाषाको सूक्ष्म भावार्थसँग अपरिचित रहें । ... मेरो भाषाको दोषको मूल कारण सामाजिक जीवनको अभिन्न अंग हुन नसक्नु हो । सामाजिक भावना पनि ममा त्यस कारणले उति प्रवल छैन । सामाजिक प्रश्न उपर चिन्तन छ ममा, भावना छैन । बुद्धिगुणले दूषित हुन गएको छ मेरो सामाजिक चेतना । भाषामा पनि त्यही बौद्धिक दोष छ । हृदयभन्दा

मस्तिष्क - भावनाभन्दा बुद्धिले थिचेको हुन्छ मेरो भाषा" (पृष्ठ १३७)।

बीपी तटस्थ रूपले किताब पढ्थे र पढेकै पुस्तकको चिरफार र मूल्यांकन गर्दथे । पुस्तकको विषयवस्तु (Theme/Content), भाषा, अभिव्यक्ति शैली आदि विभिन्न पक्षमा आफ्नो दृष्टिकोण राख्तथे । त्यस हिसाबले उनी एउटा सफल समालोचक पनि देखिन्छन् । तर कहिलेकाहीं कृतिको समीक्षा गर्दा उनमा अलि बढी कटुता पाइन्छ । तल केही उदाहरणहरू दिइएका छन् :

> सुत्नुभन्दा पहिले रविबाबु (रवीन्द्रनाथ टैगोर) - को एउटा कथा पढें । अध्यवर्तिनी । उनका कथाहरूमा - काबुलीवाला जस्ता केही कथाहरूबाहेक - कथाको रस कम्ती रहन्छ । भाषाको माध्यमले मात्र उनका कथाहरू जीवित हुन्छन्, तर त्यसका पात्रहरू प्राकृतिक वाणीले बोल्दैनन् । ... कथाको प्रारम्भ बडो आशाका साथ हुन्छ, बीचबीचमा जीवन्त झल्को पनि पाइन्छ, तर अन्त्यमा पाठकलाई फुस्सा हात लागेको अनुभव हुन्छ । ... उनका कविताहरूमा पनि असाधारण विशेषता पाउँदिनँ (पृष्ठ ३२) ।

उपन्यासकार अज्ञेयको उपन्यास *नदीको द्वीप* बारेमा बीपीको टिप्पणी : "भाषामा अनावश्यक क्लिष्टता छ । ... शुद्ध औपन्यासिक कलाको दृष्टिबाट यसलाई उच्च कोटिको साहित्यमा गणना गर्न सकिन्न । कथावस्तु (plots) अत्यन्त 'ग्रामीण' छ । र कथामा आएका नायकनायिकाहरू, खलनायक सबै मनोवैज्ञानिक सूक्ष्म तत्त्वरहित सेतो र कालो दुई स्पष्ट रंगले चित्रित तस्बिरजस्ता छन् । तिनमा 'चरित्र'को पूर्ण अभाव छ" (पृष्ठ ४२) ।

## गुरुदत्तको सहस्रबाहुबारे बीपीको भनाइ :

> गुरुदत्तको *सहस्रबाहु* पढें । विज्ञान र धर्म यी दुई विषयको द्वन्द्वलाई लिएर यो उपन्यास लेखिएको छ । भौतिकवाद र अध्यात्मवादमा लेखकले आफ्नो पक्ष अध्यात्मवादलाई चुनेको छ । अध्यात्मवाद (Spiritualism) को जीवनमा केही आवश्यक मान्नुपर्नेले पनि यसलाई रुढिवादी विश्वासका साथ जाने प्रयास देख्ता एक प्रकारको वितृष्णा भएर आउँछ । भौतिकवादको चरम स्थिति स्वार्थ, इन्द्रियसुख र असन्तोषको हाहाकार हो भने अध्यात्मवादको चरम स्थिति पनि रुढिगत विश्वास, व्यवहार र बौद्धिक अन्धता हो । लेखक अध्यात्मवादको पक्ष लिंदालिंदा अन्धविश्वास र Obscurantism को पक्षपाति भएको पाइन्छ । सन्तुलित पक्ष - चाहे भौतिकवाद होस् या अध्यात्मवाद होस् - ग्राह्य हुन्छ; तर कुनै चरम पक्ष दोषपूर्ण छ । किनभने एकांगी भएकोले यस्ता चरम पक्ष जीवनमा घातक सावित हुन सक्तछन् । गुरुदत्त असल लेखक होइनन् (पृष्ठ ५७) ।

## उपनिषद्को अध्ययनपछि उनको टिप्पणी :

> *उपनिषद्*लाई मैले बडो उत्साह र आशाको हृदयले ग्रहण गर्नथालें । तर त्यसले पनि मलाई निराशा मात्र दियो । भाषा राम्रो छ र कविताको दृष्टिबाट उत्कृष्ट वाणी कुनै स्थलमा सरस झरना फुटेर निस्केको जस्तो पनि लाग्दछ । वाक्यहरू घतलाग्दा छन् । तर सत्य, अहं जीवनको समस्याका लागि, त्यसका प्रश्नहरूका लागि उपनिषद् निष्प्रयोजन छ । प्रश्नमा उत्तर छैनन्, यसमा समस्याको समाधान छैन । जीवनसँग एकदम असंगत (Irrelevant) छ यो । म यसको अध्ययन गर्दै जान्छु, यसबाट कुनै सत्यांश पाइने आशाले होइन, केवल भाषाका लागि, उद्धरणयोग्य वाक्यहरूका लागि र सायद बौद्धिक अनुशासनका लागि (पृष्ठ १०६) ।

कालीदासको *विक्रमोवंशी* पढेपछि उनी लेख्तछन् - "उति राम्रो लागेन - कालीदासमा भाषाको लालित्य बाहेक विशेष नाटकसम्बन्धी दक्षता या चरित्रमा विचारको उद्घाटन या घटनाक्रमको उत्कण्ठायुक्त अनिश्चितता (Suspense) पाउँदिनँ। भाषा भने अतुलनीय छ, अरु कुरो साधारण" (पृष्ठ १३५-३६)।

बीपीले आफ्नो पनि मूल्यांकन गरेका छन् :

> कथा मेरो आफ्नो माध्यम हो क्यार। साहित्यमा उपन्यासको बृहत् आयोजना मेरो हडबडे प्रवृत्तिको प्रतिकूल पर्छ क्यारे। Intense mood मा एक्कै चोटि जति लेख्न सक्यो त्यति मात्र म भ्याउँछु, त्यसो हुनाले कथा-कहानी सानासाना निबन्ध र लेख, व्यक्तिगत संस्मरण आदिमा मेरो कलम सुगमतासंग चल्छ। मूलतः मरो Architectural Mind छैन। भन्न सकिन्छ, भावप्रधान मानिस भएकोले तीव्र वेगको अभिव्यक्तिमा मात्र म प्रस्फुटित हुन सक्तछु, कविको लक्षण हो यो। तर - कविताका लागि मेरो संगीत र ध्वनिका प्रति चाहिने प्रवृत्ति र शिक्षा भएन (पृष्ठ १९५)।

## कवितात्मक अभिव्यक्ति

पुस्तक पढ्दा धैरै ठाउँमा हामी काव्यात्मक अभिव्यक्ति पाउँछौं। यस्तो लाग्दछ कि बीपी आख्यानकार नभएर कवि हुन्। एउटा उदाहरण - "यता वर्षा ऋतुभैँ झरी परिरह्यो, हिजो बल्ल आकाश उघ्रियो। तैपनि बादलका टुक्राहरू धम्की दिने भानले आकाशमा उडिरहेका छन्" (पृष्ठ ३७)।

अर्को उदाहरण यस्तो छः

> अस्ति भरखर शरदको धुम्रताको अनुभव गरेर पनि ३ दिनको वर्षाले प्रकाशलाई अर्को लोकको बिर्सिएको कुनै वस्तु जस्तो टाढाको तुल्यायो। आज फेरि विहानैदेखि दिन सफा छ मानौं कुनै कुशल धोबीको हातबाट भएर निस्केको होस् - स्वच्छ, टकटक, उज्यालो। प्रकृतिको प्रत्येक रंग स्वच्छताले सुकुमार र कलिलो भएको छ। पातमाथिको स्निग्धता कुनै परी बसेकी हो रे - नाच्तानाच्तैको क्षणिक विश्राम हो रे परीको त्यो (पृष्ठ १२६/१२७)।

पुस्तकमा काव्यात्मक अभिव्यक्तिका यस्ता धेरै उदाहरण छन्।

## अध्ययनमा विज्ञान तथा प्रविधिको महत्त्व

मानिसले समय निकालेर साहित्य, कला र संस्कृतिको अध्ययन गरी मनोरञ्जन लिनुका साथै आफ्नो बौद्धिक उत्थान गर्नुपर्दछ भन्छन्, बीपी। तर जीवनका अनेक जटिलता, व्यावहारिक तथा व्यावसायिक व्यस्तताले मानिसलाई आवश्यक समय उपलब्ध हुन सक्तैन। त्यसैले उनको विचारमा आधुनिक विज्ञान तथा प्रविधिलाई शारीरिक काममा प्रयोग गरी उसले मनोरञ्जन प्राप्त गर्नुका साथै आफ्नो बौद्धिक उन्नति गर्नुपर्दछ। उनी भन्छन् : "विज्ञान र टेक्नोलोजीको पूरा उन्नति भएर उनका मद्दतले शारीरिक कामहरूलाई छिट्टै सम्पादन गर्न सकिएन भने साहित्य, कला, संगीत र संस्कृति आम जनताको मनोरञ्जन र बौद्धिक उत्थानको वस्तु हुन सक्तैन। समाजमा बहुसंख्यकले कुटो कोदालोमै जीवन बिताउन पर्दछ" (पृष्ठ ३४)।

## शनिबार र बीपी

शनिवार बीपीका लागि जेलभित्र पनि अर्को जेलजस्तो थियो । शनिबार घाम लागे पनि सधैं अंध्यारो । उनले शनिबारले दिने दिक्दारीको बारेमा पुस्तकमा धेरै ठाउँमा लेखेका छन् । जेल जीवन नै निरस त्यसमाथि शनिबारले झन निरस । उनलाई प्रत्येक दिन अखबार पढेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्था/घटनाबारे जानकारी लिनुपर्दथ्यो । तर शनिबार अखबार आउँदैनन् । कस्तो कठोर शनिबार ! खबर केही पाइँदैन । दिनै धमिलो, निरसिलो । उनी भन्छन् : "आज शनिबार हो । आज अखबार आउँदैन; बिहानैदेखि यस सम्झनाले यो दिनलाई झन् बढी निरस बनाउँदछ । जेलमा त्यसै त दिन रसहीन हुन्छ, त्यसमा शनिबार त नीमको थांग्रो लागेको करेलाको झ्याङजस्तो" (पृष्ठ ३१) ।

जेल जीवनमा उठेका विचार र भावनाहरू बीपी यसरी व्यक्त गर्दछन् : "अनेकानेक विचार मनमा आउँछन्; अनेकानेक भावनाले म दुई आपसमा विरोधी चरम - सिमानाहरूको बीचमा एउटा ढोलक जस्तो झुन्डिरहन्छु; आशा - निराशा; उत्साह - शैथिल्य; सुख - दुःख; प्रशन्नता - चिन्ता; उज्यालो - अँध्यारो आदि" (पृष्ठ ३६) ।

बीपीमा मानवीय कमजोरी पनि थिए अरु मानवमा जस्तै । उनी आफ्नो समयको सदुपयोग गर्न चाहन्थे, गर्थे; तर कहिलेकाहीं अल्छी पनि गर्दथे । सो कुरा नलुकाइकन भन्छन्, "सुत्नुभन्दा पहिले जहिले पनि भोलिदेखि आलस्य गर्दिनँ, नियमित रूपले पढ्ने, लेख्ने र अरु दैनिक चर्या सम्पादन गर्छु भन्ने निर्णय लिन्छु । तर भोलिको दिन पनि त्यसै आलस्यमा खेर जान्छ" (पृष्ठ ८०) ।

बीपी भाग्यमा विश्वास गर्ने व्यक्ति होइनन् । उनी फल सहितको कर्ममा विश्वास गर्दथे । तर जीवनको अत्यन्तै कठिन घडीमा कहिलेकाहीं उनी भाग्यको खेल नकार्दैनन् । उनी भन्छन्, "चेतन मन र बुद्धिले स्वीकार नगरे पनि जीवनका कष्टमय घडीमा मलाई आफ्नो नियतिमाथि भर हुन्छ" (पृष्ठ ११४) ।

## बीपीलाई त्रुटि महसुस

सुन्दरीजल जेलमा बस्दा बीपीलाई तीनवटा त्रुटि भएको महसुस भयो । पहिलो, त्रुटि प्रजातन्त्रको प्राप्तिपछि पार्टीले सेनाको महत्त्वका बारेमा त्यति ध्यान दिएन । सेनालाई चाहेको खण्डमा प्रजातन्त्रको पक्षमा ल्याउन सकिन्थ्यो तर त्यस संस्थालाई प्रजातन्त्रको पक्षमा ल्याउनका लागि ध्यानै दिइएन । अर्को, पार्टीले आमचुनावमा दुई तिहाई बहुमत ल्याएको भए तापनि पार्टीलाई अझ बढी संगठित गर्नुपर्ने थियो - त्यो हुन सकेन । तेस्रो, त्रुटिचाहिँ पार्टीका स्थायी र कर्मठ कार्यकर्ता (cadre) को आवश्यक मात्रामा ठूलो संख्या बनाउनपट्टि ध्यान दिइएन । उनका लागि सबभन्दा ठूलो त्रुटिचाहिँ सेनालाई प्रजातन्त्रको पक्षमा ल्याउन प्रयास नगर्नु नै हो ।

अन्त्यमा, *जेल जर्नल* एउटा उत्कृष्ट जेल साहित्य हो । यसमा बीपीको व्यक्तित्वका राजनीतिक, दार्शनिक, धार्मिक तथा अध्यात्मिक, मनोवैज्ञानिक, साहित्यिक तथा भाषिकजस्ता विभिन्न पक्षहरूलाई पढ्न पाइन्छ । आजको जटिल जीवनमा विज्ञान तथा प्रविधिको महत्त्वका बारेमा पनि बीपीले आफ्नो दृष्टिकोण राखेका छन् । पुस्तक अत्यन्तै रोचक छ । मलाई लाग्छ, यस पुस्तकले पाठकलाई बीपीलाई बुझ्न मद्दत गर्नेछ ।

## सन्दर्भ सामग्री

कोइराला, बीपी (२०५४) । *जेल जर्नल ।* (सम्पादन) । जगदम्बा प्रकाशन प्रा. लि., ललितपुर ।

# राज्यले "म" बदलिन चाहिने शिक्षा कहिले ल्याउँछ ?

अर्जुन सेन ओली
उपसचिव, नेपाल सरकार
पूर्व उपप्राध्यापक, ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

म नेपाली नागरिक हो । मैले आफैं भनेको होइन । मलाई नेपालको संविधानको धारा ११ ले नेपाली नागरिक ठहर गरेको छ । म र मजस्तै नेपाली मनले बनेको राष्ट्र नेपाल हो । मसमेतका ३ करोड नेपाली जनताको उत्साहसँगै ठूलो अपेक्षाको बीजारोपण गर्दै विसं २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा रहने व्यवस्था भयो । शासकीय संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तह हुने व्यवस्था सुनिश्चित गऱ्यो । मुलुकमा आएको राजनीतिक परिवर्तनबाट बढेको राज्यप्रतिको अपेक्षा र आकांक्षा समेट्ने क्रममा अधिकारको दस्ताबेजको रूपमा साजसज्जासहितको उपहार प्राप्त भयो । राज्यको क्षमता तथा स्रोतसाधनको उपलब्धतालाई अनदेखाजस्तै गरेर नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसमेत मौलिक हकका रूपमा समाहित गरिए । ३१ वटा मौलिक हक भएको मुलुक भनेर गर्व गर्ने बनाइयो । शिक्षासम्बन्धी हकमा आधारभूत र माध्यमिक शिक्षा निःशुल्क पाउने व्यवस्था गरियो । छनोटसहितको रोजगारीको हकको तथा उचित पारिश्रमिक, सुविधा र सामाजिक सुरक्षासहितको श्रमसम्बन्धी हकको व्यवस्था गरियो । मौलिक हक कार्यान्वयनका लागि श्रम ऐन २०७४ तथा रोजगारीको हकसम्बन्धी ऐन २०७५ लगायत १७ वटा ऐनसमेत जारी भए । विभिन्न रस्साकसी, प्रतिबद्धता तथा घोषणाका कैयौं शृंखला पार गर्दै बल्लतल्ल सरकारले विद्यालय शिक्षा विधेयक २०८० प्रतिनिधिसभामा दर्ता गर्न सफल भयो । मलाई अधिकारले सुसज्जित गर्न र परिवर्तनको अनुभूति गराउन बनेका वा संशोधन भएका कानुनमा मलाई म बनाउन गरिएको व्यवस्थाभित्र लुटपुटिने जमर्को गरेको छु ।

विद्यालय तहको शिक्षा विद्यार्थी केन्द्रित बनाउन भन्दै प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मै प्रयोगात्मक कार्यको व्यवस्थासहित मिति २०७६ भदौ २० गते राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी कार्यान्वयनमा ल्याइएको छ । जसले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने, चरित्रवान्, नैतिकवान् एवं जिम्मेवार नागरिक तयार गर्ने, श्रमप्रति सम्मान एवं सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने, विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने, सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्नेलगायतका १२ उद्देश्य तय गरेको छ ।

उच्च शिक्षा विधेयकले उच्च शिक्षाका अन्तर्राष्ट्रियस्तरमा समकक्षी तथा प्रतिस्पर्धी दक्ष मानव पुँजी उत्पादन गर्ने, राष्ट्रिय आवश्यकता र प्राथमिकताअनुरूपको मानव पुँजी तयार गरी ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्ने, मुलुकलाई अन्तर्राष्ट्रिय शैक्षिक केन्द्र (इन्टरनेसनल एजुकेस हब) को रूपमा विकसित गर्नेलगायतका ७ वटा उद्देश्यहरू निर्धारण गरेको छ ।

सायद “म” मार्फत राज्यले यी र यस्तै उद्देश्य पूरा गर्न खोजिरहेको छ। राज्यको लगानी र उपलब्धिको लेखाजोखा गर्न म नै सक्षम हुनुपर्ने होला । तर त्यसको समयरेखा अझै कोर्न सकिएको छैन । विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदनअनुसार १८ वटा विश्वविद्यालयअन्तर्गत १,४५५ भन्दा बढी क्याम्पसहरू सञ्चालनमा रहेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको विवरणअनुसार ३६,०३२ विद्यालय रहेका छन् । व्यावसायिक सिप विकास तालिम केन्द्र तथा आवधिक परियोजनामार्फत सिप तथा उद्यमशीलता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । १५-५९ वर्षको सक्रिय जनसंख्या ६२ प्रतिशत छ, जसलाई जनसांख्यिक लाभको रूपमा व्याख्या गरिएको छ । बर्सेनि विद्यालय शिक्षा र उच्च शिक्षा हासिल गरी बजारमा जनशक्ति आइरहेका छन् । श्रमशक्ति सहभागिता दर ६५.५ प्रतिशत रहेको छ । उद्योग विभागमा हालसम्म १३७० वटा ठूला उद्योगसहित ९,०८५ उद्योग दर्ता भएका र ६ लाख ८० हजारभन्दा बढी रोजगारीमा संलग्न रहेको देखिन्छ । औद्योगिक जनशक्ति उत्पादनका लागि कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम पनि बजेटमा निरन्तर समावेश हुँदै आएको छ ।

उल्लेखित सन्दर्भले शिक्षा र रोजगारीका लागि अन्यन्त्र धाउन नपर्ने अवस्था हुनुपर्ने हो तर दृश्य फरक हुँदै गएको छ । वार्षिक ५ लाखभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्ने गरेका छन् । उद्योग क्षेत्रमा वार्षिक रोजगारी सिर्जना २४ हजारको हाराहारीमा मात्र देखिन्छ । गत आर्थिक वर्षमा निजामती सेवामा वार्षिक ३ हजार ६ सय र सुरक्षा निकाय तथा संगठित संस्थातर्फ १८ हजार ६ सय र शिक्षा सेवा आयोगबाट ६ हजार जनाका लागि विज्ञापन भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ९२ हजार जनाले कम्तीमा १ सय दिनको रोजगारी प्राप्त गरेका छन् । श्रम तथा रोजगार मन्त्रालयबाट प्रकाशित तथ्यांक स्थानीय तह र प्रदेशहरूबाट समेत सन्तोषजनक रोजगारी सिर्जना भएको देखिँदैन । अनौपचारिक क्षेत्रको रोजगारी पनि उत्साहजनक छैन । वैदेशिक रोजगारीका लागि ११ देशहरू संस्थागत रूपमा खुला गरिएका छन् । ९०० म्यानपावर कम्पनीहरू सञ्चालनमा रहेका छन् । २०७९ फागुनसम्म ५५ लाखभन्दा बढी नेपालीले श्रम स्वीकृति लिइसकेका छन् भने २९९४ जना मात्र गैरनेपाली नागरिकले श्रम स्वीकृति लिएको देखिन्छ । भारतमा रोजगारी गर्नेहरूको संख्या २० लाखको हाराहारीमा रहेको भन्ने गरिएको छ । १ लाख २२ हजार बढीले विदेशमा उच्च शिक्षा अध्ययन गर्न अध्ययन अनुमतिपत्र (एनओसी) प्राप्त गरेका छन् । अनुमतिपत्र नलिई भारत पढ्न जानेको त लेखाजोखा भएको देखिँदैन । तीन तहमा जनप्रतिनिधिका रूपमा करिब ४० हजार जना छन् । जनताको नाममा राजनीति गर्ने वा अगुवाई गर्ने वा आवाज बुलन्द गर्नेको संख्या यकिन गर्न कठिन छ । तथापि सुरुदेखि खोजिरहेको “म” कहाँ र कुन समूहमा छु वा कुन ताँतीको कतिऔं नम्बरमा अंकित छु अझै ठम्याउन सकेको छैन ।

प्रस्तुत परिदृश्यसँगै संविधानले आफ्नो जन्मको ८ औं वर्ष पार गरिसकेको छ । आफ्नो पहिलो जन्मोत्सवमा संविधानले पाएको तालीको गड्गडाहटलाई अचेल सुनसान गाउँ, बाँझिँदै गएको नेपाल राज्यको क्षेत्र तथा बिदेसिएका सन्तानको पीरमा टोलाइरहेकी नेपाल आमाको मलीन अनुहारले गिज्याइरहेको छ । राज्यका जिम्मेवार निकाय तथा सरोकारवाला नियमित जिम्मेवारीभन्दा आरोप, खण्डन र बचाउमै तल्लीन हुनुपरेको छ । औपचारिक वा अनौपचारिक मञ्चहरूमा देश बनाउने भिजनले भन्दा गाली, आक्रोश र आरोपको स्थान र चर्चा बढी छ । यदाकदा हुने मिजासमा पनि स्वार्थकै गन्ध भेटिन्छ ।

संविधान मूल कानुन हो । संविधानले परिकल्पना गरेको गन्तव्य प्राप्तिको बाटो कानुनले निश्चित गर्दछ । कानुन जनता वा जनताका प्रतिनिधिमार्फत तय हुन्छन् । कानुनबाट निःसृत हुने उपलब्धिको भागीदार पनि

स्वयं जनता हुनुपर्ने हो । लोकतान्त्रिक राज्य व्यवस्थामा शासनको केन्द्रबिन्दुमा पनि जनता नै रहन्छन् । तर वर्तमान परिप्रेक्ष्यमा नेपाली जनतामा निराशा, आक्रोश र पलायनको पल्ला भारी देखिन थालेको छ। कर्मचारी समायोजन ऐन होस् वा विद्यालय शिक्षा ऐन दुवैमा असहमति प्रशस्त भेटियो । आन्दोलनसमेत भयो । समायोजन ऐनविरुद्धको आन्दोलन कहाँ टुंगियो, थाहा छैन र उपलब्धि के भयो ? त्यो पनि अनुभूत भएजस्तो लाग्दैन । तर हालसम्म पनि सेवा वितरणको बागडोर सम्हाल्नुपर्ने प्रशासनिक संघीयता अलमलमै देखिन्छ । शिक्षा विधेयकले विद्यालयमा अध्यापनरत शिक्षककहरूलाई संघीय राजधानी केन्द्रित गरायो । शिक्षक आन्दोलन भयो, वार्ता भयो र सहमति पनि भयो । शिक्षककहरूको माग र आन्दोलनको उपलब्धिको लेखाजोखा समयले नै गर्ला । रोजगारीको हकसम्बन्धी ऐनले के कति उपलब्धि दिएको छ, सायद समीक्षा सुरु गर्नुपर्ने बेला भएको छ।

उच्च शिक्षा अध्ययन गर्ने क्याम्पसको तुलनामा म्यानपावर कम्पनीको संख्या बढी नै हो कि जस्तो आभास हुन्छ । क्याम्पसमा विद्यार्थी संख्याको अनुपात घट्दो छ । तर विमानस्थलबाट वाहिरिनेको अनुपात बढ्दो देखिनुले म्यानपावर कम्पनी तथा वैदेशिक अध्ययनका परामर्श केन्द्रहरूले आफ्नो उपादेयता पुष्टि गरेका हुन् कि, अनुमान गर्न सकिएला । जनताका अधिकार सुनिश्चित गर्न तीनै तहबाट कानुनी दस्ताबेजहरू तयार भएकै छन् । तीनै तहको केन्द्रबिन्दु र प्राथमिकता मजस्तै नागरिकको हित र समृद्ध मुलुक नै हो, भलै हित र समृद्धिका मानक समयसँगै परिवर्तन होलान् । परिवर्तन गर्न वा परिवर्तनसँगै अनुकूल हुन सिकाउने शिक्षा हो । शिक्षाले विवेकी बनाउँछ या बनाउँदैन ? विद्यालय शिक्षामा प्राविधिक शिक्षा, क्त्भः, मातृभाषामा शिक्षालगायत अवधारणा विकसित त भए तर उपलब्धि के भयो ? सामान्य शिक्षा प्रदायक संस्थाहरूमा विद्यार्थी संख्या कम हुनु नौलो नहोला तर कोटा नै तोकेर अध्यापन गराइने इन्जिनियरिङमा समेत विद्यार्थी संख्या नपुग्नुले के बुझ्न सकिएला ? शिक्षाले उद्यम र उद्यमले रोजगारी सिर्जना गर्न किन नसकेको होला ? वैश्विक परिवेशअनुकूल पाठ्यक्रम खोज्दै जाँदा मौलिक र रैथाने आवश्यकता किन समेट्न नसकिएको होला ? शैक्षिक उपाधिलाई नै रोजगारको आधार बनाउन किन सकिएन ? बाँझो जमिनले कसलाई पर्खिरहेको होला ? उद्योगहरूले दक्ष जनशक्ति नपाएको गुनासोलाई रोजगारीका लागि बिदेसिनु परिरहेको यथार्थले कति जिस्काइरहेको होला ? राजनीतिज्ञ वा उच्च पदस्थ व्यक्तिहरूको सोह्र शृंगारयुक्त भाषण कार्यान्वयनको अनुभूत गर्ने भाग्यमानी पुस्ता कहिले आउला ? “म” कुन पुस्ताको ?

प्रश्न अझै थपिन्छन्- शिक्षा प्रणाली दोषी कि पाठ्यक्रम ? शिक्षण कि सिकाइ ? उद्यमशीलता कि उपाधि ? उद्यम कि रोजगारी ? कानुन कि नैतिकता ? हरेक प्रश्नमा म सही थाप्छु, प्रश्न थप्छु तर उत्तर कोसँग खोजिरहेछु सुइँको पनि पाउन सकेको छैन । सबैभन्दा सजिलो प्रश्न सोध्न हो कि लाग्छ तर अक्कलबिनाको प्रश्नको सक्कल कति कुरूप हुँदो रहेछ । व्यक्ति र समाजलाई सजग बनाउनुको सट्टा अर्काको अनुहारमा हिलो छ्याप्न सिकाउँदो रहेछ । राज्यको “म” मा गरिएको लगानीको प्रतिफलको हिसाब कहिल्यै बुझाउन सकेको छैन । अरूप्रति औंला तेर्स्याउँदा तेर्स्याउँदै बेफुर्सदमा छु “म” । जमाना फेरिएको बाहनामा परनिर्भरताको दुष्चक्रमा रुमलिँदै छु । राज्यले के दियो ? फलानोले जिम्मेवारी किन पूरा गर्दैन ? ढिस्कानोले सबै लुट्यो । यी र यस्तै निराशा र कुण्ठाका रेडिमेड तर अनुत्तरित प्रश्न बोकेर हिँडिरहेछु ।

प्रश्नले जेलिएको मेरो मानसपटल उत्तर खोज्न हतारो गर्दैन सायद । किनकि उसलाई पनि गुनासो गर्ने बानी बनिसकेको छ । आफूले केही गर्छ वा गर्दैन थाहा छैन तर उसलाई अरूले नगरेको बेस्सरी थाहा छ । कानुन बनेर मात्र नहुँदो रहेछ । नैतिकता हराउँदा कानुन बन्छ तर कानुन कार्यान्वयन गर्न नैतिकता नै चाहिँदो रहेछ । नेता

बदलेर वा बदलिएर मात्र नहुँदो रहेछ, नीति बदलिनुपर्छ। शिक्षा बदलिएर मात्र नहुँदो रहेछ, सोच बदलिनुपर्छ। प्रणाली बदलिएर मात्र नहुँदो रहेछ, प्रवृत्ति बदलिनुपर्छ। संरचना बदलिएर मात्र नहुँदो रहेछ, संस्कार बदलिनुपर्छ। चित्र बदलिएर मात्र नहुँदो रहेछ, चरित्र बदलिनुपर्छ। अरू बदलिएर मात्र नहुदो रहेछ "म" नै बदलिनुपर्छ। प्राकृतिक छटाले सुन्दर र प्रचूर सम्भावनाले भरिपूर्ण मुलुकमा जिम्मेवार नागरिकको सदावहार बस्ती हेर्नुछ। जसका लागि "म" बदलिनुछ। "म" लाई बदल्ने शिक्षा के हो ? नैतिकता कसले सिकाउँछ ? विवेक कहाँ भेटिन्छ ? नेपालको नागरिक ठहर भएको "म" लाई बदल्ने शिक्षा राज्यले कहिले ल्याउँछ

# गणित चिरफार

आनन्द कार्की
उपप्राध्यापक, ग्रा.यु.सि. क्याम्पस

मानव जातिको उत्पत्ति र विकास सँगसँगै गणितको पनि उत्पत्ति र विकास भएको पाइन्छ। गणना र नाप-तौलजस्ता कुरामा जरुरी भएर सुरु भएको गणितको अहिलेको विशाल रूपमा विकसित भएको हो। यसको उत्पत्ति र विकासलाई नियाल्दा यसलाई मानव सभ्यताकै उपजका रूपमा हेरिएको छ। गणित के हो ? भनेर एउटै शब्द वा वाक्यमा परिभाषित गर्नु ज्यादै कठिन । त्यसैले गणितलाई आकार र संख्याको विज्ञान पनि भन्ने गरिन्छ। गणितलाई अंग्रेजी शब्दकोशमा परिभाषित गरिएअनुसार ‘‘गणित स्पष्टतः एउटा अमूर्त विज्ञान हो, जसले संख्यात्मक तथा स्थानसम्बन्धी सम्बन्धहरूका प्रारम्भिक अवधारणामा निहित परिणामहरूको निदानात्मक तरिकाले खोजी गर्छ।’’ निश्चय नै, मानव मस्तिष्कका विचार, प्रक्रिया, तर्कबाट गणितको खोजी र सृष्टि भएको हो। अतः गणित विचार वा चिन्तन गर्ने तरिका पनि हो।

हाल मानिसको दैनिक जीवनयापनदेखि उद्योग, व्यापार, कृषि, शिक्षा, स्वास्थ्य, राजनीतिलगायत सबै क्षेत्रमा गणितको आवश्यकता अपरिहार्य भइसकेको छ। गणितको महत्त्व ज्ञानको स्रोतका रूपमा पनि रहेको छ। गणितमा विभिन्न नवीनतम् ज्ञान प्रतिपादित भएका छन् र सिद्धान्तहरू पनि विकसित भइरहेका छन्। यसले गणितीय ज्ञानको क्षेत्रलाई व्यापक बनाई ज्ञानको स्रोतका रूपमा विकसित भएको छ। अध्ययनका अन्य विषय वा क्षेत्रहरूमा पनि गणितीय ज्ञानको आवश्यकता छ। भौतिक विज्ञान, इन्जिनियरिङ, अर्थशास्त्र, वाणिज्यशास्त्रलगायत सबै विषयको अध्ययनका लागि गणित आवश्यक मात्र होइन, अनिवार्य छ। अझ आधुनिक गणितले त भाषा विज्ञानको क्षेत्रमा पनि काम गरिहेको छ। विज्ञान र प्रविधिको आजको विकसित रूप र यसको निरन्तरता पनि गणितकै उपज हो भन्दा फरक नपर्ला।

नेपालको राष्ट्रिय शिक्षा नीतिले पनि क्त्भः लाई जोड दिइएको छ जसको प्रमुख विषयमध्ये गणित पनि मुख्य विषय हो। अन्य मुलुकले आफ्नो प्रगति गर्न धेरै समय, स्रोत र साधन गणित, विज्ञान, प्रविधिको क्षेत्रमा ठूलो धन राशि खर्चिएका छन्। कारण स्पष्ट छ, आजको सूचना प्रविधिको युगमा ‘विज्ञान, प्रविधि, इन्जिनिरिङ र गणित’ (क्त्भः)क्षेत्रले नै देशको विकासमा टेवा पुग्छ। गणितीय अवधारणामा दक्ष हुने हो भने स्टेमका कुनै पनि क्षेत्रमा प्रगति हासिल गर्न सजिलो हुन्छ।

आजको आवश्यकता गणितलाई कसरी अर्थपूर्ण तरिकाले शिक्षण गर्न सकिन्छ भन्ने हो। विद्यार्थीमा सिर्जनात्मक सोच ल्याउन र उनीहरूलाई गणितीय अवधारणामा अब्बल बनाउन सक्नुपर्छ। विद्यार्थी आफैंमा विविध पृष्ठभूमिबाट आउने हुँदा हरेकको सिकाइ तरिका र सिक्ने गति फरक हुन्छ। फरक पृष्ठभूमिका विद्यार्थीलाई गणित पढाएर सफल बनाउनु गाह्रो काम हो। यो सफल पार्न धेरै कुराको संयोजन र सहकार्य आवश्यक पर्छ।

गणित प्रत्येक देशको शिक्षा व्यवस्थाको महत्त्वपूर्ण अंग हो। हाम्रो देशमा पनि आधारभूत तहदेखि १० कक्षासम्म गणित अनिवार्य छ। गणितलाई यति महत्त्वपूर्ण किन मानिन्छ त ? यसको समर्थनमा दिइने केही तर्क

र तीसँग जोडिएको वस्तुस्थिति यस प्रकार रहेको छ :

सिद्धान्त : सिकारुलाई औपचारिक रूपमा गणितको सिकाउनुपर्छ किनभने दैनिक जीवनमा गणित ज्यादै उपयोगी छ।

व्यवहार : गणित अध्ययन नगरेका व्यक्तिले पनि व्यवहार राम्रोसँग चलाएका छन् ।

सिद्धान्त : गणितीय सिप (अनुमान, सामान्यीकरण, समस्या समाधानका विभिन्न मोडलबारे सोच्नु, बढी राम्रो विकल्प खोज्नु आदि) प्राप्त गर्न गणित सिकाउनु आवश्यक छ।

व्यवहार : सामान्यतः कक्षामा यी सबै कुरा हराउँछन्, स्वतन्त्र रूपमा सोच्ने, प्रश्न खडा गर्ने, छलफल गर्ने वातावरण नै हुँदैन।

सिद्धान्त : हामीले अर्काका कुरा राम्ररी नजानी-नबुझी स्वीकार गर्नुहुन्न, तिनलाई तथ्यका आधारमा विश्लेषण गरी के सही र के गलत हो भन्ने राम्ररी सोचविचार गरेर मात्र निर्णय गर्नुपर्छ।

व्यवहार : कक्षाकोठामा त 'यो नियम हो, यो सूत्र हो, या यस्तै हुन्छ, तिमीले यसलाई यसको सूत्र घोक्नुपर्छ र यसै गर्नुपर्छ' भनिएको कुरालाई आँखा चिम्लेर स्वीकार गर्न मात्रै जोड दिइन्छ।

सिद्धान्त : दैनिक जीवनका लागि गणित ज्यादै उपयोगी छ, त्यसैले कक्षामा गणितका अवधारणालाई दैनिक जीवनसँग जोडेर सिकाइन्छ, जसबाट उसले आफ्नो जीवनमा गणितको प्रयोग गर्न सकोस् ।

व्यवहार : यो भनिने कुरा मात्र हो। कक्षामा त गणितका प्रश्नहरू र तिनको उत्तर काल्पनिक हुन्छन्, जसको दैनिक जीवनसँग कुनै साइनो नै हुँदैन। जस्तै, १५ इन्च लामो केरालाई १६ जनालाई बराबरी भाग लगायो भने एक जनाको भागमा कति इन्च केरा पर्छ ? कसैले पनि एउटा केरा १६ जनालाई 'बराबरी बाँडेर' खाँदो हो त ?

## विद्यालय गणित विषयका अन्य केही मुद्दा/सवालहरू

१. पाठ्यक्रम धेरै हुन्छ, त्यसैले शिक्षकले कोर्स पूरा गर्नुपर्ने हुन्छ। शिक्षाशास्त्र भन्छ- पाठ्यपुस्तक एउटा माध्यम मात्र हो । तर, हाम्रो पूरै व्यवस्था पाठ्यपुस्तकमा केन्द्रित छ । परीक्षामा प्रश्न त्यसैबाट सोधिन्छ र सिकारुले त्यसैका आधारमा अंक पाउँछन् । त्यही अंकले उनीहरूको स्तर जाँचिन्छ र अर्को कक्षामा जाने, नजाने निर्णय हुन्छ ।

२.गणितको पाठ्यक्रम यस्ता विषयवस्तु राखिएको हुन्छ, जसको प्रयोग ९५ प्रतिशत मानिसले आफ्नो जीवनमा कहिल्यै गर्दैनन् । जस्तै- समूह । समूहमा २+२=३ पनि हुन्छ। गणित शिक्षकले भन्छन् कि 'आजभोलि १० कक्षामा पढाइने गणित त हामी स्नातकमा पढ्थ्यौं' भन्ने सुनिन्छ । जब जब ज्ञान र वृद्धि हुन्छ, पाठ्यक्रमविद्हरू तिनलाई तल्ला कक्षामा सिकाउन भन्छन्। उनीहरू बिल्कुलै कुतर्क गर्छन्- 'सिकारुले फलानो कक्षामा यति त सिकेकै हुनुपर्छ।' किन सिकेको हुनुपर्छ ? यसको न कारण छ न जवाफ ।

३. गणित कक्षालाई रोचक बनाउने भन्ने गरिन्छ तर हुँदैन, किनभने जियोजेब्रा, म्याथल्याब, स्मार्ट बोर्ड, म्याथवाल, म्याथ पत्रिका, म्याथ क्लब, कम्प्युटर प्रोग्रामजस्ता कुराले गणितका मुख्य समस्या समाधान गर्न सक्दैनन्।

गणित शिक्षा अनिवार्य गर्नुपर्छ भन्नु हरेक सिकारुको रुचि र क्षमता भिन्न हुन्छ भन्ने तथ्यलाई अस्वीकार गर्नु हो। जस्तै- कसैलाई गणित सिक्न रुचि नै छैन, न उसको क्षमता नै छ; उसलाई त साहित्य पढ्न रुचि छ, उसमा चित्रकला सिक्ने क्षमता छ। उसलाई जबर्जस्ती किन गणित सिकाउने ?

तर यो भनिरहँदा, जीवनका लागि आवश्यक आधारभूत केही कुरा त उसले जानेकै हुनुपर्छ। तसर्थ गणितजस्ता विषय आधारभूत तहसम्म मात्र अनिवार्य गरेर त्यसपछि तिनलाई ऐच्छिक बनाउँदा पनि हुन्छ। यो कुरा गणितमा मात्र नभएर अन्य विषयमा पनि लागू हुन्छ।

प्रत्येक विषयलाई दुई भागमा बाँड्नुपर्छ- सामान्य गणितको एउटा आधारभूत तथा अनिवार्य, जुन दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको होस्, जसका माध्यमबाट राम्रो जीवनयापनका लागि आवश्यक सबै सिप सिकाइयोस् र गणितमा विशेष रुचि राख्ने सिकारु र माथिल्ला कक्षाहरूमा पनि गणितलाई नै मुख्य विषय बनाएर सिक्न चाहन्छन्; गणितमै 'भविष्य' खोज्न चाहन्छन्।

## पहिलो वस्तुस्थिति

कुनै बच्चा सानैदेखि गणितमा रुचि राख्छ तर सबैलाई रुचि नहुन पनि सक्छ। सिकारुलाई गणितसँग डर लाग्नु गणितको दोष होइन। दोष त गणित सिक्ने-सिकाउने व्यक्तिको हो। अनि गणितलाई दोषी ठानेर किन सजाय दिने ? गणित किन सिकाउने ? र कसरी सिकाउने ? पाठ्यक्रम, शिक्षक पहिला प्रस्ट हुनुपर्‍यो।

हाम्रो जीवनमा गणित नभए कस्तो हुन्थ्यो होला ? धेरै रमाइला जवाफ छन्। जस्तै- गणित नभए हाम्रा कक्षाकोठाहरू नै हुने थिएनन्; न १, न २, न ३, हामीहरू A,B,C, त लेख्थ्यौं, तर बसका नम्बरचाहिँ हुने थिएनन्, मोबाइल नम्बर नभए मानिस कसरी एकअर्काका मोबाइल नम्बर चिन्थे होलान्, गाडी नै हुने थिएनन्, मिटर, इन्च, फुट नै नभएपछि बस कसरी बनाउनु ? अर्थात्, गणितलाई मापन पनि रहेछ। यसलाई आकारसँग पनि जोड्न मिल्छ, आदि आदि। जीवनमा गणित कति आवश्यक रहेछ भन्ने कुरा प्रस्ट हुन्छ। तसर्थ गणितको साइनो लम्बाइ, चौडाइ, उचाइ, गोलाइ, वृत्तकार, वर्गाकारलगायत दैनिक जीवनदेखि परिकल्पनासम्म रहेछ।

सिकारुहरूले त्यस्ता अनेक ठाउँमा लगेर गणितलाई जोड्न सक्छन्, जसका बारेमा हामीले सोचेका पनि हुँदैनौं। यसबाट के स्पष्ट हुन्छ भने, गणित आफ्नो जिन्दगीसँग जोडिएको छ भनेर सिकारुले बुझेका हुन्छन्। यो कुरा महसुस गरेका हुन्छन्।

मानिसहरू सजिलै भनिदिन्छन् गणितको शिक्षाले सिकारुलाई गणितसँग जोड्नुको सट्टा गणितबाट टाढा लैजाँदै छ। म फेरि, दृढतासाथ भन्छु, यो समस्या गणितको होइन, गणित शिक्षणको हो। गणित कसरी पढाउने भन्ने थाहा हुनासाथ सिकारुलाई गणितबाट डर लाग्छ भन्ने प्रश्न वा भनौं जटिलता कहिल्यै आउँदैन। गणित कति र कहाँसम्म पढाउने भन्ने प्रश्न त झन् उठ्ने कुरै भएन।

## दोस्रो वस्तुस्थिति

जटिलता त्यहीँबाट सुरु हुन्छ, जब हामीलाई लाग्दछ कि सिकारु गणितबाट डराउँछन्। वास्तवमा सिकारु गणितबाट डराउँदैनन्, गणितसँग जोडिएका जुन अनेकन् कुतर्क र हावादारी कुरा छन्, तिनले उनीहरूलाई तर्साउन सक्छन्। गणित मात्र होइन, अन्य विषयमा पनि यही हो। यो अवधारणात्मक समस्या हो। भाषाकै

उदाहरण लिऊँ । अक्षर पहिले हो कि भाषा पहिले हो ? 'ब्उउभि' पहिले हो कि 'A' पहिले हो ? यदि 'Apple' पहिले हो भने सिकारुलाई 'Apple' बाटै सुरु गराउनुपर्छ, 'A' बाट किन सुरु गराउने ? यस्तै, यदि गणित अनुमान लगाउनु हो, तर्क हो भने गणितलाई अंकबाटै सुरु गराउने जिद्दी किन ? मेरो आशय के भने, हाम्रो  गणित शिक्षणको प्रारम्भ नै अमूर्तबाट हुन्छ ।

सिद्धान्तमा हामी एउटा कुरा भन्छौं तर व्यवहारमा सुरुदेखि नै अर्कै कुरा गर्छौं । यसको परिणाम के हुन्छ भने केही सिकिरहेका हुन्छन्, केही सिकिरहेका हुँदैनन् । जसले सिकिरहेका हुँदैनन् उनका बारेमा 'यिनीहरूसँग सिक्ने क्षमता नै छैन' भन्ने निष्कर्ष निकाल्छौं । हामी के सोच्छौं यिनीहरूलाई सिकाउन सकिँदैन; गणित यिनीहरूका लागि जटिल छ । तर, गणित जटिल हुन्थ्यो भने साधारण मानिसले आफ्नो जिन्दगीमा यसको प्रयोग र उपयोग किन गर्थे ? मानिसको जीवन बहुआयामिक छ, जसमा उनीहरू भाषाको प्रयोग गर्छन्, विज्ञानको प्रयोग गर्छन्, गणितको प्रयोग गर्छन् । सर्वसाधारण मानिसमा गणितको क्षमता हुँदैनथ्यो भने उनीहरू यसका सक्षम प्रयोगकर्ता कसरी हुन्थे ?

उच्च तहको गणितका बारेमा मेरो आफ्नै अनुभव छ । गणित सिक्ने क्रममा म सबै  अवधारणा सजिलै बुझ्थेँ । तर जब त्यही कुरा परीक्षामा प्रश्नका रूपमा अगाडि आउँथ्यो, त्यसकै उत्तर लेख्न असफल हुन्थेँ । मेरो बुबा स्वयं शिक्षक हुनुहुन्थ्यो । त्यसैले मैले कुनै कक्षाको परीक्षामा गणितमा मैले राम्रो नम्बर ल्याइनँ, घरमा बेचैनजस्तो हुन्थ्यो । कम नम्बर आउनुको कारण म गणितमा कमजोर हुनु थिएन । कारण के थियो भने, म अंग्रेजीमा कमजोर थिएँ र हामीकहाँ गणित अंग्रेजीमा पढाइन्थ्यो, प्रश्नपत्र पनि अंग्रेजीमै आउँथ्यो । त्यसबेला घरका सबै जनाले म गणित ठीकसँग सिक्न सक्तिनँ भने । तर, धेरै वर्षपछि जब म आधारभूत तहका सबै विषय पढाउने शिक्षक भएँ, त्यसबेला बल्ल थाहा पाएँ– मैले अंग्रेजी राम्ररी नबुझेकाले गणित राम्ररी नबुझेको रहेछु ।

मेरो निष्कर्ष के हो भने, विषयहरूलाई गाह्रो र सजिलो भनेर छुट्याउनुको  सट्टा सिकारुले त्यो विषयको उपयोगिता कसरी बुझेका छन् र कसरी सिकारुले बुझ्छन् भन्ने कुरामा नै हामीले ध्यान दिनुपर्छ । एउटै कुरा अलग-अलग सिकारुले कसरी बुझ्छन् र प्रत्येक व्यक्तिलाई कसरी बुझाउन सकिन्छ भन्ने कुरा शिक्षकले स्वयंले पत्ता लगाउनुपर्छ ।

## तेस्रो वस्तुस्थिति

अधिकांश सिकारुका लागि 'आतंक' के हो भने गणित उसले पढ्नै पर्छ । सुरुमा जब उनीहरूलाई गणित पढ्न भनिन्छ तर उनीहरूले गणित किन पढ्ने ? त्यसबेला भनिन्छ कि ठूलो भएपछि तिमीले धेरै तलब पाउन थाल्छौ, त्यसबेला त्यसको हिसाब-किताब राख्नुपर्छ । त्यसमा गडबडी नहोस्, कसैले नठगुन् भनेर तिमीले गणित जान्नु आवश्यक छ । यो तर्कले उनीहरूलाई आकर्षित गर्छ र अरूको भर पर्नुपर्ला भनेर गणित पढ्छन् ।

गणितमा राम्रो नम्बर ल्याउँथे तर पढेको गणित जीवनमा सबै कहिल्यै काम नलाग्न सक्छ । आज पनि, जब मासु किन्न जान्छन्, आवश्यकता भए पनि नभए पनि आधा किलो अथवा एक किलो नै किन्छन किनभने ६६६ ग्राम अथवा ९९९ ग्राम किन्न जटिल मान्छन् ।

स्कुल जीवनसँगै जोडिएको एउटा अर्को घटना छ । गणितका प्रश्न प्रायः यस्ता खाले हुन्थे- एउटा स्याउ यति जनालाई कसरी बाँड्ने ? त्यसको उत्तर दशमलवमा लगाउनुपर्थ्यो । जस्तै- मसँग एउटा स्याउ छ, त्यसलाई

काटेर ६ जनालाई बाँड्नु छ। मानौं, यसको उत्तर शून्य दशमलव ६६६६६........ आउँछ। मेरो दिमागमा प्रश्न उठ्थ्यो, घरमा आमाले हामीलाई स्याउ काटेर दिँदा कसैको भागमा अलिक सानो टुक्रा पर्थ्यो, कसैको भागमा अलिक ठूलो टुक्रा पर्थ्यो। उहाँले ठ्याक्कै बराबरीका टुक्रा काटेको अथवा इन्ची-टेपले नापेर बराबरीका टुक्रा दिएको मैले कहिल्यै देखिनँ। त्यसैले म आफ्नो शिक्षकसँग प्रश्न गरिरहन्थेँ– हामीलाई मात्र ठ्याक्कै बराबरीका टुक्रा पार्न किन लगाएको ? घरमा र अरूतिर कसैले पनि यसरी टुक्रा पार्दैन ? मैले यो प्रश्नको जवाफ स्कुलमा कहिल्यै पाइनँ।

एक दिन मैले आधामा आधा जोड्दा एक हुन्छ भनेको सुनेर घरमा आएर ठेकीलाई ठीक आधा पारेर काटेँ। तर आधा, आधा जोडेर सिंगो बनाउन सकिनँ। उल्टै बुबाको हप्की खानुपऱ्यो।

एउटा काम ४ जनाले २ दिनमा सक्छन् भने गणितअनुसार ४०० जनाले ०.०२ दिनमा गर्छन्। यो कुरा प्रायः सम्भव छैन।

० भनेको छैन भन्ने अर्थ लगाउँछन् तर कुनै ठाउँको तापक्रम ००   सेल्सियस छ भन्नुको अर्थ त्यहाँ तापक्रम नै छैन भन्ने होइन।

तसर्थ गणितलाई सापेक्ष ढंगबाट हेर्नुपर्छ न कि निरपेक्ष।

हामीलाई दशमलवको आवश्यकता दैनिक जीवनमा पर्दैन तर त्यसवेला पर्छ जब हामी अन्तरिक्ष वा यस्तै कुनै विषयमा अनुमान लगाउँछौँ, गति, वेग, प्रवेग, दुर्घटनाजस्ता विषय जहाँ सेकेन्डभन्दा पनि कम समयका अवस्थाहरूको समेत हिसाब राख्नुपर्छ। आवश्यक भएरै दशमलववाला हिसाब पढाइएको रहेछ!

मलाई लाग्थ्यो, गणित शिक्षणका यस्ता समस्या बिस्तारै कम हुँदै गएका होलान्। किनभने अन्य क्षेत्रमा जस्तै शिक्षामा पनि हामी प्रगति गर्दै छौँ। तर गणित शिक्षणको अवस्था मेरो स्कुल-जीवनदेखि आजसम्म उस्तै छ।

## चौथो वस्तुस्थिति

पाँच कक्षासम्म मेरो गणित असाध्यै राम्रो थियो, अंकगणितका प्रश्न मेरो जिन्दगीसँग जोडिएका हुन्थे। आफ्नो अनुभव-आधारित अवधारणाले म त्यसको हिसाब बुझ्थेँ। बीजगणितमा यस्तो केही हुँदैनथ्यो र म त्यसलाई आफ्नो जीवनसँग जोड्न पाउँदिनथेँ। मलाई लाग्थ्यो यो ब, द, अ, अंग्रेजीमा आयो र अब गणितमा पनि आयो ? यसबाट म अत्तालिएको थिएँ, चाँडोभन्दा चाँडो मुक्त हुन चाहन्थेँ। “ल” पढ्न मन थियो तर परिवारको दबाबले गणित लिनुपऱ्यो। जति गरे पनि मैले बीजगणित पढ्न सकिनँ। पछि थाहा भयो, ‘एक पाथी कोदो र एक पाथी धानको जोड एक पाथी कोदो र एक पाथी धान नै हुन्छ।’ यो सुनेर मलाई सोच्न बाध्य बनायो। यति सानो, यति सरल अवधारणा मेरा शिक्षकले मलाई बुझाउन सकेनन् अथवा बुझाएनन्। यति सरल कुरालाई शिक्षकले बेलैमा बुझाइदिएको भए सायद मैले बीजगणित कहिल्यै छोड्नुपर्ने थिएन। म गणितमा अंक खोज्थेँ, तिनको ठाउँ ब, द, अ, म .......आएका थिए। गणित त्यसै पनि अमूर्त विषय हो।

## पाँचौँ वस्तुस्थिति

मैले मेरा थुप्रै गुरुलाई - × - = + कसरी भयो ? भनेर सोध्दा यो नियम हो। यो भएन भने सबै हिसाब बिग्रिन्छन्

भनियो। धेरै पछि मात्रै थाहा भयो कि यो प्रश्न पूरा सत्य होइन रहेछ। सत्य त यस्तो पो रहेछ। - number × - number = + number यसलाई यसरी सिद्ध गर्न सकिने पनि रहेछ।

तर्कले (गणितीय ज्ञान कम भएकालाई)

मानौं, रामले गर्नुपर्ने काम गऱ्यो। (राम्रै गऱ्यो)

रामले गर्नुपर्ने काम गरेन। (राम्रो गरेन)

रामले नगर्नुपर्ने काम गऱ्यो। (राम्रो गरेन)

रामले नगर्नुपर्ने काम गरेन।(राम्रो गऱ्यो) (अतः - × - = +)

अंक गणित (आगमन विधिबाट)

४×४=१६ (४+४+४+४)

-४×४=१६ (-४लाई ४ पटक जोडेको)

-४×३=१२

-४×२=८

-४×१=४

-४×०=०(-०) +(-०) +(-०)+ (-०) =०

-४×-१=४

अतः -number ×-number = +number

बिजगणितबाट

$-a \times -b = ab$

Take LHS part,

$-a \times -b$

$= -a \times -b + ab - ab$(बराबर जोडेर बराबर घटाएको)

$= -a(-b+b)+ab$

$= -a\times0+ab$

$= 0+ab$

$= ab$

LHS=RHS proved

ज्यामितिबाट

मानौं, एउटा जहाज  क भन्ने स्थानमा छ, प्रतिमिनेट २ किमि दूरी पार गरेर ४ मिनेटमा जहाज ख भन्ने स्थान पुग्दा क बाट ख सम्मको दूरी  कति छ ?

उत्तर : ४×२ = ८ किमि

यही प्रश्नलाई अर्को तरिका र भेक्टर ज्यामितिबाट हेर्दा, मानौं, जहाज पुनः ख स्थानबाट क स्थानमा जहाज फर्कियो भने ४ मिनेटअघि कहाँ थियो र पुनः कति दूरी पार गऱ्यो ?

उत्तर : ख र -४×-२ = ८ किमि

यसरी सिकारुको क्षमताअनुसार फरक-फरक विधिसहित, शैक्षिक सामग्रीबाट डिजिटल माध्यमका आधारमा शिक्षण गरेमा गणितीय अवधारणा बुझाउन सकिन्छ।

निष्कर्षमा भन्नुपर्दा गणितप्रति विद्यार्थीमा डर पहिले पनि थियो र आज पनि छ। यसको मूल कारण, गणित सिकाउने प्रक्रियामा अन्तर्निहित छ, स्वयं गणितमा होइन। उनीहरूका अनुसार, सिकारु गणितबाट डराउँछन् भन्ने कुरा वास्तवमा सही होइन। केटाकेटीलाई पनि राम्ररी थाहा छ, गणितको उपयोग उनीहरू कहाँ-कहाँ गर्छन् र त्यस्ता के-के कुरा छन् जसको कल्पना पनि गणितबिना हुन सक्तैन। तर, शिक्षकहरू के पनि महसुस गर्छन् भने, कक्षामा जुन गणित पढाइन्छ, त्यो यस गणितभन्दा फरक हुन पुग्छ, त्यसैले सिकारु बिस्तारै गणितबाट डराउन थाल्छन्।

अतः आधारभूत गणितको पढाइ प्रत्येक सिकारुका लागि हुनुपर्छ। तर, यसमा सयौं प्रश्न छन्। अनिवार्य गणितमा ती सबै तत्त्व समावेश हुनुपर्छ, जसले सिकारुको जीवन सञ्चालन गर्ने मात्र होइन, अमूर्त स्तरमा सोच्न सक्ने क्षमता पनि विकास गरोस्। तर यसमा के-के समावेश हुनुपर्छ र के-के हुनु हुँदैन ? यो जटिल प्रश्न हो। शिक्षकहरूका अनुसार, गणित सिकाइमा सिकारुका अनुभव र सन्दर्भहरूसँग जोड्ने विचार सटीक छ। तर तिनको अनुभवको विविधताका कारण यसो गर्न पनि सजिलो छैन। कक्षामा सिकारुको सिक्ने फरक-फरक क्षमता र गतिलाई समायोजन गर्नु पनि अर्को चुनौती हो।

# समालोनात्मक चिन्तन सिद्धान्तदेखि व्यवहारसम्म

एस. भट्टराई

समालोचनात्मक चिन्तनले सिकारुमा विश्लेषण गर्ने, गहिरो चिन्तन गर्ने, आफ्नो राय प्रस्तुत गर्ने, समाधानका उपायहरू खोज्ने, प्रस्तुत गरिएका विषयलाई सहजै स्वीकार नगरी त्यसमा प्रश्न गर्ने वा आफ्नो वैकल्पिक विचार प्रस्तुत गर्ने र प्राप्त ज्ञानलाई आफ्नो जीवनमा प्रयोग गर्ने आदि क्षमताको विकास गर्न सहयोग गर्दछ। यस्ता विधिमा पढाइने विद्यार्थी नै लोकतान्त्रिक समाजमा चाहिने सचेत र क्रियाशील नागरिक हुन्। यो विधि पियाजेको धारणा र सिकाइ सिद्धान्तमा आधारित छ। पियाजेका अनुसार सिकारुले आफूसँग भएको धारणा (Schema) को आधारमा संसारको अर्थ लगाएर नयाँ कुरा सिक्छ र संसारलाई बुझ्ने क्रममा पुराना धारणा परिवर्तन गर्दछ जसले भविष्यमा नयाँ कुरा थाहा पाउँदा तिनलाई बुझ्ने क्षमता बढाउँछ। विद्यार्थीहरूले अन्वेषण गर्दै र खोज्दै सिक्ने हुनाले शिक्षकले उनीहरूलाई यसो गर्न प्रेरित गर्नुपर्छ। सोधीखोजी गर्ने सिप सिक्न सकिने हुनाले शिक्षकले विद्यार्थीहरूलाई सूचना कसरी खोजी गर्ने, प्रश्न कसरी सोध्ने र आफूले पाएका जानकारीहरू सही हुन् या होइनन् भनी कसरी जाँच गर्ने भन्ने कुरा बताउनुपर्छ। सिकाइले हाम्रो पुरानो विचार फेर्ने र नयाँ कुरा जान्ने क्षमता बढाउने हुनाले शिक्षकले विद्यार्थीलाई उनीहरूले जानेका कुरा सम्झन, त्यसका असर थाहा पाउन, आफूले सिकेका कुरालाई उपयोगी तरिकाले प्रयोग गर्न र दिइएका विषयमा विचार गर्ने पुरानो तरिकालाई फेर्न, चिन्तनलाई परिवर्तन गर्न प्रेरित गर्नुपर्छ। समालोचनात्मक चिन्तन विधिअनुसार विशेष गरी तीन चरणमा पाठ प्रस्तुत गरी सिकाइ सञ्चालन गर्न सकिन्छ। अङ्ग्रेजीमा छोटकरीमा ब्द्यत्रः ँचकभधयचप पनि भनिन्छ।

## **उत्सुकताको चरण (Anticipation Phase)**

हरेक पाठ उत्सुकताको चरणबाट सुरु हुन्छ। यस चरणमा विद्यार्थीलाई उनीहरूले पढ्न लागेको पाठका बारेमा सोच्न र सोध्न लगाइन्छ।

- यस चरणमा निम्न कामहरू हुन्छन्। सहभागीहरूले हासिल गरिसकेको ज्ञानलाई पुनःस्मरण गराउने।
- उनीहरूले जानेको कुरा र भ्रमका बारेमा अनौपचारिक रूपमा पुनरवलोकन गराउने।
- सिकाइको उद्देश्य निर्धारण गर्ने।
- विषयप्रति ध्यान केन्द्रित गराउने।
- नयाँ विचार बुझ्ने सन्दर्भ उपलब्ध गराउने।

गणित शिक्षणमा यस चरणमा निम्न रणनीतिहरू अपनाउन सकिन्छ :

**सङ्क्षिप्त लेखनः** (जस्तै- वृत्तको वर्णन गर), शब्दार्थ चित्र : (ग्राफअन्तर्गत, बारग्राफ, हिस्टोग्राम, वृत्तग्राफ,

लेखाचित्र आदि झल्किने गरी चित्र बनाउने), चिन्तन मनन जोडीमा छलफल निचोड आदानप्रदान, टि-ग्राफ (त्रिभुज चतुर्भुजको तुलना गर्दै तिनीहरूबिचको अन्तर पत्ता लगाउन)

## ज्ञान आर्जनको चरण (Building Knowledge Phase)

पाठ सुरु भएपछि अध्यापकले विद्यार्थीलाई अनुसन्धान गर्न, पत्ता लगाउन, सामग्रीको अर्थ पत्ता लगाउन, पहिलेको प्रश्नको उत्तर दिन तथा नयाँ प्रश्न खोज्न र ती प्रश्नको उत्तर जान्न अग्रसर गराउँछ। यो दोस्रो चरणलाई ज्ञान आर्जनको चरण भनिन्छ। यस चरणमा निम्न काम हुन्छन् :

- आफ्ना अपेक्षा र आफूले सिक्दै गरेको विषयका बिचमा तुलना गर्ने,
- अपेक्षा परिमार्जन गर्ने वा नयाँ अपेक्षा राख्ने,
- आफ्नो सोचाइको मूल्याङ्कन गर्ने,
- मुख्य बुँदा पहिचान गर्ने,
- पाठसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्ने,
- सामग्रीका बारेमा अनुमान गर्ने,
- त्यसको निचोडका बारेमा प्रश्न गर्ने

गणित शिक्षणमा यस चरणमा निम्न रणनीति अपनाउन सकिन्छ :

जानेको जान्न चाहेको र सिकेको (वर्गसमीकरणको बारेमा हामीले के जानेका छौँ, हामी यसका बारेमा के कुरा जान्न चाहन्छौँ, हामीले यसका बारेमा के सिक्यौँ लेख्न लगाउने), भेनचित्र (वास्तविक सङ्ख्याहरूको समूहलाई भेनचित्रमा प्रस्तुत गणित शिक्षणमा यस चरणमा निम्न रणनीतिहरू अपनाउन सकिन्छ, गर), जिग्स, टि- ग्राफ (त्रिभुज चतुर्भुजको तुलना गर्दै तिनीहरूबिचको अन्तर पत्ता लगाऊ)

सुदृढीकरणको चरण (The Consolidation Phase) पाठको अन्त्यतिर, विद्यार्थीहरूले पाठको भाव बुझिसकेपछि पनि अझै काम गर्न बाँकी हुन्छ। शिक्षकहरूको चाहना हुन्छ कि विद्यार्थीहरूले उनीहरूले के कुरा पढे भनेर प्रतिविम्बन गरून्, तिनका अर्थ के होलान् भनेर सोधून्, यसले उनीहरूको सोचाइ कसरी परिवर्तन गयो भनेर मनन गरून् र यसलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारेमा विचार गरून्। पाठको यस चरणलाई सुदृढीकरणको चरण भनिन्छ। यस चरणमा निम्न कुराहरू पर्दछन् :-

- मुख्य विचारहरूको सारांश निकाल्ने
- विचारहरूको व्याख्या गर्ने
- अवधारणा आदानप्रदान गर्ने
- व्यक्तिगत प्रतिक्रिया जनाउने
- विचारको परीक्षण गर्ने
- सिकाइको समीक्षा गर्ने
- थप प्रश्न सोध्ने

यहाँ चरणगत रूपमा भागविधि (दोहोरिने घटाउ) शिक्षणको एउटा नमुना प्रस्तुत गरिएको छ :

नयाँ समस्या, सिक्नका लागि लेखाइ आफू कुनै ज्यामितीय आकार भएको कल्पना गर र तिमी किन अरूभन्दा आकर्षक छौ भनी अर्को आकारलाई बताऊ), शब्दार्थ चित्र छ।

## उत्सुकताको चरण

- ५० जना विद्यार्थीहरूलाई दस दस जनाको पाँच समूहमा विभाजन गर्ने ।
- प्रत्येक समूहलाई दस ओटा मकैका दाना दिई प्रश्न गर्ने "दस ओटा मकैका दानाबाट दुई दुई वटा मकैका दानाहरू कति पटक घटाउन सकिएला ?
- प्रत्येक समूहले एक पटकमा दुई ओटा मकैका दानाहरू झिक्दै एउटा समूहले कराउँदै 'पाँच पटक' भन्छ ।
- शिक्षकले फेरि सोध्ने- "दस ओटा मकैका दानाबाट पाँच ओटा दाना कतिपटक घटाउन सकिन्छ ?" विद्यार्थीले तुरुन्तै उत्तर दिन्छन्- "दुईपटक" । उनीहरूले सही उत्तर के हो भनी अनुमान गर्छन् । शिक्षकले यो उत्तर कसरी थाहा पायौ भनी सोध्छन् र उनीहरू दुई गुणा पाँच र पाँच गुणा दुई बराबर हुन्छ भन्छन् । यस्तो सम्बन्धलाई के भनिन्छ भनी फेरि शिक्षकले सोध्छन् र केही विद्यार्थीले यसलाई गुणनको Commutative विधि भनिन्छ भन्ने कुरा सम्झेका हुन्छन् ।
- शिक्षकले अब १८० ओटा मकैका दानाहरू दिई पाँच पाँच ओटा दानालाई कति पटक घटाउन सकिन्छ ? विद्यार्थीलाई यो काम गर्न धेरै समय लाग्नेछ । उनीहरू कोहीले पाँच पाँच ओटाका दरले हटाउँदै जान्छन् र कोहीले कति पटक हटाइयो गन्दै जान्छन् र ३६ पटक उत्तर निकाल्नेछन् ।

## ज्ञान आर्जनको चरण

शिक्षकले विद्यार्थीलाई सोध्छन्- यो तरिका कस्तो लाग्यो ? उनीहरू भन्न सक्छन् कि यो तरिका लामो, धेरैबेर लाग्ने हुन्छ ।

उसो भए छिटो कसरी गर्ने त ? विद्यार्थीले पाँचको दस दस ओटा समूहको दरले घटाउन थाल्दछन्, अर्को समूहले अर्कै तरिकाले घटाउँछन् ।

## सुदृढीकरणको चरण

शिक्षकले नयाँ समस्या दिई निरन्तर भाग गरी उत्तर निकाल्न प्रोत्साहन गर्दछन् । यस समयमा जिग्स विधि अपनाउन सकिन्छ । हरेक समूहले छुट्टाछुट्टै तरिकाले घटाएर भाग गरेका हुन्छन् ।

शिक्षकले सोध्छन्- हामीले के गर्‍यौँ ? धेरैले जवाफ दिन्छन्- "भाग गर्‍यौँ" । भाग भनेको के हो ? शिक्षकले सोध्छन्- "धेरै पटक घटाउँदै जानु" शिक्षकले भन्छन्- "ठिक भन्यौ ।"

# गौरव गरिमाले सजिएको गाम्नाङ

कमलप्रसाद न्यौपाने
अध्यक्ष ः पुण्यप्रसाद न्यौपाने स्मृति प्रतिष्ठान,
मेचीनगर-१३ चारआली, झापा

विश्वको सर्वोच्च शिखर सगरमाथाको मायालु र न्यानो काखमा अवस्थित ओखलढुङ्गा जिल्लाको पश्चिमी भागमा सभ्य सभ्यता र भव्यताको मुस्कानले सजिएको गाम्नाङ लेखु गाउँपालिका-६ मा पर्दछ । मनोरम प्राकृतिक पहाडी सुन्दरताले झकीझकाउ गाम्नाङ टारको मध्य भागमा कला, चेतना र जिज्ञासाको कोसेली बोकेर आधुनिक सभ्यताको सन्देश दिँदै ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस सञ्चालन हुँदै आएको छ । २०६३ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस क्याम्पसमा शिक्षा शास्त्र सङ्कायअन्तर्गत चारवर्षे बीएडका कक्षाहरू सञ्चालित छन् । स्थापनाकालदेखि हालसम्म सत्रौं वसन्त पार गरेको यस शैक्षिक संस्थाले मौलिक पहिचान दिँदै गौरवको गजुर सजाउँदै आएको छ ।

कुनै पनि ठाउँको सामाजिक आवश्यकतालाई सम्बोधन गर्न निःस्वार्थ सामाजिक आँखाले हेर्नुपर्छ । व्यक्तिवादी चिन्तनले झोलाभरि प्रशंसा बटुल्न खोज्दा समाज पछि पर्छ; इतिहास सल्सलाउँदैन । आफ्नो योग्यताले माटो खोस्रेर इतिहास बनाउने केही सामाजिक अगुवाहरूको त्याग र बलिदानले गौरवमा सौरभ थपिदिन्छ । सत्य सानो र पुरानो भए पनि त्यो बलियो हुन्छ । त्यसले सामाजिक एकता , आस्था र स्वाभिमानलाई अक्षुण राख्दछ । उपयोगी वस्तु र सहयोगी मान्छे सबैको ध्यान केन्द्रित गर्ने रोजाइका पक्ष हुन् । एउटाको जिब्रो र अर्काको बोली गर्दै प्रसङ्ग मिलाएर ढाँट्ने मानिसलाई होइन; काम गर्ने मानिसलाई आदर र इज्जत दिनुपर्छ । यस क्याम्पसको स्थापनार्थ जो-जसले जे-जति सकेको सहयोग गर्दै शीतको थोपा उघाएर घैला भर्ने काम गर्नुभयो; सबै प्रशंसनीय, वन्दनीय र स्तुत्य हुनुहुन्छ । सामाजिक र साझा उद्देश्य प्राप्तिका निमित्त सबैका मनमा विश्वासले घर बनाउनुपर्छ । समाजको समुन्नतिका लागि सचेत मानवले सघाउने काम गर्छन्; सताउने होइन । समयअनुकूलको चेतनाले परिवर्तन र गतिशीलताका सङ्केतहरू उदाउँदै जान्छन् ।

ओखलढुङ्गाका धेरै टार र बेंसीहरूमध्येको गाम्नाङ एक महत्त्वपूर्ण टार हो । अन्नबाली प्रशस्त उत्पादन हुने यस ठाउँका मानिसहरू सधैंभरि आफ्नो श्रम, सिप र पौरखमा विश्वास गर्छन् । हाम्रो सनातन सभ्यता, संस्कृति र परम्परामा आस्था र भरोसा गर्ने यहाँका बासिन्दाहरू तपस्या नगरे पनि तपस्वी जीवन बिताउन र साधुको भेष धारण नगरे पनि शिष्टाचार र इमानदारितामा अब्बल मानिन्छन् । सबै जातजाति र भाषाभाषीका मानिसहरू पवित्र मानवीय नातामा आबद्ध देखिन्छन् । हाम्रो ऋषि सभ्यता र कृषि संस्कृतिबाट टाढिएका छैनन्; समाजको भलाइ, दायित्व र कर्तव्यको मर्यादामा सबै सचेत देखिन्छन् ।

शैक्षिक गौरव गरिमाले सजिएको गाम्नाङसँग मेरो पनि आफ्नो परिचयात्मक सम्बन्ध गाँसिएको छ । विसं. २०५४ साल वैशाख २५ गतेदेखि सञ्चालन हुने कक्षा १२ र ११ को परीक्षा सञ्चालनार्थ म उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरबाट सुपरिवेक्षकको गरिमामय प्रशासनिक जिम्मेवारी प्राप्त गरी प्रश्नपत्र र

उत्तरपुस्तिकाहरूसमेत लिएर गौरीशंकर उमावि रामेछापको परीक्षा केन्द्रमा खटिएको थिएँ । यही अवसरमा ग्रामोदय मावि मा उच्च मावि सञ्चालनार्थ स्थलगत अनुगमन प्रतिवेदन फारम भर्नुपर्ने थप जिम्मेवारी पाएको थिएँ । मजस्तो सानो मान्छेले यो ठूलो जिम्मेवारी पाएको हुनाले परीक्षा चल्दै गर्दा बिचमा पाँच दिन खाली थियो । त्यही समयमा म रामेछापबाट पैदल यात्रा गर्दै गाम्नाङ पुगेँ । गाम्नाङमा भव्य स्वागत र आतिथ्य सत्कारसँगै स्थलगत अनुगमन फारम भरेर म रामेछापको परीक्षा केन्द्रमा फर्किएँ । त्यतिबेला रामेछापको परीक्षा केन्द्र मन्थली सदरमुकाममा नभएर रामेछापमा थियो । परीक्षाको सम्पूर्ण काम पूरा गरी ग्रामोदय माविको स्थलगत अवलोकन फारम उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमा बुझाएको कुरा मेरा आँखाका वरिपरि र सम्झनाका तरेलीमा ताजै नाचिरहेका छन् । काममा विश्वास मानेर कामबाटै परिचय दिनु प्रासङ्गिक मानिन्छ । काम र विचारबिनाको गन्थन उपयुक्त मानिँदैन । त्यति बेलादेखि नै गाम्नाङसँग मेरो चिनारीको साइनो सल्सलाउँदै आएको हो ।

नौलो आयामको मौलिकता झल्काउने गाम्नाङको पाउमा पवित्र लिखु नदी सलल बगेको छ । वास्तवमा सरस्वतीले बास गरेको भूमि गाम्नाङका अग्रणी व्यक्तित्वहरूले सरस्वती माताकै सायद अनुमति पाएर युगानुकूल परिवर्तनलाई आत्मसात् गर्दै र रिसाएका मानिसहरूलाई फुल्याउँदै स्नातक क्याम्पस सञ्चालन गर्ने योजना बनाउनुभयो । विसं. २०६३ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी शिक्षा शास्त्र सङ्कायअन्तर्गत चारवर्षे बीएडका कक्षाहरू सञ्चालित छन् । ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसमा २०७२ सालदेखि त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुबाट परीक्षा केन्द्रको अनुमति प्राप्त भयो । यस क्याम्पसको परीक्षा केन्द्रमा चण्डेश्वरी क्याम्पस, रँगनी र ज्ञानज्योति सामुदायिक क्याम्पस, घोराखोरीका विद्यार्थीहरू पनि लाभान्वित भए ।

मैले पनि यस परीक्षा केन्द्रमा तीन पटक केन्द्राध्यक्ष र तीन पटक पर्यवेक्षकको भूमिकामा आफ्नो गहन प्राज्ञिक जिम्मेवारी बहन गर्ने सौभाग्य पाएको थिएँ । त्रिभुवन विश्वविद्यालय, क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगरबाट नियुक्ति पाएर फरक-फरक समयमा ६ पटकसम्म परीक्षाको मर्यादा, गरिमा, विश्वास र गोपनीयता धेरै संवेदनशील विषय हुन् । यस विषयमा बौद्धिक क्षमता र कुशलताको दाम्लो बाट्न अनुभवको पोयो बलियो चाहिन्थ्यो । यसर्थ त्यहाँका समाजसेवी , बुद्धिजीवी, क्याम्पस व्यवस्थापन समितिका पदाधिकारीहरूलगायतको विचार, विमर्श र राय सल्लाहबाट सकारात्मक, रचनात्मक र सहयोगात्मक सक्रियतामा कार्य सम्पन्न गर्न पाएकोमा म सदैव कृतज्ञ रहनेछु ।

म पहिलो पटक केन्द्राध्यक्षको जिम्मेवारी लिएर जाँदा क्याम्पस प्रमुख भुवनकुमार रोका हुनुहुन्थ्यो । क्याम्पसको छुट्टै भवन नभएकाले विद्यालयका कक्षाकोठामा परीक्षा सञ्चालन गर्नुपर्ने अवस्था पछिसम्म पनि थियो । मैले त्रिभुवन विश्वविद्यालयबाट सञ्चालित परीक्षाहरूमा धेरै ठाउँहरूमा गएर राम्रै अनुभव बटुलेको छु । मानवीय नाता दिगो बनाउने मन र व्यवहार हो । त्यो मन टाढा भयो भने दूरी बढ्छ र आलोचनाको आँधी- तुफान उर्लिन्छ । म जहाँ गए पनि शैक्षिक र प्रशासनिक सहयोग पाएर आत्मीयता प्राप्त गर्न सफल भएको अनुभूति गर्दछु । गाम्नाङसँग मेरो मन मिलेको छ; मन नजिक छ । साउँअक्षर चिनेकादेखि उच्च शैक्षिक व्यक्तित्वसम्म तथा एक हल गोरु र एउटा लैनो भैंसी पाल्नेदेखि गाउँ सहर दुवैतिर आर्थिक सम्पन्नताको पहिचान दिन सक्षम महानुभावहरूसम्ममा यहाँको समाजलाई चौतर्फी उकालो लाउनुपर्छ भन्ने एउटै साझा धारणा र उद्देश्य रहेको पाइन्छ । कहिल्यै पनि स्वार्थको स्वाङमा पिङ खेल्न नरुचाउनु र तनलाई भन्दा मन र वचनलाई सफा राख्नु

गाम्नाङको मौलिक विशेषता रहेछ भन्ने मैले बुझेको छु ।

परीक्षा र शैक्षिक पाटोका बारेमा चर्चा गर्नुपर्दा ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस सरल व्यवहार, सहयोगी भावना, विवेक र सद्गुणको संगमस्थल हो । मैले दोस्रो पटकदेखि छैटौं पटकसम्म क्याम्पस प्रमुख प्रेमबहादुर बस्नेतको सक्रिय र आत्मीय सहयोगबाट सञ्चालन गर्ने सौभाग्य प्राप्त गरेँ । उहाँको गरिमामय बौद्धिक र निष्ठापूर्ण प्रशासनिक शैली निकै लोभलाग्दो र आकर्षक छ । जो कोही क्याम्पसको कामको सिलसिलामा बाहिरबाट जाने पाहुनाहरूलाई ससम्मान आवास र भोजनको निःशुल्क भोजनको व्यवस्था गरिनु, यथाशक्य समय, परिश्रम र पैसा समाज सेवामा लाउनु, अर्काको असुविधामा सकेको सहयोग गर्नु तथा काममा खटिएका क्याम्पस कर्मचारी सबैमा खाजा भोजन आदिको व्यवस्थापन यस क्याम्पसका विशिष्ट पक्ष हुन् । आफू शाकाहारी भएको कारणले हुन सक्छ सायद मैले यस क्याम्पसबाट जुन आतिथ्यको आनन्द , सामाजिक सद्भाव र माया पाएँ; त्यो इतिहासको साँचोमा साहित्य लेपन गर्दा एउटा लामो आयामको उपन्यास नै तयार हुन सक्दछ । उल्लेखनीय सहयोगी नामहरू मेरो मानसपटलमा धेरै मडारिँदै अटेसमटेस भएर आउँछन् । यहाँ कसैको नाम लिएर कसैको छुटाउनु उपयुक्त पक्कै हुने छैन । तसर्थ सम्पूर्ण सहयोगी क्याम्पस परिवार र गाम्नाङवासी सबैमा एकमुष्ट हार्दिक आभार प्रकट गरेर उम्किन चाहें ।

मैले लामो समयसम्म वरुणेश्वर मावि र सहिद आदर्श क्याम्पस रामपुरमा शिक्षण सेवा गरेर जीवनको उर्वर समय खर्चिएँ । त्यहाँको समाजसँग म जति परिचित भएँ; त्यति नै गाम्नाङको समाजसँग परिचित भएर त्यहाँको समाजका मनमा अटाउन सकेँ । नैतिक जिम्मेवारी, शैक्षिक इमानदारिता र निष्ठापूर्वक कार्यको मूल्याङ्कनबाट नै हुनुपर्छ । विसं. २०७३ साल चैत २६ गते क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगरबाट आयोजना गरिएको

"वर्तमान अवस्थामा त्रिवि र यसको परीक्षा व्यवस्थापन'' विषयक पूर्वाञ्चलस्तरीय कार्यशाला गोष्ठीको प्राज्ञिक अवसरमा कदरपत्रबाट म पनि सम्मानित भएको श्रेय मैले जहाँजहाँ उपस्थिति जनाएँ, त्यहाँत्यहाँको समाजलाई पनि जान्छ । उक्त समयमा सहपरीक्षा नियन्त्रक डा. उद्धवप्रसाद पोखरेल हुनुहुन्थ्यो । उहाँको कार्यकालमा थुप्रै रचनात्मक, सुधारात्मक र प्रशंसनीय कामहरू भएका थिए । उहाँको सक्रियतामा "पूर्वाञ्चल दर्पण'' नामक स्मारिका पनि प्रकाशन भएको थियो । त्यस कार्यक्रममा उहाँकै सभापतित्व रहेको थियो भने प्रमुख अतिथि उपकुलपति प्रा. डा. तीर्थराज खनियाँ हुनुहुन्थ्यो । शिक्षाध्यक्ष , रजिस्ट्रार, परीक्षा नियन्त्रकलगायतका उच्च प्राज्ञिक व्यक्तित्वहरूको विशिष्ट आतिथ्यता रहेको थियो ।

लेखन बिट मार्नेतिर लागौं; क्याम्पसको छुट्टै भवन नभए पनि ग्रामोदय युगकवि सिद्धिचरण मावि र क्याम्पसबिचको सुमधुर, घनिष्ठ र दायित्वपूर्ण दौत्यसम्वन्धका कारण वातावरण अति शान्त, आकर्षक, मर्यादित र रहरलाग्दो पाइयो । हाल आएर क्याम्पसको आफ्नै स्वामित्वमा जमिनको व्यवस्थापन र भवन निर्माणको योजनाले सामाजिक अनुमति पाइसकेको कुरा सुन्न पाउँदा शैक्षिक गौरवको मन्दिरमा सुन्दर गजुर स्थापना भएकोमा गौरव महसुस हुन्छ । शैक्षिक गुणस्तर तथा प्राज्ञिक उन्नयनलाई पगार्न एवं समाजलाई संसार देखाउने र चिनाउने महत्त्वपूर्ण तत्त्वहरूमध्ये स्मारिका प्रकाशन कला चेतनाको उत्कृष्ट उपलब्धि हो । यस्तो सत्कर्म इतिहासको सुन्दर बगैंचामा सधैंभरि अमर रहनेछ । सचेत जनशक्ति र जिम्मेवार निकायहरूलाई सकारात्मक र गत्यात्मक भावनाले अघि बढ्ने सत्प्रेरणा मिलिरहोस् भन्ने कामनासहित यो लेखनीलाई विश्राम दिने अनुमति चाहन्छु । उच्च शिक्षाको पहुँच विस्तार गरी दुर्गम ग्रामीण स्थानसम्म ज्ञानको ज्योति फिँजाउनु हुने सबैमा साधुवाद !!!

# लिखु क्षेत्रको ज्योतिः ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

कुमार काफ्ले
पूर्व विद्यार्थी, ग्रा.यु.सि. क्याम्पस
हालः अमर कल्याण नमुना माध्यमिक विद्यालय
नयाँबजार, इलाम

शिक्षा लिने शिक्षा दिने दुइटै कार्य महान्
चम्किरहेछ ग्रायुसि क्याम्पस लिखुको सान
ग्रामीण किसान परिवारको गर्दै कल्याण
ग्रामोदय युगकवि क्याम्पस लिखुको सान।

## विषय प्रवेश

पूर्व ३ नम्बर भनेर चिनिने ओखलढुङ्गा जिल्लाको सिमाना ३ तिरबाट नदीले अन्य जिल्लाबाट छुट्याएको छ। १०७४.५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको यस जिल्लाको पश्चिम क्षेत्रमा वाग्मती प्रदेशको रामेछाप जिल्ला रहेको छ भने यी दुई जिल्ला र प्रदेशलाई लिखु नदी जसको पौराणिक नाम हेमगंगा र वरुण पनि हो; ले छुट्याएको छ। लिखु नदीको वारिपारि ओखलढुङ्गामा लिखु गाउँपालिका र रामेछापमा लिखु तामाकोशी गाउँपालिका रहेका छन्। ओखलढुङ्गाका लिखु, खिजीदेम्बा र चम्पादेवी पालिकाहरू र रामेछापका लिखु तामाकोशी, रामेछाप र उमाकुण्ड पालिकाहरूका आफ्नै गाउँघरमा बसेर, ढिँडोरोटी खाएर, कारणवश बिचमै पढाइ छाडेका र कुनै रोजगारीमा लागेकाहरूको उच्च शिक्षा अध्ययन गर्न चाहनेहरूका लागि ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस पहिलो रोजाइको शैक्षिक संस्था बन्न पुगेको छ।

विसं. २०२० सालमा स्थापना भएको श्री ग्रामोदय माध्यमिक विद्यालयको जगमा स्थापना भएको साविकको उच्च मावि तत्कालीन इलाका नम्बर ७ को एकमात्र स्वीकृत मावि र पहिलो कक्षा १२ सम्म अध्यापन हुने शैक्षिक संस्था हो। यसकै पूर्वाधारमा विसं. २०६३ सालमा स्थापना भएको यो क्याम्पस लिखु जलाधार क्षेत्रकै उच्च शिक्षा प्रदान गर्ने अग्रणी क्याम्पसको रूपमा पहिचान बनाउन सफल छ। राष्ट्रकै सान र गौरव युगकवि सिद्धिचरणको नाममा स्थापित यो क्याम्पस शिक्षाशास्त्र सङ्काय अध्ययन गर्ने शिक्षार्थीको हृदयमा बसेको कुरा यस क्याम्पसमा अध्ययन गरेका र विभिन्न पद प्रतिष्ठामा पुगेका व्यक्तिहरूले व्यक्त गरेका विचार र अनुभवबाट स्पष्ट हुन जान्छ।

## अग्रणी शैक्षिक संस्था र आदर्श गुरु

पौराणिक कालदेखि शिक्षा लिने दिने कर्म ऋषिमुनिको आश्रम, गुरूकुल, गुम्बा र मदरसाहरूमार्फत हुँदै आएको

थियो । समय कालमा तिनको अस्तित्व फरक किसिमले विकसित हुँदै आयो । अहिले पनि गुरूकुल, गुम्बा र मदरसाहरू सञ्चालनमा छन् तर तिनमा पहिलेजस्तो आकर्षण र ओज छैन । त्यसका अनेक कारण हुन सक्छन् । विसं. १९१० असोज २७ मा जङ्गबहादुर राणाले आफ्ना सन्तानका लागि भनेर काठमाडौं थापाथलीको दाखचोकमा दरबार स्कुल खोलेपश्चात् नेपालमा औपचारिक रूपमा विद्यालय शिक्षाको सुरुवात भएको थियो। त्यसपछि १९३० को दशकसम्म अन्य विद्यालय खुल्न सकेनन् । बल्ल १९७५ मा त्रिभुवन चन्द्र (त्रिचन्द्र) कलेज खुल्यो । १०४ वर्षे राणाकाललाई शिक्षाको अँध्यारो समय पनि भनिन्छ। जब नेपालमा २००७ सालमा प्रजातन्त्र आयो त्यसपछि विद्यालय खुल्ने क्रम तीव्र भयो । विसं. २०२० मा सिन्कीचौर गाम्नाङटारमा ग्रामोदय प्राथमिक स्कुल खुल्यो । २०६५ सालमा माध्यमिक विद्यालयको रूपमा आफ्नो पहिचान बनाउन सफल ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालय लिखु क्षेत्रमा निरन्तर शिक्षा र ज्ञानको ज्योति फैलाउँदै आइरहेको छ। विसं. २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयले आंगिक क्याम्पस स्थापना गर्नुको साथै निश्चित मापदण्ड पूरा गरेका उच्च शिक्षा प्रदान गर्न इच्छुक र सक्षम शैक्षिक संस्थालाई सम्बन्धन दिन थाल्यो । यसै क्रममा ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस खुलेको हो ।

शिक्षामा लोभलाग्दो प्रगति गरेका पश्चिमा जगत् र छिमेकी देशहरूकै उदाहरण हेर्दा हामी अझै निकै पछाडि नै छौँ । शिक्षामा राज्यको लगानी, शैक्षिक पूर्वाधार विकास र शिक्षालाई उच्च प्राथमिकतामा राखेर ती देशहरूले विश्वबजारमा दक्ष जनशक्ति उत्पादन गरेर गज्जबले फड्को मार्न सफल भइसकेका छन् । तथापि सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको अकल्पनीय विकासले विकसित देशका शैक्षिक संस्थाहरूले प्रयोग गर्दै गरेका शैक्षिक प्रविधिको प्रयोग हाम्रो देश नेपालका कलेज र विद्यालयहरूले पनि गर्न थालेका छन् । देशको संघीय राजधानी र प्रदेशको केन्द्रबाट दूर रहेको श्री ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसमा विश्वस्तरमा प्रयोग हुने इन्टरनेट, पुस्तकालय र आवश्यक भौतिक पूर्वाधारले युक्त छ । मात्रै आवश्यक छ त शिक्षार्थीहरूको लगनशीलता, ज्ञानको भोक मेट्ने तीव्र अभिलाषा, अभ्यास, साधना र प्राप्त ज्ञानको प्रयोगको ।

शिक्षाशास्त्र सङ्कायको अध्यापन हुने क्याम्पस भएको र म त्यहीँको उत्पादन हुनुको साथै विगतमा १ वर्षजति संस्थागत विद्यालय र १३ वर्ष सामुदायिक विद्यालयको विभिन्न तहमा अध्यापन गरेको अनुभवका आधारमा शिक्षा क्षेत्रमा सुधार ल्याउन एउटा अध्यापकमा आवश्यक ज्ञान, गुण, कला, शिल्प र सिपका बारेमा केही भन्नु वाञ्छनीय लागेको छ। शिक्षाका तीन खम्बामध्ये शिक्षकको भूमिका, शिक्षकमा भएका गुण र विशेषताले सिकाइमा कस्तो प्रभाव पर्दछ ? यस विषयमा धेरै छलफल र बहस भएका छन् । शिक्षकका सक्षमताहरू निर्माण र लागू पनि भएका छन् । ती सक्षमताको व्यावहारिक र कुशल प्रयोग गर्दै शिक्षण पेसालाई मानव जीवनको मातृ पेसा/जननी पेसा भएको पुनर्पुष्टि गर्न र एक असल तथा अनुकरणीय शिक्षक बन्न शिक्षक स्वयंले गर्नैपर्ने र शिक्षकमा हुनैपर्ने गुणलाई सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ।

## १. विश्वास

मानव जीवनको अहिलेसम्मको सफलताको कडी भनेकै आफ्नो कर्ममा विश्वास हो । त्यसैले सबैभन्दा पहिला शिक्षक आफैंलाई आफ्नो कर्ममा, मिहिनेतमा, पेसामा र सिकारूप्रति अटल विश्वास हुनुपर्दछ। विद्यार्थीसँग निरन्तर अन्तरसंवादमार्फत सिकाइ र कक्षालाई जीवन्त बनाउन सकिन्छ।

## २. अभिप्राय

शिक्षक आफ्नो अभिप्राय, गन्तव्य, उद्देश्य र सोचमा स्पष्ट हुनुपर्छ । आफू प्रस्ट भएपछि मात्रै उसले सिकारुलाई गन्तव्यतर्फ डोऱ्याउन सक्छ। शिक्षकले विद्यार्थीको क्षमता, प्रतिभा र रुचि बुझेर कुशलतापूर्वक शिक्षण क्रियाकलाप सञ्चालन र व्यवस्थापन गर्नुपर्छ। सिकारुलाई मानसिक रूपमा तनाव हुने गरी कहिल्यै प्रस्तुत हुनु हुँदैन । फरक सिकाइ क्षमता भएका विद्यार्थीलाई उनीहरूको रुचि, आवश्यकता र स्तरअनुसार 'म पनि गर्न सक्छु, म पनि सिक्न सक्छु' भन्ने आत्मविश्वास जगाई शिक्षण गर्नुपर्छ।

## ३. सहयोग

सहयोग एउटा यस्तो अस्त्र हो, जसको प्रयोगले शत्रुलाई समेत आफ्नो बनाउन सकिन्छ । एउटा शिक्षकले बालबालिकाको दिलमा छुट्टै स्थान बनाउन उनीहरूलाई आवश्यक सहयोग, उत्प्रेरणा र परामर्श दिनुपर्छ । विद्यार्थीहरूमा सकारात्मक सोचका साथ स्वच्छ प्रतिस्पर्धाको भावना विकास गराउनुपर्छ।

## ४. चरित्र

भनिन्छ, सबैलाई ढाँटे पनि आफूलाई/भगवान्लाई ढाँट्न सकिन्न। आफ्नो नजरमा आफैंलाई हेर्दा कस्तो देखिन्छ ? आफ्नो नजरमा, समाजको नजरमा र विद्यार्थीको नजरमा शिक्षकको चरित्र र चित्र सफा हुनुपर्दछ। शिक्षकले आफ्नो जीवनशैली अनुशासित, चरित्रवान् र लोभलाग्दो बनाउनुपर्छ।

## ५. सिकाउने तरिका

अरूलाई सिकाउन पहिले आफूले जान्नुपर्दछ। जान्न, बुझ्न र सिक्न प्रशस्त पुस्तक पढ्नुपर्छ। एउटा असल र आदर्श शिक्षकले कम्तीमा पाठ्यक्रम, विशिष्टीकरण तालिका, शिक्षक निर्देशिकाको अलावा 'दिवास्वप्न', 'तोत्तो चान' ' शिक्षक स्रोत पुस्तक', 'शिक्षामा सोचान्तरण', 'बालमहिमा', 'बालसंसार', 'आमाबाबुको भूमिका', आमाबाबुका प्रश्न', 'गरे शिक्षकले नै सक्छन्' लगायतका पुस्तक तथा 'शिक्षक मासिक' र अन्य प्रेरणादायी सामग्री निरन्तर अध्ययन गर्ने, इन्टरनेटमा खोजेर पढ्ने, हेर्ने र सुन्ने गर्नुपर्छ । यसरी निरन्तर नयाँनयाँ विधि र तरिका सिक्नुपर्छ, बुझ्नुपर्छ।

## ६. प्रस्तुतीकरण

कुनै विषयवस्तु प्रस्तुत गर्न शिक्षकले पहिले आफूले तयारी गर्नुपर्दछ। विषयवस्तुलाई सरल तथा रोचक ढंगले प्रस्तुत गर्न शिक्षकले कक्षामा सर्वप्रथम आइस ब्रेक गर्नुपर्छ। कुनै कवितांश, सायरी, मुक्तक, शाश्वत वाणी वा रमाइलो घटनाबाट शिक्षण सुरु गर्नुपर्छ। आवश्यक चित्र, चार्ट, स्लाइड र शैक्षणिक सामग्रीको प्रयोग भरपुर गर्नुपर्छ।

## ७. व्यक्तित्व

शिक्षक आकर्षक, हँसिलो र फूर्तिलो हुनुपर्छ । सफा कपडा लगाउने, धूमपान, मद्यपानलगायतका गलत व्यसन हुनुहुँदैन। आहार विहारमा ध्यान दिनुपर्छ। नियमित योग, ध्यान, व्यायाम र कसरत गरेर शारीरिक र मानसिक रूपमा तन्दुरुस्त रहनुपर्छ। समय र बच्चाको ख्याल गर्ने, खुसी रहने, हर समय उत्प्रेरणा दिइरहने, अनुशासनप्रिय हुनुपर्छ। शिक्षक असल पाठक, बौद्धिक, पेसा र सिकारूप्रति समर्पित हुनुपर्छ।

## ८. बृहत् चित्र

सिर्जनात्मक, सकारात्मक र फराकिलो सोच राख्ने, प्रेरणादायी र नकारात्मकलाई सकारात्मक बनाउने, अभ्यास र साधनाको विकल्प छैन भनेर बुझाउने कर्तव्य शिक्षकको हो । आदर्श शिक्षकको छवि निर्माण गर्न एउटा शिक्षक निरन्तर क्रियाशील रहनुपर्छ । विद्यार्थीको भावनामा चोट पुग्ने गरी निराशाजनक कुरा कहिल्यै नगर्ने र सधैं "तिमीले गर्न सक्छौ, अवश्य सक्छौ" भनेर हौसला दिनुपर्छ ।

## ९. आफैंलाई प्रेम र तालिम

आफ्नो काम र पेसालाई प्रेम गर्नुपर्छ । समयमा विद्यालय पुग्ने, सकारात्मक सोच र मिठासपूर्ण तरिकाले सरल, सरस भाषाको प्रयोग गर्ने, तोकिएको जिम्मेवारी समयमै पूरा गर्ने, लवाइखवाइदेखि हिँडाइडुलाइसम्मका ससाना पक्षमा ध्यान दिँदै स्वास्थ्यको ख्याल गर्ने, अनुशासनमा रहने र विद्यार्थीलाई गर वा नगर भनेको काम पहिला आफूले पालना गरेर उदाहरणीय व्यक्तित्व बन्नुपर्छ । निरन्तर योग, ध्यान, अध्ययन, उचित आहारविहार, तालिम र सिकाइमार्फत आफूलाई एक असल, अब्बल र आदर्श शिक्षकको रूपमा स्थापित गर्ने कोसिस गर्नुपर्छ ।

## प्रसंगवश अलिकति आफ्नै कुरा

आधा घण्टाको दूरीमा विद्यालय हुँदाहुँदै कक्षा ६ मा पढ्न ११ वर्षको उमेरमा २ घण्टा हिँडेर यसमदेखि ग्रामोदय मावि गाम्नाङटार पठाउनुको अर्थ अचेल यसो गम्दा ग्रामोदयप्रतिको विश्वास र त्यहाँ पढाएपछि आफ्ना सन्तान केही बन्छन् भन्ने कुरा बाआमाको अन्तरमनमा कहीँकतै बसेको थियो सायद । त्यही भएर काफ्लेगाउँदेखि धाएर वर्षाभरी, भीरपाखा, खोलाभेलको वास्ता नगरी ग्रामोदयमा पढ्ने, ज्ञान प्राप्त गर्ने अवसर मिल्यो । शिक्षाको महत्त्व बेलैमा बुझेको गाम्नाङले म र मजस्ता वल्लोपल्लो गाउँका धेरैलाई आफ्नो पोल्टामा न्यानो स्वागत गरेको छ । ग्रामोदयको सबैभन्दा सुन्दर पक्ष भनेको शिक्षा क्षेत्रमा केही नयाँ र सुन्दर काम गर्ने सवालमा सबैको एकमत हुन्छ । जिन्दगीको सुन्दर समय हो- विद्यार्थी जीवन र त्यो अनुपम कालखण्ड मैले ग्रामोदयमा व्यतीत गरेको छु । त्यहाँ लामो समय पढेपछि, त्यहाँका गुरूहरूको सुसङ्गतले मैले पढाइको महत्त्व बेलैमा बुझेँ । पढाइप्रतिको कहिल्यै नअघाइने मेरो भोक जगाइदिने गाम्नाङ र ग्रामोदय मेरो विश्वविद्यालय हुन् भन्दा मलाई गर्व महसुस हुन्छ ।

ग्रामोदयबाट एसएलसी उत्तीर्ण गरेपछि प्रवीणता प्रमाणपत्र तह अध्ययन गर्न राजधानी गएको म समयले घुमाइफिराई पुनः ग्रामोदयमै ठोक्किन आइपुगेँ र स्नातकसम्मको अध्ययन ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसबाटै पूरा गरेँ । त्यसपछि आफूलाई सबैभन्दा मन पर्ने शिक्षण पेसामा संलग्न भएर अध्ययन र अध्यापनलाई सँगसँगै अगाडि बढाएँ । शिक्षा योजना तथा व्यवस्थापन र राजनीति शास्त्रमा स्नात्तकोत्तरसम्मको अध्ययन पूरा गरेँ । शिक्षक सेवा आयोगले लिएको माध्यमिक तहको शिक्षक छनोट परीक्षा २०७९ मा समावेश भएर सामाजिक अध्ययन विषयमा कोशी प्रदेशबाट १ नम्बरमा नाम निकालेर अहिले इलाम जिल्लामा कार्यरत छु । यो सब वृत्तान्त सुनाउनुको अर्थ आफ्नो कहानी प्रचार गर्नु नभई भौगोलिक रूपमा प्रदेश सदरमुकाम र जिल्ला सदरमुकामबाट धेरै टाढा ग्रामीण भेगमा रहेको कमैको आँखा पुग्ने लिखु क्षेत्रको अग्रणी शैक्षिक संस्थामा अध्ययन गरेर पनि संघ, प्रदेश र अन्य निकायले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक खुला परीक्षामा अब्बल सावित हुन सकिन्छ भनेर दृष्टान्त प्रस्तुत गर्नु हो ।

शिक्षण पेसा सम्पूर्ण पेसाको जननी पेसा हो र लामो समय शिक्षण गर्दा, वृत्तिविकास र अध्ययन अनुसन्धानको क्रममा कहिले पूर्व त कहिले पश्चिम पुग्नु नै पर्ने रहेछ । यसरी एउटा शिक्षकको पेसागत जिन्दगी जम्ने कुवा

होइन, कलकल बग्ने खोला र नदीजस्तै बन्दो रहेछ। मानिसलाई ऊ हिँडेको बाटो, टेकेको माटो र प्रकृतिले धेरै कुरा सिकाउँछ। भीरपहरा, छाँगाछहरा, खोलाखोल्सा, जीवजन्तु, वनस्पति र कल्याणी धरतीले कति धेरै ज्ञान दिन्छन्। आफ्नै धरतीको माटो, बाटो र कहिल्यै पुगेर, घुमेर, सिकेर नसकिने अपरम्पार ज्ञान, सिप र कौशल अनि विश्वब्रम्हाण्डलाई हत्केलामा अटाउने उत्कट अभिलाषा बोकेको मानव निरन्तर प्रयत्नशील छ। स्वभावैले मानिस ठूल्ठूलो इच्छा राख्छ र ससाना कुरामा पनि लोभ गर्दछ। मेरो पनि ठूलै इच्छा छ; आफ्नो पेसामा रमाउँदै नाम कमाउने र कर्मक्षेत्रमा विशिष्ट पहिचान बनाउने रहर छ। अनि मलाई पनि एउटा लोभ छ, आफूले लामो समय शिक्षा आर्जन गरेको ग्रामोदयमा केही वर्ष बिताउने; अहिलेसम्म प्राप्त गरेको ज्ञान, सिप र कौशलमार्फत सकेको योगदान गर्ने। मलाई सधैँ त्यही ग्रामोदय र गाम्नाङको सम्झना आउँछ, जहाँ शिक्षा र ज्ञानगुणका कुरामा सदैव एक कदम अगाडि बढेर सोचिन्छ, हेरिन्छ। शिक्षाक्षेत्रमा शून्य राजनीति (खराब राजनीति) तथा उन्नति र विकासमा सधैँ सर्वसम्मत। यस्तो गर्विलो इतिहास बोकेको गाम्नाङ र ग्रामोदयको गौरव र गरिमा बढाउने पुण्यकर्ममा सहभागी बन्ने हृदयको आवाज अनि अभिलाषा छ। अस्तु !

# जन्मभूमिमा कर्म गर्दाका साढे तीन वर्ष...

कृष्ण भट्टराई
शिक्षा महाशाखा प्रमुख, विराटनगर महानगरपालिकाका
पूर्वशिक्षक, ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

उसो त अपवादबाहेक जन्मभूमिको माया नगर्ने मानिस विरलै होलान् । आमा र जन्मभूमि स्वर्गभन्दा प्रिय लाग्छन् । आफू जन्मेको, हुर्केको, पढेको तथा बढेको ठाउँसँगको सम्बन्ध विशेष हुन्छ, यस्तै विशेष साइनो भएको ठाउँ हो मेरो लागि गाम्नाङटार, जुन मेरो जन्मभूमि र केही समयका लागि कर्मभूमिसमेत बन्यो । जन्मभूमिमा बिताएका बाल्यकाल तथा किशोरावस्थाका स्मृतिहरू अव्यक्त छन् तर आज म कर्मभूमिका रूपमा ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसमा बिताएका केही पलहरू स्मरण गर्दै छु ।

विसं. २०७१ साल भदौ १५ गतेपश्चात् म श्री ग्रामोदय सिद्धिचरण माविमा शिक्षकका रूपमा भित्रिएँ । उसो त त्यसभन्दा केही समय पहिला पनि शिक्षकका रूपमा भित्रने प्रयत्न गरेको थिएँ तर मेरो प्रयास सफल भएन । शिक्षक सेवा आयोगले लिएको असली परीक्षा उत्तीर्णपश्चात् भने म आफूले कखरा पढेको विद्यालयको स्थायी शिक्षक भएँ । जाँदाजाँदै दसैंको माहोल सुरु भइसकेको थियो, विद्यालयले भव्य स्वागत गर्‍यो, म खुसी नहुने कुरै भएन । हेडसरका रूपमा हुनुहुन्थ्यो- प्रेमप्रसाद भट्टराई । उहाँ मेरो आदरणीय काका अनि गुरु पनि हुनुहुन्थ्यो । विद्यालयमा जागिर नयाँ भए पनि गाउँठाउँ, छरछिमेक सम्बन्ध पुरानै थियो । मलाई नौलो केही लागेन । विद्यालय र क्याम्पस एक शरीरका दुई अंग थिए । म विद्यालय सँगसँगै क्याम्पससँग नजिकिएँ । त्यस समयमा क्याम्पस प्रमुख आदरणीय गुरु भुवनकुमार रोका हुनुहुन्थ्यो, पछि प्रेमप्रसाद भट्टराईको अवकाशपश्चात विद्यालयको प्रधानाध्यापकको समेत जिम्मेवारी लिनुभयो । अब हामी दुवै संस्थाका सारथि बन्यौँ । दसैं, तिहारपश्चात् म क्याम्पसको आंशिक शिक्षकका रूपमा नियुक्त भएँ । नियुक्ति आंशिक थियो, काम पूर्णकालीन । मनदेखि माया लाग्थ्यो । यति धेरै कि शब्दमा त्यसलाई लेख्न नसकिने गरी ।

गाउँमा युवायुवती बस्ने माहोल नभएर हो या अरू कुनै कारणबाट हो, क्याम्पसमा विद्यार्थी थोरै थिए । त्यसमाथि क्याम्पस नियमित आएर पढ्ने विद्यार्थी पाउन नै मुस्किल । पहिलो र दोस्रो वर्ष २/४ जना विद्यार्थी हुन्थे तत्पश्चात शून्यप्रायः । विद्यार्थी घट्न थालेपछि हाम्रो चासो बढ्न थाल्यो । हामी विद्यार्थी खोज्दै पोकली, खिजी, टारकेराबारी, यसमदेखि रामेछापको सैपु, दुरागाउँ, विजुलकोटलगायतका ठाउँ पुग्थ्यौँ । सबै शिक्षकहरूलाई गाउँ भाग लगाइन्थ्यो । गाउँगाउँमा गएर १२ कक्षा उत्तीर्ण विद्यार्थी खोज्नु र ती विद्यार्थीलाई स्नातक पढ्न अभिप्रेरित गर्नु हाम्रो काम थियो । त्यसका लागि गाउँका विद्यालयका प्रअको साथ सहयोग लिनुपर्थ्यो । कति हाम्रो कुरामा विश्वस्त हुन्थे, कतिका अभिभावकलाई विशेष आग्रह गर्नुपर्थ्यो । हामीले गरेको कामले गाउँका युवायुवतीले उच्च शिक्षाको अवसर पाउँथे । कति छोरीबुहारीको पढ्ने सपना साकार हुन्थ्यो । सहरका क्याम्पसको राम्रो विकल्प हाम्रो क्याम्पस थियो । हामीलाई जसरी नि क्याम्पस जोगाउनु थियो किनकि हाम्रो क्याम्पस त्यो भेगकै एक मात्र उच्च शिक्षा अध्यापन हुने संस्था थियो ।

म विद्यालय र क्याम्पसमा आबद्ध भएको छोटो समयमा नै विसं. २०७२ साल वैशाख १२ गते विनाशकारी भूकम्प गयो । भूकम्पले गाम्नाङटारमा मानवीय क्षति नगरे पनि प्रायः सबै विद्यालय र घरहरू भत्किए । विद्यालयको अफिस भएको दुई कोठा भाग्यवश केही भएन । केही दिन हामी त्यहीँ रात बितायौँ । विपत्को समयमा हामीलाई छहारी दिने काम आफ्नै विद्यालय र क्याम्पसले दियो, यसले भावनात्मक रूपमा अझै नजिक बनायो ।

क्याम्पसमा विद्यार्थी घट्न थालेपश्चात् सबैलाई चिन्ता भयो । थुप्रै छलफल गरियो । सबैको निचोड निस्क्यो- अब क्याम्पसमा परीक्षा केन्द्र कायम गर्ने । किनकि परीक्षा दिन दुई दिन हिँडेर रामपुर पुग्नुपर्थ्यो, जुन महिला, बिरामी, सुत्केरी विद्यार्थीहरूका लागि निकै कठिन हुन जान्थ्यो । परीक्षा केन्द्र टाढा भएकै कारणले त्यस क्याम्पसमा पढ्न नमान्ने विद्यार्थी हामीले प्रशस्तै भेट्टाएका थियौँ । विद्यार्थी बरु मन्थली जान चाहन्थे । परीक्षा केन्द्र नजिक हुँदा विद्यार्थी भर्ना संख्या वृद्धि हुने हाम्रो अनुमान थियो । परीक्षा केन्द्र कायम गराउने कार्य सजिलो थिएन, त्यसमाथि होम सेन्टर । उपाय अनेक लगाइयो । नेतादेखि बुद्धिजीवि सबैलाई भनसुन गर्न लगाइयो । भनसुन गर्न धेरै खट्ने काम प्रेमबहादुर बस्नेत, प्रेमप्रसाद भट्टराई, भुवनकुमार रोका, श्यामबाबु भट्टराईले गर्नुभयो । हामीले हँमा हँ गर्‍यौँ । सबैबाट सकारात्मक प्रतिक्रिया पाएपश्चात परीक्षा केन्द्र कायम गरी पाउनका लागि क्याम्पस प्रमुख भुवनकुमार रोकालगायतले मलाई आवश्यक कागजातसहित काठमाडौं पठाउनुभयो । यसपूर्व पनि काठमाडौंमा पटक-पटक यस विषयमा छलफल भइसकेको थियो । काठमाडौं गई लोककृष्ण भट्टराईलाई लिएर म त्रिवि कार्यालय बल्खु पुगेँ । त्यहाँ प्राध्यापक संघका पूर्वअध्यक्ष खगेन्द्रप्रसाद भट्टराईलाई भेट्यौँ । तीन जना भई उपकुलपतिकोमा पुग्यौँ । उहाँबाट सकारात्मक प्रतिक्रिया प्राप्त भई परीक्षा केन्द्र कायम हुने दिशामा प्रक्रिया अघि बढ्यो । त्यसको केही समयपश्चात् विराटनगरबाट निरीक्षण टोली पुग्यो । निरीक्षण टोलीलाई श्यामबाबु भट्टराईले खोलाखर्कमा सजिलो बाटो छाडी अप्ठ्यारो-अप्ठ्यारो उकालो बाटो हिँडाउनुभएको काहानी सुनाउँदा खुब हाँस्थ्यौँ । यसको उद्देश्य निरीक्षण टोलीलाई भौगोलिक विकटता देखाएर परीक्षा केन्द्र कायम गर्न मन पगाल्नु थियो । पछि सबैको प्रयास सार्थक बन्यो । विसं २०७२ सालको अन्त्यतिरबाट क्याम्पसमा परीक्षा केन्द्र कायम भयो । विद्यार्थीका लागि सजिलो भयो । हामी सबैले खुसी मनायौँ । यसमा सबैको साथ सहयोग र समन्वय रह्यो ।

परीक्षा केन्द्र नजिक भएपछि विद्यार्थी बढ्ने हाम्रो अपेक्षा सही सावित भयो । तत्पश्चात क्याम्पसमा विद्यार्थी भर्नादर बढ्यो । विद्यार्थी भर्नादर बढे पनि नियमित उपस्थिति भने चुनौतीपूर्ण नै थियो । जेहोस् मरणासन्न अवस्थामा पुगेको क्याम्पस बौरियो । सबैले सन्तोषको सास फेर्‍यौँ । क्याम्पस सञ्चालनका लागि आर्थिक अवस्थाले कठिन परिरहेको थियो । विश्वविद्यालय अनुदान आयोगबाट आएको रकम धेरै अपुग हुन्थ्यो । शिक्षकले धेरै वर्षको नियमित तलबभत्ता पाएका थिएनन् । कैयौँ समस्याका बिच पनि आफ्नो गाउँको एउटा शैक्षिक संस्थालाई जोगाउनका लागि सबैको सकारात्मक प्रयास जारी रह्यो मलाई लाग्छ, अहिले पनि त्यो प्रयास जारी छ । किनकि समस्याहरू पुरानै छन् । दिनदिनै चुनौतीहरू पनि थपिँदै गएका छन् ।

करिब साढे तीन वर्षको समयपश्चात् म निजामती सेवामा प्रवेश गरेँ । जन्मभूमि तथा केही समयको कर्मभूमिलाई छाड्नुपर्ने स्थिति आयो । मानव स्वभावले नै प्रगति चाहन्छ । त्यसो नहुँदो हो त संसारमा परिवर्तन यति छिटो सम्भव थिएन होला । उज्यालो भविष्यको सपना देखेर मैले गाम्नाङटार छाडेँ । जन्मभूमि छाडेर सही गरेँ या गलत मेरो सोच त्यसमा कहिल्यै अडिएन । केही समय कर्म गरेको विद्यालय र क्याम्पसको अहिले पनि औधि

माया लाग्छ। त्यहाँ बिताएको समय थोरै भए पनि सम्झना लामा छन्। ती सबै एक एक माला बनी स्मृतिमा बसिरहेका छन्। जन्मभूमिमा केही समय कर्म गर्न पाउँदाको सुखानुभूति हालका दिनमा अझै बढ्दै गएको छ। यति भनिरहँदा म र मजस्ता सयौँ मानिस जन्मभूमिबाट टाढा छन्। भौतिक सुखसुविधाको सपनाको पछि लागेर कर्म गरिरहेको जन्मभूमि छाड्नेको लहरमा म पनि मिसिएँ। तर भाग्यवश मैले मेरो देश छाड्नु परेको छैन। मैले योगदान गर्दै आएको शिक्षा सेवा छाड्नुपरेको छैन। आफ्नो प्रदेशको राजधानी विराटनगरमा बसी म जागिरे जीवन बिताइरहेको छु। समय अनन्त छ, सायद भविष्यले फेरि जन्मभूमिमा कर्म गर्न नपुऱ्याउला भन्न सकिँदैन। म त्यसका लागि हर्दम तयार भई बसेको हुन्छु। जहाँ गए पनि ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस मनमा बसिरहनेछ। कहिल्यै नमेटिने छाप बनेर...कहिल्यै नसकिने याद बनेर...।

# खस्कँदो सामुदायिक शिक्षा : बेखबर सम्बद्ध पक्ष

गोकर्णप्रसाद लम्साल
पूर्व उपप्राध्यापक, ग्रा.यु.सि. क्याम्पस
हालः त्रिपुरा सुन्दरी मावि, धादिङ

विसं. १९१० बाट औपचारिक रूपमा विद्यालय स्थापना भई शैक्षणिक अभ्यासमा देश लम्किएको झन्डै १७ दशक भइसकेको छ। यो लामो कालखण्डमा देशमा विभिन्न राजनैतिक वाद, सिद्धान्त र प्रणालीहरू परिवर्तित हुँदै गए। त्यसको प्रत्यक्ष-परोक्ष प्रभाव सार्वजनिक शिक्षामा पनि पऱ्यो; किनकि कुनै पनि देशको शिक्षालाई त्यो देशको राजनैतिक प्रणालीले सोझै प्रभाव पार्दछ। राणाकालीन समयावधिभर देशको शिक्षाको अवस्था आइसल्यान्डको सर्पको जस्तो भयो। सम्भ्रान्त वर्गीय घरानियाँ परिवारका लागि मात्र सीमित बनिरहेको शैक्षिक गतिविधिमा देवशमशेरजस्ता शिक्षाप्रेमी राणा प्रधानमन्त्रीको आगमनसँगै शिक्षाको क्षेत्रमा परिवर्तन र विकास हुन थाले तापनि सम्पूर्ण जनताको पहुँचमा शिक्षा सर्वसुलभ भने विसं २००७ पछि मात्र भयो। प्रजातन्त्रको आभ्यासिक चरणमा गुणात्मकभन्दा पनि सङ्ख्यात्मक शिक्षाको विकास हुँदै जाँदा समयसमयमा विभिन्न आयोगका प्रतिवेदनले शैक्षिक नीति र गतिविधिमा सुधार र थप मार्गदर्शन गर्दै लगेको कुरा इतिहासबाट प्रस्ट हुन्छ।

केही विदेशी शैक्षिक अभ्यास र केही आफ्नै सुझबुझसहित एकाङ्गी रूपमा अघि बढिरहेको सार्वजनिक शैक्षिक यात्रामा २०३० को दशकको अन्त्यतिरबाट निजी विद्यालय खोल्न पाउने सरकारी प्रावधान भएपश्चात् सार्वजनिक तथा सामुदायिक विद्यालयहरूमा चुनौतीहरू थप हुँदै गए। देशमा समय-समयमा भएका राजनैतिक परिवर्तन तथा त्यसको प्रभाव स्वरूप निर्माण भएका संविधानहरूले पनि शिक्षा नीतिको सम्बन्धमा मूल्यमान्यता र नीतिगत दिशानिर्देश गर्दै आउन थाले। देशमा प्रजातन्त्र आयो, बहुदल आयो, लोकतन्त्र र गणतन्त्र आयो तर हिजो राणाकालीन समयको शैक्षिक गुणस्तरको सूचकांकको तुलनामा आजको गणतान्त्रिक अभ्यासको क्रममा शैक्षिक उन्नयनमा कायापलट आउनुपर्ने हो; त्यो पाउन सकिएन। सरकारको नीतिगत कमजोरीका कारण निजी विद्यालयको स्थापनासँगै अभिभावकहरू दुई वर्गमा विभाजित भए। हुने खाने सम्पन्न वर्गका अभिभावकहरू महँगो शुल्क तिरेर निजी विद्यालयमा आफ्ना छोराछोरी भर्ना गर्नमा अग्रसर हुन थाले जुन प्रकारान्तर ढङ्गले शैक्षिक व्यापारको सुरुवात थियो। त्यतिबेलादेखि नै सामुदायिक विद्यालय हुँदा खाने वर्गको निर्विकल्प गन्तव्य बन्न थाल्यो। वर्तमान समयसम्म आइपुग्दा सामुदायिक विद्यालयका अभिभावकहरूको तथ्याङ्कलाई अध्ययन गर्ने हो भने केही सीमित विद्यालय र त्यसका सीमित अभिभावकहरूबाहेक बहुसंख्यक अभिभावक अशिक्षित छन्; कमजोर आर्थिक अवस्था छ; जो कहिल्यै विद्यालय जाँदैनन्; जसले शिक्षामा आर्थिक र मानसिक लगानी चाहिन्छ भन्ने बुझेको छैन; जसले आफ्नो छोराछोरीको शैक्षिक प्रगतिको मूल्यांकन गर्न सक्दैन।

अभिभावक कमजोर र अशिक्षित छन् भने त्यहाँ अन्य विविध प्रकारका समस्या र चुनौतीहरू देखा पर्न

थाल्छ । सोझा अभिभावकको कारण विद्यालयलाई राजनैतिक अभ्यासको आधार थलो बनाउने राजनैतिक दल, विद्यालयको गुणस्तर सुधार गर्नभन्दा कसैको दौरा समाएर जागिरमा टिक्न र हाबी हुन चाहने शिक्षक, आ-आफ्नो पक्षका शिक्षकलाई सरुवा मिलाउन बढुवा गर्न वा भर्ना गर्न व्यस्त स्थानीय निकाय, छोराछोरीलाई विद्यालय पठाएपछि आफ्नो कर्तव्य पूरा भयो भन्ने बुझाइ रहेको अभिभावकहरूले यही मानसिकता र अवस्था कायम राख्ने हो भने आजको खस्कँदो शैक्षिक गुणस्तर सुधार गर्न यिनीहरूले कुनै माखो मार्नेवाला छैनन् । यस्तो शैक्षिक संयन्त्रमा आज विद्यार्थी हातखुट्टा बाँधेर पौडी खेल्न लगाएको पौडीवाजजस्तो डुबेर मर्ने निश्चित छ । यस्तो महासागरबाट तैरनका लागि उसमा न कुनै सिप छ; न कुनै व्यावहारिक ज्ञान छ; न त कुनै आत्मनिर्भरताको कडी । त्यसैले त उसले देशको राजनैतिक खिचातानी र भ्रष्ट नेता, अर्थहीन मूल्यहीन र दिशाहीन शैक्षिक अन्योलता बुझेपछि सकिन्छ युरोपियन देश वा अमेरिका, अस्ट्रेलिया र सकिँदैन खाडी मुलुक भए पनि जाने मानसिकता बनाउन थाल्छ। सरकारको लाचारीपन, अकर्मण्यता तथा प्रभावकारी नीतिगत शैक्षिक योजनाको अभावका कारण आज युवा पुस्ता विदेश पलायन भइरहेको छ भने अलिअलि बाँकी रहेका पनि शैक्षिक बेरोजगार बनेर भौँतारी रहेका छन् । सरकार रेमिट्यान्सबाट देशको अर्थतन्त्रलाई हुटिट्याउँले आकाश थामे जसरी थामिरहेको छ। अभिभावक आफ्नो सन्तान विदेश गएको प्रति गर्व गरिरहेका छन् । माटो सुहाउँदो शैक्षिक नीति र त्यसको कार्यान्वयनको अभावमा देश खाली हुँदै गइरहेको वास्तविकतालाई आधार मान्दा यही अवस्था रहेमा अबका २०/३० वर्षमा देश पूरै रित्तिने निश्चित छ।

## वर्तमान समयका शैक्षिक मुद्दा वा समस्याहरू

१) व्यावहारिक शिक्षाको अभाव : व्यावहारिक वा व्यावसायिक शिक्षा त्यो हो जसको अध्ययनपश्चात् विद्यार्थीहरू कुनै पनि सिप वा व्यावहारिक ज्ञानमा निपुर्ण भएर स्वरोजगार सिर्जना गर्न सकोस् । सिद्धान्तमा यस्ता कुराको चर्को व्याख्या गरिए तापनि नेपालमा प्रचलित शिक्षा हालसम्म आइपुग्दा पनि व्यावसायिक र व्यावहारिक बन्न सकेको छैन । विदेशी माटोमा उपयुक्त भएको शिक्षा नीतिको नक्कल गर्नु तथा घरघरका समस्यालाई पाठ्यक्रममा समावेश गर्न नसक्नु अव्यावहारिक शिक्षाको उदाहरण हो । जसको फलस्वरूप शिक्षा केवल युवा पुस्तालाई विदेश जान प्रेरणा दिने साधन मात्र बन्न सकेको छ।

२) राज्यको फितलो र अपरिपक्क निर्णयहरू : पाठ्यक्रम निर्माणको सिद्धान्तलाई अध्ययन गर्ने हो भने सामान्यतः प्रत्येक ५ वर्षमा परिमार्जन र १० वर्षमा पूर्ण परिवर्तन हुनुपर्ने हो । यहाँ पाठ्यक्रम परिवर्तन हुँदा १०/१५ वर्ष अगाडिका पाठ्यसामग्री पुनः राख्ने फेरि त्यही पाठ्यसामग्री समावेश गर्ने देखिएको छ। पालैपालो विभिन्न कक्षामा ती सामग्री राखिन्छ। परिमार्जन र परिवर्तनको अर्थ यही हो र ? पाठ्यसामग्री समयानुकूल परिवर्तित मानसिकता र विश्व समाजलाई प्रतिविम्बन गर्न सक्ने हुनु पर्दैन र ? पाठ्यक्रमले सूचना प्रविधि र आधुनिकतालाई समेट्न सक्नु पर्दैन र ? पाठ्यक्रमले स्वरोजगार सिर्जना गर्ने क्षमता राख्न पर्दैन र ? यस्ता प्रश्नको जवाफ कसले दिने ? सरकार एउटा शिक्षा नीति वा निर्देशिकाको वर्ष दिन नबित्दै पटक-पटक परिमार्जन गर्छ । अपरिपक्व निर्णय गरेर शिक्षा क्षेत्रलाई गन्जगोल बनाइरहन्छ, जसबाट सरकारसँग शैक्षिक मुद्दाहरूको समाधानका लागि कुनै स्पष्ट र दीर्घकालीन दूरदर्शिता नभएको प्रस्ट हुन्छ।

३) एकोहोरो लगानी : हामी सबैले 'शिक्षामा लगानी' भन्ने मूल मन्त्रलाई बुझ्न जरुरी छ। शैक्षणिक गतिविधिमा प्रत्यक्ष जोडिएका शिक्षक अभिभावक र राज्यको संयुक्त लगानी शिक्षामा हुनु आवश्यक छ। राज्यले अभिभावकको आर्थिक भार कम गर्न एकोहोरो रूपमा सबै कुरामा लगानी गर्न थाल्यो। पोसाक, खाजा, छात्रवृत्तिजस्ता विविध शीर्षकमा राज्यले प्रत्येक विद्यार्थीमाथि लगानी गरेको छ। तर जब अभिभावक वा विद्यार्थीको शिक्षामा लगानी छैन भने उनीहरूलाई थप चासो र चिन्ता पनि छैन। त्यसकारण अभिभावक फर्किएर स्कुल जाँदैन, छोराछोरीको शैक्षिक अवस्थाप्रति चासो राख्दैन। लगानी गरिएको शिक्षा मात्र फलदायी हुन्छ भन्ने वास्तविकतालाई निजी विद्यालयले पुष्टि गरेको छैन र ?

४) स्थायी जागिरको प्रभाव तथा जिम्मेवारीविहीन भूमिका : बहुसंख्यक स्थायी शिक्षकहरूलाई अध्ययन गर्दा ऊ त्यो दिनसम्म बढी लगनशील र सक्रीय भएर पढाउँछ जुन दिनसम्म उसको जागिर अस्थायी छ अझै ऊ निजी विद्यालयमा पढाउँछ। कतिपय दस जोड दुई मात्र पढेर बोर्डिङमा पढाउने शिक्षकको तुलनामा अध्यापन अनुमतिपत्र प्राप्त तथा आयोगको परीक्षामा सफल भएर आएका शिक्षकबाट शिक्षण हुँदा विद्यार्थीको शैक्षिक गुणस्तर अत्यधिक बढ्न पर्ने होइन र ? गुणस्तर बढ्न वा बढाउनमा शिक्षकको भूमिकाले मात्र पुग्दैन, सबैको चासो र चिन्ता रहनुपर्छ भन्ने वास्तविकतालाई नबिर्सीकन शिक्षकलाई जिम्मेवारी बोध गराएर सिकाइ उपलब्धिका आधारमा प्रोत्साहन (पुरस्कार र दण्ड) दिन नसक्दा पनि सामुदायिक विद्यालयको अवस्था यस्तो हुन पुगेको हो।

५) उत्तरदायित्वविहीन अभिभावक : अधिकांश संस्थागत विद्यालयमा पढ्ने आफ्ना बच्चालाई अभिभावकहरू गाडीमा वा काँधमा बोकेर वा डोऱ्याउँदै झोला, पानी, खाज र सफा लुगाको व्यवस्थासहित आफैं विद्यालयमा पुऱ्याउन जान्छन्। तर सामुदायिक विद्यालयमा अझै ग्रामीण भेगका विद्यालयहरूमा झोलाबिना वा चेन फुस्किएका झोला, चप्पल लगाएर, मैला कपडा लगाई, सिँगान बगाउँदै, दाइदिदीको हातमा झुन्डिँदै वा एक्लै विद्यार्थी विद्यालय आइपुग्छ। त्यति मात्र होइन, ऊसँग झोलामा कापी र कलम कहिलेकाहीँ मात्र हुन्छ। एउटै अभिभावकले सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा आफ्ना छोराछोरी पढाएको छ भनेसमेत ती दुई सन्तानलाई गर्ने व्यवहारमा भिन्नता छ। यस्तो पारिवारिक वातावरणमा अब गुणस्तरीय शिक्षा सम्भव होला ?

६) स्थानीय निकायको हस्तक्षेप : गणतन्त्रको स्थापनासँगै निर्माण भएको संविधानले स्थानीय निकायलयलाई माध्यमिक तहसम्मको शिक्षाको अधिकार दिएको छ। स्थानीय निकायले शिक्षकको मनोबल नगिर्ने गरी गुणस्तरीय शिक्षामा लगानी गर्न सके परिवर्तन सम्भव छ। तर शिक्षकलाई हर दृष्टिमा मनोबल गिराउने र आफू सिंह सम्झने स्थानीय सरकारहरूले विद्यालयलाई आफ्नो अधिकारको क्षेत्र मात्र मान्ने होइन, विद्यालयका हर आवश्यकता पूरा गर्न सक्नुपर्छ। शिक्षकलाई तालिम कत्तिको दिइएको छ ? कतिपय शिक्षकका तलबले उनीहरूको जहानपरिवार पालिने अवस्था छैन। त्यस्ता शिक्षकका लागि केही पेसागत प्रोत्साहनका कार्यक्रम ल्याउन भएको छ ? स्थानीय पाठ्यक्रम निर्माण गर्नुभएको छ ? विद्यालमा कत्तिको अनुगमन हुने गरेको छ ? आज मोटो रकम छैन भने सरुवा नहुने अवस्था आएको छ। एउटा स्थानीय सरकारले स्थापना गरेका पालिका अनुदानका नाममा शिक्षकलाई राजनैतिक प्रतिशोधका आधारमा अथवा यो वा त्यो बहानामा कुनै पनि बेला अवकास दिइएको छ। स्थानीय सरकारको शिक्षासम्बन्धी अधिकार र गाउँगाउँमा सिंहदरबार भनेको यही हो र ?

७) वैदेशिक रोजगारप्रतिको आकर्षण : तपाईँ दस जोड दुईका विद्यार्थीलाई सोध्नुभयो भने कुनै पनि विद्यार्थीले त्योभन्दा माथिल्लो तहमा अध्ययन गर्ने इच्छा राख्दैन। एकातर्फ उसको पढाइ नै कमजोर छ भने अर्कोतर्फ उसले आफूभन्दा अघिल्लो पुस्ताले पढेर प्रगति गरेको वा जागिर खाएको पनि समाजमा देखेको छैन। यस्तै भइरहँदा भोलिका दिनमा देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति कहाँबाट आयात होला ? आफ्नो ठाउँमा ऊ सके पनि केही गर्न चाहँदैन। बरु जसरी पनि सके राम्रो देश त नसके खाडीमुलुक भए पनि जान चाहन्छ। अभिभावकलाई पनि घरमा बस्दा केही काम नगर्ने र हल्लिएर हिँड्ने आफ्ना सन्तान विदेश गएकोमा नै खुसी छ। विद्यार्थीमा मोबाइलको कुलत छ। यस्तो अवस्थामा मोबाइल फोनलाई प्रविधिमैत्री शिक्षण सिकाइसँग जोडेर राष्ट्रियताको भावसहित स्वरोजगार सिर्जना गर्न सक्ने गुणस्तरीय शिक्षाको सुरुवात कहिलेबाट ?

## समाधानका उपायहरू

१. व्यवसायमूलक व्यावहारिक शिक्षामा जोड दिनुपर्छ।

२. गुणस्तरीय शिक्षाको विकासका लागि स्पष्ट र दूरगामी लक्ष्यसहितका राष्ट्रिय कार्यक्रमहरू अघि सार्नुपर्छ।

३. सम्बन्धित सबै पक्षबाट शिक्षामा मानसिक वा आर्थिक लगानी गर्नुपर्छ।

४. शिक्षक जागिर खानका लागि होइन, विद्यार्थीको पथ प्रदर्शक र राष्ट्रको भविष्य निर्माता भएर शिक्षक विद्यालय प्रवेश गर्नुपर्दछ।

५. शैक्षिक गुणस्तरको विकासमा अभिभावकलाई प्रमुख जिम्मेवार पक्ष बनाउनुपर्छ।

६. स्थानीय निकायको हस्तक्षेपकारीभन्दा सहयोगात्मक, रचनात्मक र समन्वयात्मक भूमिका रहनुपर्छ।

यी विविध प्रकारका समस्याहरूको समाधानका लागि कुनै एक पक्षले मात्र चिन्ता र चासो राख्दैमा सम्भव छैन। तर पनि विद्यार्थीसँग प्रत्यक्ष जोडिएर उसलाई ज्ञान, सिप दिई मार्गदर्शन गर्ने र प्रभावकारी भूमिका खेल्ने प्रमुख पक्ष भनेको शिक्षक नै हो। शिक्षकले चाहेमा परिवर्तन सम्भव छ। निदाएका र निदाएको जस्तो गरेका अन्य विभिन्न पक्ष र निकायलाई ब्युँझाउने काम शिक्षकको हो। यसो गर्न सकिएको खण्डमा वर्तमान समयमा सार्वजनिक शिक्षामा देखिएको गुणस्तरहिनताको अन्त्य गराई सम्पूर्ण विद्यार्थी तथा उत्पादित जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने, योग्य तथा दक्ष जनशक्ति उत्पादनको थलोका रूपमा सामुदायिक विद्यालयहरूको विकास गर्न सकिन्छ।

# गृहकार्यका सकारात्मक र नकारात्मक पक्षहरू

डुकेन्द्रबहादुर खड्का
पूर्व विद्यार्थी, ग्रा.यु.सि. क्याम्पस
हालः कालिका मावि, मोली, ओखलढुङ्गा

गृहकार्य पाठयोजनाको एक अङ्ग हो । शिक्षकले विद्यार्थीलाई शिक्षणसिकाइ क्रियाकलाप गरिसकेपछि घरमा गर्नका लागि दिइने काम नै गृहकार्य हो । गृहकार्य दिनुको मूल उद्देश्य विद्यार्थीलाई सिकाइमा सक्रिय बनाई उनीहरूको सिकाइ उपलब्धि वृद्धि गर्नु नै हो । गृहकार्य विगतदेखि नै विद्यार्थी जीवनको एक हिस्सा बनेको छ । यसका सकारात्मक र नकारात्मक पक्षहरूका बारेमा सरोकारवालहरूका बिचमा तर्कवितर्क हुँदै आएको छ । सबलता र दुर्बलताको विषयलाई लिएर गृहकार्य एक विवादास्पद मुद्दा बनेको छ । यसको मूल्यको बारेमा आज पनि बहस जारी छ । एक पक्षबाट हेर्दा गृहकार्यबाट विद्यार्थीलाई शिक्षण सिकाइमा ठूलो फाइदा पुगेको देखिन्छ भने अर्को पक्षबाट हेर्दा विद्यार्थीको जीवनमा शारीरिक, मानसिक तथा सामाजिक रूपमा नकारात्मक असर परेको देखिन्छ । त्यसैले गृहकार्यलाई प्रभावकारी बनाउन यसका सकारात्मक र नकारात्मक दुवै पक्षको अध्ययन गरी वास्तविकता पत्ता लगाउनु आवश्यक छ ।

## गृहकार्यको सकारात्मक पक्ष

गृहकार्य शिक्षक, अभिभावक र बालबालिकाबिचको सम्बन्धलाई सुदृढ बनाई बालबालिकालाई सिकाइमा सक्रिय गराउने एउटा माध्यम हो । यसले विद्यार्थीको विद्यालय समयभन्दा बाहिरको सिकाइलाई बलियो बनाउँछ । यसले विद्यार्थीमा असल बानीको विकास गर्ने र विद्यालयप्रति सकारात्मक धारणाको विकास गर्न मद्दत गर्छ । कक्षामा सिकेको कुरालाई व्यावहारिक जीवनमा लागू गर्नसमेत गृहकार्य उपयोगी हुन्छ । विद्यार्थीहरूलाई आफूले गर्नुपर्ने काम र त्यो काम गर्न लाग्ने समयका बिचमा सन्तुलन कायम गर्न गृहकार्यले महत्त्वपूर्ण भूमिका खेल्छ । गृहकार्यले विद्यार्थीहरूको निरन्तर सिकाइलाई बढवा दिन्छ । विद्यार्थीले सिकाइ सामग्री अध्ययन गर्ने थप समय प्राप्त गर्छन् । यसबाट विद्यार्थीमा समय व्यवस्थापन गर्ने कौशलको विकास हुन्छ । विद्यार्थीमा आलोचनात्मक सोच र समस्या समाधान गर्ने क्षमताको विकास गर्ने अवसर प्राप्त हुन्छ । गृहकार्यले शिक्षकलाई विद्यार्थीको सिकाइ क्षमता के कस्तो छ भनी मूल्यांकन गर्न मद्दत गर्छ । विद्यार्थीले गृकार्यका रूपमा पूरा गरेका कार्यहरूका आधारमा शिक्षकलाई शिक्षण सिकाइमा परिवर्तन गर्न सहयोग मिल्छ ।

आफ्नो गृहकार्य आफैं गर्दा विद्यार्थीमा आत्मनिर्भर बन्ने बानीको विकास हुन्छ । घरमा अध्ययन गरी राम्रो नतिजा हासिल गर्न विद्यार्थीलाई उत्प्रेरणा प्राप्त हुन्छ । गृहकार्यले कक्षामा छलफल गरिएका विषयवस्तु अभ्यास गर्ने अवसर प्रदान गर्छ, जसले गर्दा विद्यार्थी विद्यालयमा सिकाइएका तथ्यहरू सम्भन सक्षम हुन्छन् । यसबाट विद्यार्थीको स्मरणशक्ति बढ्नुका साथै एकचित्त भई काम गर्ने बानीको विकास हुन्छ । अभिभावकले आफ्ना बालबालिकाको गृहकार्य हेरेर शैक्षिक अवस्थाको मूल्याङ्कन गर्न सक्छन् । यसबाट अभिभावकलाई आफ्ना बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न शिक्षकसँग छलफल गर्ने बाटो खुल्छ । विद्यार्थीले नबुभ्केका भएमा

थप सामग्रीको प्रयोग गर्न अनि बुझेका भएमा अर्को पाठमा जानको निम्ति गृहकार्यले शिक्षकलाई सहयोग गर्छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१९ मा दस कक्षाको गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी विषयमा गृहकार्य नगर्नेभन्दा गृहकार्य गर्ने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो भएको प्रविवेदन सार्वजनिक गरेको छ। यसबाट पनि गृहकार्यले विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न मद्दत गर्छ भन्ने कुराको पुष्टि हुन्छ।

गृहकार्यले विद्यार्थीलाई अवधारणात्मक गहिराइमा पुगेर विषयवस्तु सिक्न मद्दत गर्छ। यसबाट उनीहरूलाई विभिन्न प्रविधिको प्रयोग गरी कसरी समस्या समाधान गर्ने भन्ने अनुभव प्राप्त हुन्छ। विद्यार्थीले आफ्नो समस्याको सबै सम्भावित समाधानहरू खोज्न कडा परिश्रम गर्नुपर्ने हुन्छ। समाधानको बाटोमा नपुगेसम्म उनीहरूले विभिन्न विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ। यसले उनीहरूलाई लगनशील बनाउन, कडा परिश्रम गर्न र दृढ सङ्कल्प तथा धैर्यको विकास गर्न मद्दत गर्छ। गृहकार्यले विद्यार्थीलाई फुर्सदको समय सदुपयोग गर्न र नयाँ नयाँ सिपहरू सिक्न मद्दत गर्छ। यसले विद्यार्थीलाई शिक्षक र अभिभावकको सहयोगबिना स्वतन्त्र रूपमा समस्याहरू समाधान गर्ने बानीको विकास गराउँछ। गृहकार्यले विद्यार्थीमा सिकाइप्रति सकारात्मक मनोवृत्ति निर्माण गर्नुका साथै नवीन विषयवस्तुप्रति जिज्ञासा जगाउँछ। जिज्ञासु विद्यार्थी आफैं विषयवस्तुको गहिराइमा पुगी नवीन ज्ञान, सिप र धारणाको विकास गर्न सक्छन्। गृहकार्य विद्यार्थीमा अध्ययन गर्ने बानी बसाल्न र उनीहरूको सिकाइ सिपको विकास गर्ने उत्तम तरिका हो। गृहकार्यका सकारात्मक पक्षहरूलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ।

- गृहकार्यले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न मद्दत गर्छ।
- गृहकार्यले विद्यार्थीलाई जिम्मेवार बनाई स्वसिकाइ गर्न र समय व्यवस्थापन गर्न सहयोग गर्छ।
- गृहकार्यले विद्यार्थीलाई अध्ययन गर्ने बानी र जीवनकौशल सिपको विकास गर्न मद्दत गर्छ।
- गृहकार्यले अभिभाकलाई आफ्ना बालबालिकाको सिकाइमा संलग्न हुने वातावरण सिर्जना गर्छ।
- गृहकार्यले शिक्षक तथा अभिभावकलाई विद्यार्थीको सिकाइ क्षमताको मूल्यांकन गर्न मद्दत गर्छ।
- गृहकार्यले कक्षाकोठाको सिकाइलाई बलियो बनाउँछ।
- गृहकार्यबाट विद्यार्थीलाई सिकाइप्रति दृढ विश्वास र निरन्तरको अभ्यास प्राप्त हुन्छ।
- गृहकार्यले विद्यार्थीलाई सिकाइप्रति सकारात्मक मनोवृत्ति निर्माण गर्न मद्दत गर्छ।
- गृहकार्यले विद्यार्थी, शिक्षक, अभिभावकबिचको सम्बन्धलाई बलियो बनाउँछ।

## गृहकार्यको नकारात्मक पक्ष

गृहकार्य विद्यार्थी जीवनको दैनिकी हो। नर्सरीमा भर्ना भएदेखि विद्यार्थीले गृहकार्य गर्नुपर्ने हुन्छ। आजका बालबालिका विद्यालयबाट घर आएपछि सबैभन्दा बढी घोत्लिने भनेकै गृहकार्यमा हो। सही तरिकाले गृहकार्य नगरेमा शिक्षकको गाली खानुपर्ने र सजाय भोग्नुपर्ने डर विद्यार्थीमा हुन्छ। त्यसैले विद्यार्थी गृहकार्यप्रति गम्भीर र संवेदनशील बन्दछन्। अझ कक्षामा पढाएको पाठ नबुझेका कमजोर विद्यार्थीका लागि भने गृहकार्य सबैभन्दा ठूलो सजायको विषय बनेको छ। यसबाट उनीहरूलाई आफ्ना साथी, शिक्षक र समग्र विद्यालयप्रति

नै वितृष्णाको भाव पैदा हुन पुग्छ । गृहकार्य आफैंमा नराम्रो होइन तर गृहकार्यको महत्त्व र आवश्यकता नबुझी दिइने गृहकार्य विद्यार्थीका लागि बोझ बनेको छ । विद्यार्थीलाई घरमा विद्यालयको काम गर्न नदिएमा आफ्नो समय खेर फाल्छन् भन्ने कतिपय अभिभावकको सोचाइ रहेको छ । अभ्यासले मानिसलाई पूर्ण बनाउँछ त्यसैले शैक्षिक उपलब्धि बढाउन विद्यार्थीलाई पर्याप्त गृहकार्य दिनुपर्छ भन्ने बुझाइ छ । शिक्षण सिकाइको आधुनिक तरिका अवलम्बन गर्ने हो भने अभ्यासका लागि विद्यालयको समय नै पर्याप्त छ ।

विद्यालयमा शिक्षकले दिएको गृहकार्य कतिपय विद्यार्थीका लाग एकदमै भारी भएको छ । कतिपय बालबालिकाहरू गृहकार्य गर्न एकदमै गाह्रो मान्ने गरेका छन् । उनीहरू गृहकार्य नसकेका कारण विद्यालय नै जान नमान्ने अवस्था छ । केही वर्ष पहिले भारतको तमिलनाडुको एक विद्यार्थीले विद्यालयको गृहकार्य आमाले चलाइरहेको स्कुटरको पछाडि बसेर गरिरहेको भिडियो सामाजिक सञ्जालमा भाइरल भयो । शिक्षकले गृहकार्य नगरेकै कारण विद्यार्थीलाई शारीरिक र मानसिक रूपमा चोट पुग्ने गरी व्यवहार गरेका घटनाहरू यदाकदा समाचार बन्दै आएका छन् । यसबाट विद्यार्थीमा विद्यालयप्रति नै नकारात्मक भावनाको विकास हुन्छ । गुणस्तरीय शिक्षा दिने नाउँमा जबरजस्ती कुटपिट गर्ने र धम्क्याएर पढाउने प्रवृत्ति सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी छ । सिकाइमा उत्प्रेरणाको कमी, गृहकार्यको अधिकता, पारिवारिक अवस्था, विषयवस्तुको जटिलता, प्रशंसा र पुरस्कारभन्दा दण्ड र गालीको बढीको प्रयोग, नियमित परीक्षण र पृष्ठपोषणको अभाव आदि जस्ता कारणले विद्यार्थी गृहकार्यप्रति जागरुक देखिँदैनन् । त्यसैले उनीहरूले सिक्नका लागिभन्दा पनि शिक्षकलाई देखाउनका लागि गृहकार्य गरेको पाइन्छ । शिक्षकको यातनाबाट बच्न कतिपय विद्यार्थीले साथीको गृहकार्य सारेर देखाउने गरेको पाइन्छ । यसरी गृहकार्यलाई विद्यार्थीले सिकाइको अङ्गका रूपमा भन्दा पनि बोझका रूपमा लिएका छन् ।

कतिपय अभिभावकले विद्यार्थीको चौतर्फी विकासका लागिभन्दा विद्यार्थीलाई व्यस्त राख्नकै लागि गृहकार्यको मात्रामा जोड दिएका छन् । नयाँनयाँ ठाउँमा घुम्न जाने, साथीभाइसँग खेल्न मन पराउने र नयाँ अनुभव लिन खोज्ने बालबालिकाको स्वभाव नै हो । अभिभावकहरू कामको व्यस्तका कारण शिक्षकसँग बढी गृहकार्यको माग राख्दछन् ताकि आफ्ना बालबालिकाको ध्यान पढाइ-लेखाइबाहेक अन्यत्र जाने समय नै नहोस् । पढाइलाई निरन्तरता दिने उद्देश्यले लामो बिदाको समयमा विद्यार्थीलाई बिदाभरिलाई पुग्ने गरी गृहकार्य दिने प्रचलन छ । कतिपय विद्यार्थी दसैंजस्तो चाडमा पनि गृहकार्यकै कारण खासै खुसी देखिँदैनन् किनकि उनीहरूलाई गृहकार्यको बोझले सताइरहेको हुन्छ । घरपरिवार र समाजका सदस्यहरू चाडपर्वमा रमाइरहँदा विद्यार्थी भने गृहकार्य कसरी सक्ने भन्ने तनावमा हुन्छन् । गृहकार्यको बोझले विद्यार्थीमा निद्रामा झस्कने, खाना खान नमान्ने, स्कुल जान नमान्ने, स्कुल जाने समयमा रुने आदि जस्ता मानसिक समस्या देखा पर्न सक्छन् । विद्यार्थीको रुचि, चाहना र आवश्यकतालाई ध्यान नदिई फेसनका रूपमा गृहकार्य दिने प्रचलन छ । गृहकार्यका नकारात्मक पक्षहरूलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ ।

- अधिक गृहकार्यले विद्यार्थीमा अनावश्यक तनाव निम्त्याएको छ ।
- गृहकार्य बालबालिकाको खेल्ने र मनोरञ्जन गर्ने समयको बाधक बनेको छ ।
- कतिपय विद्यार्थी र अभिभावकका लागि गृहकार्य बोझ बनेको छ ।
- गृहकार्य बालबालिकाको सिर्जनशीलताको बाधक बनेको छ ।

- गृहकार्यले विद्यार्थीलाई उनीहरूको सामाजिक जीवनबाट वञ्चित गर्छ।
- तल्लो कक्षाका साना विद्यार्थीमा गृहकार्यले जिम्मेवारीको भावना कम विकास गर्छ।
- विद्यार्थीको औसत सुत्ने समयमा कमी भई स्वास्थ्यसम्बन्धी समस्या देखा पर्छ।
- तल्लो कक्षाका साना विद्यार्थीका लागि गृहकार्य कम प्रभावकारी हुन्छ।
- कक्षामा बढी विद्यार्थी हुँदा शिक्षकलाई गृहकार्य परीक्षण गर्न भार पर्छ।

अहिले संसारभर शिक्षासम्बन्धी नयाँ दृष्टिकोण अगाडि आएका छन् र पुराना मान्यता भत्किँदै छन्। विद्यार्थीलाई दिइने अधिक गृहकार्य अन्त्य वा कम गर्नुपर्ने अभ्यास बढेको छ। फिनल्यान्ड, जापान, कोरिया, चीनजस्ता देशले गृहकार्य दिनै पर्ने भएमा एकदमै कम दिनुपर्ने नियम बनाएका छन्। संसारका विभिन्न देशका विद्यालयमा गृहाकार्य दिने १० मिनेटको नियम अभ्यासमा छ। यसअनुसार एक कक्षामा  पढ्ने विद्यार्थीले हरेक दिन १० मिनेटको गृहकार्य पाउँछन् भने दुई कक्षामा पढ्ने विद्यार्थीले २० मिनेटको गृहकार्य पाउँछन्। यसरी प्रत्येक कक्षामा क्रमशः १० मिनेट जोडिँदै जान्छ र बाह्र कक्षामा पढ्ने विद्यार्थीले १२० मिनेटको गृहकार्य पाउँछन्। नेपालले पनि समयानूकूल गृहकार्यको विधि र पद्धतिमा परिवर्तन गर्नु आवश्यक छ। अर्को दिन पढाइ हुने पाठसँग सम्बन्धित विषयवस्तुलाई पनि गृहकार्यमा समेट्न सके विद्यार्थीलाई बुझ्न सजिलो हुन्छ र पढाइप्रति रुचि जाग्छ। विद्यार्थीलाई लेख्ने र पढ्ने मात्र नभएर सुन्ने, खेल खल्ने, नाच्ने, गीत गाउने आदि सिर्जनात्मक र रचनात्मक कुराहरू गृहकार्यका रूपमा दिन सकिन्छ। लामो बिदामा यात्रा संस्मरण, परियोजना कार्य, दैनिकी तथा निबन्ध लेख्नजस्ता  रमाइलो अनुभूति हुने खालका गृहकार्य दिनु उपयुक्त हुन्छ। शिक्षकले नियमित रूपमा गृहकार्य दिई त्यसको परीक्षणपश्चात् पृष्ठपोषण दिनुपर्दछ। गृहकार्य विषयवस्ततुको प्रकृति तथा विद्यार्थीको स्तर, क्षमता र रुचिअनुसार सरल तथा सहज प्रकृतिको हुनुपर्छ। यसबाट विद्यार्थीमा बोझ कम भई राम्रो सिकाइ अनुभव प्राप्त हुन्छ र गृहकार्यप्रति सकारात्मक धारणाको विकास गर्न सहयोग पुग्छ।

# प्राविधिक शिक्षाको महत्त्व

प्रज्ञा भट्टराई
पूर्व विद्यार्थी, ग्रा.यु.सि. क्याम्पस

कुनै किसिमको विज्ञान, शिल्पकला आदिसँग सम्बन्धित शिक्षालाई प्राविधिक शिक्षा भनिन्छ। प्रविधि कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अंगालिने खास विधि वा प्रक्रियालाई सम्झिनुपर्छ। कुनै कुराको निर्माण विधि, पद्धति, सिप, ढङ्ग वा कौशललाई प्रविधि भनिन्छ। समाजका लागि अत्यन्त आवश्यक निर्माणात्मक कार्य सञ्चालन गर्ने विद्या वा ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ। यो व्यावहारिक र रोजगारमूलक शिक्षा हो।

आज प्राविधिक शिक्षाले संसारमा युगान्तकारी परिवर्तन ल्याएको छ। शिक्षालाई सैद्धान्तिक र प्रयोगात्मक गरी दुई भागमा विभाजन गर्दा सैद्धान्तिक शिक्षाले सिद्धान्त वा धारणा मजबुत पारी मानसिक र बौद्धिक विकास गर्दछ। प्रयोगात्मक शिक्षाले आर्जित ज्ञान वा शिक्षालाई व्यवहारमा उतार्न सघाउँछ। यही प्रयोगात्मक शिक्षालाई वा व्यावहारिक शिक्षालाई नै प्राविधिक स्तरको शिक्षा भनिन्छ। प्राविधिक शिक्षाले व्यक्तिलाई कर्म गरेर बाँच्न सिकाउँछ। आमाले लुगा धोएको देखेर लुगा धुन जान्नु शिक्षाशास्त्र पढेका विद्यार्थीले प्रयोगात्मक रूपमा अभ्यास शिक्षण गर्नु यी प्राविधिक शिक्षा हुन्। प्रविधिक शिक्षा व्यक्तिसँग, औजारसँग र यन्त्रसँग सम्बन्धित हुन्छन्। प्राविधिक सिपलाई सिकर्मी, डकर्मी, लोहकर्मी, चिकित्सक, ओभरसियर, विज्ञान, इन्जिनियर, कृषि, कलकारखानासम्बन्धी आदि जेजसरी प्रस्तुत गरे पनि सिप र तालिमबाट ज्ञान हासिल हुने शिक्षा हो। यस्तो शिक्षा देशको सर्वाङ्गीण विकासका लागि अति खाँचो हुन्छ।

हाम्रो जस्तो विकासोन्मुख देशमा प्राविधिक शिक्षाको दिनानुदिन खाँचो परिरहेको छ। हाम्रो भूगोल सुहाउँदो प्राविधिक शिक्षा हरेक क्षेत्रमा अपरिहार्य छ। कम्प्युटर, यन्त्रमानव, क्यालकुलेटर, मोटर आदि प्रविधिकै देन हुन्। प्राविधिक शिक्षाको अभावमा नेपालको भौतिक र प्राकृतिक सम्पदाको उपयोग गर्न सकिएको छैन। नेपालीहरूले आफूभित्र रहेका क्षमता सिप प्रदर्शन गर्न सकेको छैन। आजको युग विज्ञान र प्रविधिको युग हो। जसरी एउटा मानिसका लागि रक्तसञ्चार गराउन जति मुटुको भूमिका छ त्यतिकै देशविकास गर्न र गराउनका लागि प्राविधिक शिक्षाको भूमिका हुन्छ। प्राविधिक शिक्षाले बेरोजगारको बढ्दो समस्यालाई कम गर्दछ। हामी २१ औँ शताब्दीमा बाँचेर पनि युगअनुकूलको स्रोतसाधनको प्रयोग गर्न नपाउनु दुर्भाग्य हो।

प्राविधिक शिक्षा देशविकासको मूल सूत्र नै हो। देशको प्राविधिक शिक्षाको माध्यमबाट देश र देशवासीका भाग्यरेखाहरू कोरिन्छन्। राज्यले प्राविधिक शिक्षालाई प्राथमिकता प्रदान गर्नुपर्दछ। नेपालमा पढेलेखेका मानिसहरू छन् तर दक्ष प्राविधिक ज्ञान भएका छैनन् त्यसैले सरकारी तथा निजी तवरबाट स्वदेशमा स्वरोजगारको अवसर सृजना गर्न सक्षम व्यावसायिक जनशक्तिको आवश्यकता पूरा गर्न जरुरी छ। संसारमा विकास भएका नवीनतम् प्रविधिहरूको प्रयोग गरी देशलाई वैज्ञानिक, व्यावसायिक तथा सिपमूलक कौशलका क्षेत्रमा अग्रसर गराउनु वर्तमान युगको माग हो।

# शिक्षाः हिजो, आज र भोलि

प्रेमबहादुर बस्नेत
क्याम्पस प्रमुख
ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस, ओखलढुङ्गा

मानिसका असीमित इच्छा, आकांक्षा र आवश्यकता हुने गर्दछन् । तिनीहरूलाई समाधान गर्ने दिशामा समाजका आवश्यकता महसुस हुने गर्दछ । यही क्रममा समाज, समुदायदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा जागृत गराउने प्रयास हुन्छ । यो प्रयासमा अग्रिम भूमिका खेल्ने साधन भनेकै शिक्षा हो । पूर्वीय एवं पाश्चात्य जगत्मा शिक्षालाई महत्त्वपूर्ण र जीवन दर्शनको दर्पणका रूपमा स्वीकारेको पाइन्छ । पाश्चात्य क्षेत्रमा प्राचीन कालका आदर्शवादी शिक्षाविद् प्लेटो, सुकरात , अरस्तु मध्यकालका हिगेल, वेकन ,जोनलक , रुसो फ्रोवेल, कान्ट हुँदै लियोनादी दाभिन्ची, पेट्राक र जोन डिवेजस्ता मध्यकालीन र आधुनिकालीन शिक्षाविद्को धारणा वा दर्शनअनुसार रुसोको व्यवहार निर्माण गरिन्थ्यो र जोन डिवेको दर्शनले वातावरण समायोजनको रूपमा शिक्षालाई लिँदै आएका छन् । शिक्षाको परिभाषा पनि समयअनुसार फरक हुँदै आएको छ । पहिले शिक्षाको सुरुवात कोक्रोबाट हुन्छ भने अहिले शिक्षाको सुरुवात गर्भधारणदेखि मृत्युमा गएर टुंगिन्छ । त्यसैले शिक्षा जीवन्त वा जीवनपर्यन्त प्रक्रिया मानिएको छ ।

शिक्षाको सामाजिक, राजनैतिक, आर्थिक पक्षमा महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षाले मानवीय सभ्यता र संस्कारका सर्वोमुखी विकासलाई पूरा गर्ने गर्दछ । शिक्षाले व्यक्ति, समाज, राष्ट्रको क्रमिक रूपमा विकास गराई सामाजिक सद्भाव, संस्कार र सभ्यतालाई जीवन्त राख्दछ । शिक्षाले नै राष्ट्र राष्ट्रियताको भावना जागृत गराउँदै शारीरिक, मानसिक, सामाजिक, चारित्रिक, संवेगात्मक, अध्यात्मिक आदि गुणहरूको विकास गराउँदछ । शिक्षाले नै संस्कृति सभ्यता र संस्कारको संरक्षण, सम्बर्द्धन, विकास, संवाहन र सुधार गर्दै सामान्यीकरण गराउँदछ । शिक्षाले देशभक्ति, राष्ट्रभक्तिको भावनाका साथै समाजमा सहिष्णुताको भाव जागृत गराउँदै अधिकार र कर्तव्यबोधको ज्ञान  दिलाउँछ । प्राकृतिक र मानवीय स्रोतसाधनको समुचित विकास गर्न शिक्षा पद्धति र देशको अर्थव्यवस्था बिचको सम्बन्धलाई सन्तुलित र आत्मनिर्भर बनाउन शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले शिक्षालाई विभिन्न शास्त्रीय आधारका रूपमा ग्रहण गरिएको पाइन्छ ।

विश्वको शैक्षिक इतिहासलाई हेर्ने हो भने प्रारम्भमा धार्मिक संघ, संस्थाहरूमा धर्मगुरु र पुजारीहरूबाट शिक्षा लिने-दिने प्रचलन रहेको पुष्टि हुन्छ । नेपालको प्राचीनकालीन शिक्षा पनि मठ, मन्दिर, चैत्य, गुम्बा र साधुसन्तवाट शिष्यहरूलाई शिक्षा प्रदान गर्ने परिपाटीको सुरुवात सँगैसँगै भएको पाइन्छ । समयको परिवर्तन र समाजको मागअनुसार परिमार्जित र परिष्कृत भई शिक्षा वर्तमान स्वरूपसम्म आइपुगेको छ । प्राचीनकालमा शिक्षा धर्मबाट अनुप्रेरित रहेको थियो । विभिन्न धर्मालम्बीहरूले वर्णक्रमको व्यवस्थाअनुसार पठनपाठनको सञ्चालन भएको कुरा भृङगी, खजुरी, गुम्बा, विहार,चैत्य, मदरसा, गुरुकुल आश्रम तथा विद्यापीठबाट पुष्टि हुन्छ ।

नेपालमा किराताकालीन, लिच्छविकालीन र मल्लकालीन हुँदै २३८ वर्षे शाहकालीन अवस्थासम्म शिक्षाले ठूलै फड्को मारिसकेको छ । यद्यपि यति लामो समयसम्म शिक्षाको विकास अपेक्षित रूपमा हुन सकेन । शासकीय चिन्तनको संकुचित मानिसकताको उपजस्वरूप शिक्षामा सदैव कालो बादल मडारिइरह्यो । नेपालको शासकीय व्यवस्था जहाँनिया राणा परिवारको हातमा पुगेपछि त झन् शिक्षा माथि प्रतिबन्ध नै लगाइयो । नेपाली नागरिक शिक्षित हुन्छन् र विवेकी नागरिकलाई शासन गर्न कठिनाइ हुन्छ भन्ने धारणाअनुरूप शिक्षालाई निषेध गरियो । जंगबहादुर राणाले विसं. १९०६ सालमा बेलायत भ्रमण गर्न जाँदा आफूलाई भाषामा असर परेपछि भ्रमणबाट फर्केर पछि आफ्ना भाइभारदारलाई शिक्षा दिनुपर्ने रहेछ भने सोचबाट वा विदेशीलाई देखाउन भने पनि फ्रान्सबाट फ्रेन्चहरू शिक्षक झिकाई विसं १९१० साल आश्विन २७ गते थापाथलीको दाखचोकमा अंग्रेजी प्राइमरी स्कुलको स्थापना गरे । जो पछि दरबार हाइस्कुलमा नाम परिवर्तन भयो । अहिले आएर भानु माध्यमिक विद्यालय रानीपोखरीमा अवस्थित छँदै छ । सो विद्ययालय नेपालको इतिहासमा पहिलो औपचारिक शिक्षाको रूपमा थालनी भएको थियो । विसं. १९१५ मा औपचारिक रूपमा नेपाल सरकारले शिक्षा विभागको स्थापना गऱ्यो । विसं. १९७५ मा त्रिचन्द्र कलेज, विसं. १९१० मा एसएलसी बोर्डको स्थापनालगायत विभिन्न शैक्षिक संस्थाहरू सञ्चालन हुन थाले । तर पनि विसं. १९०३ देखि २००७ सालसम्मको १०४ वर्षे राणकालमा साक्षरता दर २५ प्रतिशत रहेको थियो । यस अवधिमा ३१० वटा प्रावि, २१ वटा मावि, २ वटा कलेज र संस्थागत महाविद्यालय औपचारिक शिक्षण संस्थाका रूपमा स्थापना भएका थिए । औपचारिक शिक्षा प्रदान गर्दै आएका गुरुकुल चैत्य, गुम्बा तथा मदरसा स्कुल पनि खुलेका थिए ।

जहानियाँ राणशासनको विरुद्ध सचेत युवावर्ग जागरुक हुन थाले र आन्दोलनको सुरुवात भयो । तमाम नेपाली आमाका सपुतहरू सहिद बने तापनि आन्दोलन झन् चर्किरह्यो । अन्ततः लामो संघर्षपश्चात विसं. २००७ सालमा प्रजातन्त्रको उदय भयो । जनताको बढ्दो शैक्षिक चाहनालाई ध्यानमा राखेर के कस्तो शिक्षा, कसरी प्रदान गर्ने भनेर विसं. २००९ सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा राष्ट्रिय शिक्षा बोर्डको गठन गरियो । विसं. २०११ सालमा पहिलो नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन प्रकाशित, २०१३ मा कलेज अफ एजुकेसनको स्थापना र २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यसै क्रममा नेपालको शिक्षालाई व्यवस्थित वनाउन नेपाल राष्ट्रिय शिक्षा योजना २०११ सर्वांगीण राष्ट्रिय शिक्षा समिति २०१८, राष्ट्रिय शिक्षा परिषद् २०२४, राष्ट्रिय शिक्षा पद्धति योजना २०२८/३२, राष्ट्रिय शिक्षा योजना आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, शिक्षा नीति निर्धारण समिति २०६३ मा गठन भयो । यी स्थापित आयोग र योजनाहरू पूर्णरूपमा कार्यान्वयन हुन सकेनन् । साथै शासकीय पूर्वाग्रहबाट मुक्त रहन पनि सकेनन् । फलस्वरूप शिक्षा क्षेत्रमा कुनै पनि सकारात्मक र उल्लेखनीय उपलब्धि प्राप्त हुन सकेन । उल्टै यसबाट शिक्षामा ध्रुवीकरण सुरु भयो । परिणाम स्वरूप सरकारी र निजी शिक्षा जन्मियो । यसबाट समाजमा धनी र गरिबबिचको शिक्षाको पहुँचमा गहिरो खाडल बन्न गयो ।

अर्को तर्फ विभिन्न विद्यालय, विश्वविद्यालयमा शिक्षा आर्जन गर्ने विद्यार्थीहरू शिक्षाको बारेमा छलफल र बहस गर्दै आजको शिक्षाले समाजले मागेको जनशक्ति उत्पादन गर्न नसकेकोमा शिक्षाको वैकल्पिक व्यवस्थाको माग गर्न थालियो । विसं. २००४ सालको जयतु संस्कृतम् आन्दोलनदेखि नेपालमा शैक्षिक आन्दोलन सुरु भयो । यो चेतनाले विसं. २००७ साल, २०१७ सालमा राजनीतिक परिवर्तन समर्थन र विद्रोहको आन्दोलनको आँधी सिर्जना भयो । मुलुकमा विद्यार्थीहरू विभिन्न संघ, संगठनमा आबद्ध भई शैक्षिक मुद्दामा केन्द्रित रहे ।

पञ्चायती व्यवस्थाको चंगुलमा दलहरू प्रतिबन्धित अवस्थामा थिए। बाहिरको आन्दोलनको नेतृत्व विद्यार्थीहरूले गरिरहेका थिए। तर पनि दलहरू राज्यको सामाजिक राजनैतिक, शैक्षिक र आर्थिक पक्षका मुद्दाहरूलाई उठान गर्दै आगाडि बढी नै रहे। विसं. २०३६ सालको जनमत संग्रह २०४६ सालको जनआन्दोलन र निरंकुश राजतन्त्रविरोधी आन्दोलन र २०६२/२०६३ को जनआन्दोलनमा कूटनीतिक, शिक्षक, विद्यार्थीहरूको अग्रणी भूमिका रहेको पाइन्छ। राज्यको परिवर्तनपछि संघीय लोकतान्त्रिक गणतन्त्रको उदय भएको छ। अब देशमा शैक्षिक, आर्थिक, सांस्कृतिक परिवर्तनको खाँचो छ। बढ्दो वैदेशिक रोजगारलाई रोकी आफ्नै देशमा कृषि क्रान्तिमार्फत औद्योगिक क्रान्ति गर्नु जरुरी भएकाले प्राकृतिक स्रोतलाई मानवीय स्रोतद्वारा सदुपयोग गर्ने खालको शिक्षा प्रदान गर्न शैक्षिक क्षेत्रमा पाठ्यक्रम परिवर्तन गर्नु जरुरी देखिन्छ।

संघीय गणतन्त्र लोकतान्त्रिक नेपालको शैक्षिक संरचनाअन्तर्गत राज्यको शिक्षा नीति, वर्गीय शिक्षा प्रणालीको असरको समाधान शैक्षिक असमानताको अन्त्य, गुण्स्तरीय, व्यावहारिक, वैज्ञानिक र रोजगारीमूलक विश्व जगत्मा परिचित हुने खालको नेपाली समाजले अपेक्षा गरेअनुरूपको शिक्षा नीति निर्माण हुनु आवश्यक देखिन्छ। संविधानले कबोल गरेको मौलिक आधिकारभित्रको शिक्षा प्राप्त गर्ने आधार स्पस्ट हुनु जरुरी छ।

# शिक्षामा सूचना तथा सञ्चार प्रविधि

मणिकुमार कटवाल
बीएड दोस्रो वर्ष
ग्रा.यु.सि. क्याम्पस

आजको युग विज्ञान, सूचना तथा सञ्चार प्रविधिको युगको नामले पनि चिनिन्छ। सूचनाको संकलन, सम्प्रेषण, एवं सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, नेटवर्क, इन्टरनेटलगायतका प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवं अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना तथा सञ्चार प्रविधिमा कम पहुँच हुने मुलुकहरूको विकासका सबै पक्षमा ठूलो खाडल रहेको अनुभूति हुन्छ।

शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच घनिष्ठ सम्बन्ध रहेको छ। शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रूपमा हेर्न थालिएको छ। कक्षाकोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नवीनतम् अवधारणाको सुरुवात भएको पाइन्छ।

हाम्रो मुलुकमा शिक्षाको स्तर र गुणस्तरको विषयले बारम्बार चर्चा पाउने गरेको छ। देशका सम्पूर्ण शैक्षिक संस्थाहरू परम्परागत शिक्षण शैलीको मानसिकताबाट माथि उठ्न सकेका छैनन्। परम्परागत चालचलनलाई अनुशरण गर्दै विद्यार्थीलाई शिक्षकले भनेका शब्दहरू दोहोऱ्याएर, कराएर वाचन गर्ने शिक्षण पद्धति चलनचल्तीमा छन्। शिक्षकका भाषण, प्रवचन, व्याख्या, वर्णनजस्ता शिक्षण विधिले अब शिक्षामा गुणस्तरीयता खोज्नु कति सान्दर्भिक हुन्छ ? सबैले सोच्नुपर्ने बेला आएको छ। किताबमा लेखिएका विषयवस्तुलाई कण्ठ पारेर परीक्षामा हुबहु जसले नक्कल गर्न सक्यो उसैले माथिल्लो ग्रेड (श्रेणी) प्राप्त गर्ने पद्धतिले तत्काल नतिजा राम्रो देखिए तापनि दीर्घकालीन रूपमा शैक्षिक बेरोजगारको समस्या सिर्जना भएको छ।

शिक्षकलाई प्रविधिमैत्री, गुणस्तरीय र समयानुकूल बनाउन समय-समयमा विभिन्न खालका तालिम गोष्ठी पनि हुन्छन्। तालिमले शैक्षणिक सिप र क्षमतालाई थप परिष्कृत गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको भए तापनि तालिममा सिकेका ज्ञान, सिप, प्रविधि र तरिकालाई सफलतापूर्वक विद्यार्थीको सिकाइमा हस्तान्तरण नगरेको आरोपबाट भने शिक्षक वर्ग अछुतो छैन। यस्ता आरोपलाई गलत सावित गराउन पनि अबका शिक्षक प्रविधिमैत्री हुनै पर्ने बाध्यता सिर्जना भएको छ।

शैक्षिक संस्था  तथा शिक्षकले प्रविधिको प्रयोगमार्फत आफ्ना शिक्षण सिकाइ कार्य रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेटजस्ता सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण शैक्षिक सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ। स्याटेलाइट प्रविधिका कारण परम्परागत प्रविधिहरू विस्थापित हुने र द्रुत गतिमा चल्ने इन्टरनेट सेवा अब प्रत्येक शैक्षिक संस्थाले प्रयोगमा ल्याउनुपर्ने बाध्यता सिर्जना भएको छ।  हाम्रा दूर गाउँका

शैक्षिक संस्थाहरूमा अहिले नै कायापलटको सम्भावना नरहला तर पनि त्यसतर्फको पूर्वतयारीका साथ लाग्नुपर्ने अवस्था भने बाध्यकारी बन्दै गएको छ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकआपसमा जोड्ने सेतुको कार्य गर्छ। विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिनेछ। यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा दक्ष बनाउनुपर्ने देखिन्छ। जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकताअनुसार एकल वा समूहमा शैक्षिक क्रियाकलाप गर्न सक्छन्। यसले उनीहरूलाई सामाजिकीकरण हुन सघाउँछ। यो विधि शिक्षक केन्द्रितभन्दा विद्यार्थी केन्द्रित हुनेछ, जसले विद्यार्थीलाई आफैं सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउनेछ।

विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिला नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको छ। शिक्षामा सूचना प्रविधिले सिर्जना गरेको चुनौती चिर्नुपर्ने र पाठ्यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ। शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको प्रयोगमार्फत शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्नेतर्फ योजना बनाउनुपर्छ।

# विद्यालय शिक्षा व्यवस्थापनका समस्या र समाधान

सुवास पौडल
उपसचिव, नेपाल सरकार

"असल शिक्षा आत्मा सुन्दर बनाउने वास्तुकला हो।"

ओखलढुङ्गा जिल्लाको शिक्षा क्षेत्रको श्री ग्रामोदय युगकवि सिद्धिचरण मावि तथा क्याम्पस यस क्षेत्रको ज्ञानआर्जन गर्ने मुख्य पवित्र स्थलका रूपमा परिचित छ। यस विद्यालयबाट आधारभूत तथा उच्च शिक्षा आर्जन गरेका विद्यार्थीहरू देश तथा विदेशमा विभिन्न क्षेत्रमा स्थापित भएका छन्। शिक्षा आर्जनको विषय सरकारी जागिरसँग मात्र नजोडी जीवन निर्वाहका सबै आयामहरूमा महत्त्वपूर्ण हुने गरेका छन्। जो जुन अवस्था, स्थान, पद तथा प्रतिष्ठामा भए तापनि फेरि विद्यालयको गुणस्तरीय शिक्षा, व्यावहारिक ज्ञान तथा विद्यालय शिक्षाको सर्वाङ्गीण विकासका लागि ढिला नगरी हातेमालो गर्दै एकजुट भई सहयोग गर्न अपरिहार्य भइसकेको छ।

## विषय प्रवेश

शिक्षा मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको राजमार्ग हो। यसले हरेक व्यक्तिको सर्वाङ्गीण विकास गर्दै असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्न मद्दत गर्छ। त्यसैले शिक्षालाई देशविकासको पूर्वाधारको पनि पूर्वाधारका रूपमा लिइन्छ।

नेपालको संविधान २०७२ कार्यान्वयनमा आएसँगै विद्यालय शिक्षाको समग्र व्यवस्थापनमा परिवर्तन भएको अवस्था छ। संघ र प्रदेश सरकारको शैक्षिक नीति, कार्यक्रमहरू तथा कानुनसँग सापेक्षित रहने गरी स्थानीय तहबाट विद्यालय शिक्षाको व्यवस्थापन हुने व्यवस्था छ। संघीयता अवलम्बन गरेका संसारका मुलुकहरूले शिक्षा क्षेत्र व्यवस्थापनका आफ्नै मौलिक अभ्यासहरू गरेका छन्। यद्यपि हाम्रो मुलुकले सांसारिक मुलुकहरूको अभ्यास तथा ढाँचा र आफ्नै राजनीतिक परिदृश्यका आधारमा केही हदसम्म संघको विद्यालय शिक्षा व्यवस्थापनमा संयोजनकारी तथा निर्देशनात्मक, प्रदेश सरकारको संघ र स्थानीय तहको शैक्षिक क्षेत्र व्यवस्थापनमा पुलको रूपमा र स्थानीय सरकारले समग्र विद्यालय शिक्षाको व्यवस्थापनको पाटोलाई नै संविधानले स्थानीय नीति तथा कार्यक्रमसहित पूर्णतः कार्यान्वयनमा स्वायत्तता दिएको अवस्था छ।

यससम्बन्धमा विद्यालय शिक्षाको स्थानीय तहमा व्यवस्थापनको सिलसिलामा आधारभूत शिक्षामा पहुँच, सक्षमता, गुणस्तर र व्यवस्थापकीय प्रभावकारिताका निमित्त चुनौतीहरू विद्यमान छन्। तसर्थ केन्द्र सरकारको संयोजनकारी भूमिका, प्रदेशको मध्यमार्ग शैक्षिक गोरेटो र स्थानीय तहको स्पष्ट नीति, कानुन , संरचनागत व्यवस्था, साधन तथा स्रोतको उपलब्धता र उपलब्ध साधनस्रोतको इमान्दारिताका साथ समुचित प्रयोग हुने वातावरणको निर्माण, उचित तथा सान्दर्भिक कार्यक्रम, अनुगमन तथा मूल्यांकनजस्ता व्यवस्थापकीय

विधिहरूको प्रयोग हुने संस्कृति निर्माण गर्न सके हामीले परिकल्पना गरेको ग्रामोदय मावि तथा क्याम्पस बनाउन सकिन्छ र हामीले देखेका सपना यसै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूबाट पूरा हुन सक्छन् ।

## विद्यालय शिक्षासम्बन्धी नीतिगत व्यवस्था

### १) नेपालको संविधान धारा ३१ , शिक्षासम्बन्धी मौलिक हकको व्यवस्थाअन्तर्गत

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक ।
- आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क ।
- अपाङ्गता र आर्थिक रूपले विपन्न भएकाहरूलाई कानुनबमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने हक ।
- सांकेतिक भाषाका माध्यमबाट दृष्टिविहीनलाई निःशुल्क शिक्षा पाउने हक ।
- कानुनबमोजिन शैक्षिक संस्था खोल्न पाउने हक ।
- नेपालको संविधानको धारा ३८, ३९, ४०, ४२, ५१ ग, ५१ ज र अनुसूची ५, ६, ८, र ९ शिक्षा सम्बन्धित रहेका छन् ।

### २) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका अधिकार र कार्यक्षेत्र तोकिएका छन् । सरकारले त्यस्ता अधिकार र कार्यक्षेत्र स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था सुनिश्चित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएको र उक्त ऐनको दफा ११ २ 'ज' मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न २३ वटा अधिकार उल्लेख गरिएका छन् ।

### ३) शिक्षा ऐन, २०२८ तथा नियमावली २०५९

विद्यमान शिक्षा ऐन तथा नियमावलीमा रहेका प्रावधानहरूमा परिमार्जन आवश्यक छ । वर्तमानमा स्थानीय सरकार सञ्चालन ऐन र शिक्षा ऐनको बीचमा भिन्नता छ अर्थात् अधिकार एकअर्कासँग बाझिएका छन् । स्थानीय सरकार सञ्चालन ऐनले कतिपय शिक्षाका प्रावधानहरूका बारेमा केही उल्लेख नगरेको हुनाले विद्यमान शिक्षा ऐन तथा नियमावली पालना गर्नु अपरिहार्य देखिएको छ ।

### ४) नीति तथा कार्यक्रमसम्बन्धी व्यवस्था

विद्यालय शिक्षाका सम्बन्धमा संघीय सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रम स्थानीय सरकारका लागि पनि महत्त्वपूर्ण छ । स्थानीय सरकारले अझै पनि शिक्षालाई अन्य पक्षभन्दा कम महत्त्व दिएको देखिन्छ ।

## स्थानीय सरकारबाट विद्यालय शिक्षाको व्यवस्थापन हुँदा देखापरेका समस्याहरू

- नेपालको संविधान २०७२ जारी हुनुपूर्व प्रचलनमा रहेका शिक्षासम्बन्धी कानुनहरू यथावत् रहेको र नयाँ कानुनहरू कतिपय निर्माण गर्न संघ, प्रदेशर स्थानीय तहबीच Lack of policy coherence को अवस्था छ । स्थानीय तहहरूको नीति निर्माणमा अन्योलता तथा क्षमता विकासको अभाव छ।

- स्थानीय तहमा कार्यरत कर्मचारीहरू नियुक्ति, सरुवा, बढुवालगायतको व्यवस्थापकीय कामहरू संघीय सरकारले नै गर्ने भएकाले यिनीहरूको जवाफदेहिता संघीय सरकारप्रति बढी रहनु । साथै स्थानीय तहमा हुने शिक्षासम्बन्धी विभिन्न नियुक्तिहरू पारदर्शी नहुनु भन्ने आरोप बढ्दै जानु ।
- नेपालको संविधान २०७२ को अनुसूची ८ मा विद्यालय शिक्षा व्यवस्थापनको अधिकतम कामहरू स्थानीय तहमा हस्तान्तरण भएको अवस्था छ । तर उक्त कामहरू कार्यान्वयनका लागि स्थानीय तहमा मानव स्रोतको उचित व्यवस्थापन तथा आवश्यक ऐन र कानुनको अभावमा अन्योल अवस्था देखा परेको छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूमा अनुभव, प्रशासनिक तथा व्यवस्थापकीय क्षमता कम रहेको जनगुनासो छ ।
- स्थानीय तहका जनप्रतिनिधिहरू सरकारभन्दा दलीय भावनाबाट प्रेरित भई निरंकुश शैलीमा काम गर्ने गरेको जनगुनासो छ ।
- सरकार र दल फरक हो भन्ने बुझाइ स्थापित हुन नसक्नु ।
- स्थानीय तहको बजेट विनियोजनमा शिक्षा प्राथमिकतामा पर्न नसक्नु
- गुणस्तर र सक्षमताको दृष्टिकोणले शैक्षिक कार्यक्रमहरू स्थानीय सरकारबाट तर्जुमा हुन नसक्नु ।
- विद्यालयमा विद्यालय शासन तथा सार्वजनिक जवाफदेहिताको पालना गराउन नसक्नु ।
- आधारभूत शिक्षाको सान्दर्भिकतामा समायानुकूल सुधार गर्न नसक्नु ।
- स्थानीय पाठ्यक्रमको निर्माण प्राथमिकतामा पर्न नसक्नु ।
- शिक्षामा गुणस्तर तथा शैक्षिक सुशासन कायम गर्न/गराउन जनप्रतिनिधि उदासीन रहनु ।

## स्थानीय तहले विद्यालय शिक्षाको प्रभावकारी व्यवस्थापनका लागि अपनाउनुपर्ने उपायहरू

### (क) विद्यालयहरूको न्यूनतम पूर्वाधार व्यवस्थापन

स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेका विद्यालयहरूका लागि तहगत आधारमा न्यूनतम मापदण्डहरू तयार गर्न सक्छ । भूकम्पपश्चात् प्रायःजसो लिखु गाउँपालिकामा विद्यालय भवनहरू भौतिक सुविधा सम्पन्न भएका छन् । समावेशी भौतिक पूर्वाधारमा जोड दिनुपर्छ ।

### (ख) विद्यालय सुधार योजना

स्थानीय सरकारसँग पालिकास्तरमा आवधिक शैक्षिक योजना अनिवार्य हुनुपर्दछ । सम्पूर्ण गाम्नाङटार तथा यस लिखु गाउँपालिकाका सरोकारवालासँग व्यापक छलफल गरी यस ग्रामोदय युगकवि सिद्धिचरण मावि तथा क्याम्पसमा एकवर्षे र पाँचवर्षे School Improvement Plan निर्माण गरी कार्यान्वयन गर्न सकिन्छ ।

## (ग) विद्यालयको आर्थिक व्यवस्थापन

संघ सरकारबाट प्राप्त हुने बजेटबाट मात्र यस ग्रामोदय युगकवि सिद्धिचरण मावि तथा क्याम्पसमा आर्थिक व्यवस्थापन गर्न अत्यन्तै कठिन रहेको वर्तमान परिप्रेक्ष्यमा प्रदेश सरकार तथा लिखु गाउँपालिकाबाट पनि बर्सेनि बजेटको व्यवस्थापन बढाउनु नितान्त आवश्यक छ । लिखु गाउँपालिकाले विद्यालय तथा शैक्षिक संस्थालाई दिइने अनुदान पूर्णतः ससर्त हुनुपर्दछ, लगानी, प्रक्रिया र उपलब्धि तीनवटै पक्षमा आधारित कार्यसम्पादन मूल्यांकनका आधारमा बजेट बढोत्तरी गर्दै जानुपर्छ । साथै, लिखु गाउँपालिकामा पहुँचका आधारमा नभई आवश्यकताका सूचकका आधारमा बजेट प्राप्ति हुने संयन्त्रको विकास गरिनुपर्छ ।

उच्च शिक्षा हासिल गर्न क्याम्पसमा विभिन्न संकायहरू सञ्चालन भई गुणस्तरीय शिक्षा प्रवाह भइरहेको सिद्धिचरण क्याम्पसमा आर्थिक रूपले सबल बनाउन के-कसरी सकिन्छ भनेर अध्ययन तथा खोज गर्न एक प्राविधिक विशेषज्ञ समिति निर्माण गरी उक्त समितिको सिफारिसका आधारमा सबैले आ-आफनो क्षेत्रबाट स्रोत व्यवस्थापनमा योगदान पुर्‍याउन अत्यावश्यक भइसकेको छ । हामीले अहिले सो क्याम्पसबाट लिने उच्च शिक्षा विभिन्न स्थान तथा सहरमा लिनुपर्दा अत्यन्तै महँगो र कम गुणस्तरीय हुने विषयमा धेरैको भोगाइ छ । त्यसकारण ओखलढुङ्गाको उच्च शिक्षा आर्जनको उक्त पवित्र स्थलको संरक्षणमा एकपटक हामीले जुट्नुपर्ने आवश्यक भइसकेको छ ।

## (घ) विद्यालयको सुशासन

शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्नका लागि विद्यालयकको सुशासन महत्त्वपूर्ण पाटोका रूपमा रहेको छ । विद्यालय सुशासनअन्तर्गत संस्थागत क्षमता विकास, प्रधानाध्यापकको छुट्टै सेवा र उसको नेतृत्वमा सुदृढ प्रशासन, पारदर्शिता, चुस्त आर्थिक कार्यप्रणाली, सामाजिक परीक्षण, प्राज्ञिक वातावरण र अभिभावक एवं समुदायको अपनत्व तथा सहभागिताबाट विद्यालय सुशासनका लागि देहायबमोजिम गर्न सकिन्छ ।

- शिक्षक, विद्यार्थी र अभिभावकका लागि छुट्टाछुट्टै आचारसंहिता लागू गर्ने ।
- विद्यालयका सामग्री खरिदका लागि सार्वजनिक खरिदसम्बन्धी आवश्यक तालिमहरू लिखु गाउँपालिकाबाट उपलब्ध गराई E-Bidding मार्फत सम्पूर्ण खरिद कार्यहरू अगाडि बढाउने, जसबाट विगतमा खरिदसम्बन्धी उठ्ने गरेका सवालहरू समाधान हुँदै जान्छन् ।
- विद्यालयका हरेक कार्यक्रममा वडाको सहभागिता बढाउने ।
- आर्थिक कारोबारहरू विद्युतीय भुक्तानी प्रणाली Electronic Fund Transfer मार्फत गर्ने/गराउने ।
- समयमै लेखा परीक्षण र सामाजिक परीक्षण तथा सो परीक्षणबाट आएका नतिजाहरूमा वार्षिक सुधार कार्ययोजना बनाई लागू गर्ने ।
- उजुरी पेटिका, मासिक प्रगति विवरण तथा विद्यालयका सुधार योजना सार्वजनीकरण साथै गुनासो व्यवस्थापन गर्ने ।
- शिक्षक कक्षाकोठामा गए/नगएको, नियमित पठनपाठन गरे/नगरेको जस्ता विषयलाई समेटेर

रेकर्डका लागि विद्यार्थीलाई लगबुक उपलब्ध गराउने ।

- विद्यार्थीले विद्यालयलाई घरभन्दा पनि बढी सुरक्षित ठानुन् ।
- मासिक रूपमा उत्कृष्ट शिक्षक छनोट गरी शैक्षिक क्रियाकलापमा थप सुधार ल्याउन सकिन्छ ।

(ङ) **नवप्रवर्तन**

सबल विद्यालयहरूले सिकाइमा नयाँ, शिक्षणमा नवीनता, अभ्यासमा नौलोपन र अरूले भन्दा भिन्नै शैली अपनाएर विद्यालयलाई स्तरीय बनाउनका लागि पनि विभिन्न सिकाइमा Innovation बाट नमुना बन्न सक्छन् ।

यस लिखु गाउँपालिकाअन्तर्गतका विद्यालयहरूमा विभिन्न प्रतिभाहरूको खोजी गरी यस ग्रामोदय सिद्धिचरण मावि तथा क्याम्पसमा नवप्रवर्तन ग्लष्त स्थापना गरिनुपर्दछ । शिक्षक तथा विद्यार्थीहरूमा रहेको प्रतिभाको खोजी गरी त्बभिलत ः्बलबनभ्रूभलत का लागि लिखु गाउँपालिकाले बर्सेनि आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्छ ।

**अन्य उपायहरू**

- जनप्रतिनिधिहरूले सोच, कार्यशैली र प्रवृत्तिमा सुधार गर्दै जाने ।
- वडा स्तरबाट योजना छनोटमा नै शिक्षालाई प्राथमिकताका साथ राख्नुपर्ने ।
- आधारभूत तथा माध्यमिक शिक्षाको प्रभावकारिताका लागि थप स्रोत र प्रयासमा जोड ।
- स्रोतसाधनको पहिचान र परिचालनमा आत्मनिर्भर हुँदै जाने
- विद्यालयमा शैक्षिक सुशासन कायम गर्नका लागि विद्यालय अनुगमन कार्यविधि बनाई लागू गर्ने ।
- शिक्षासम्बन्धी सरोकारवाला निकायहरूले आफ्नो अधिकार प्रयोग गर्दा सर्वप्रथम विधि, पद्धति र न्यूनतम मापदण्ड तयार गरी व्यवहारमा लागू गर्ने ।
- शिक्षकलाई सहयोग हुनेखालको सुपरिवेक्षण प्रणालीको स्थापना, क्ष्ऋत प्रयोग बढाउने साथै ऋयखष्म जस्ता महामारीबाट विश्वमा शिक्षा क्षेत्रमा समेत ल्भध त्चभलम का रूपमा श्यक कथकतभ, इलष्लिभ का विभिन्न ब्उउक हरू प्रयोग बढिरहेको सम्बन्धमा विद्यालयमा शिक्षक, विद्यार्थीहरूमा समेत प्रविधिमैत्री शिक्षामा लगानी बढाउने ।
- असहाय, अभिभावकविहीन, विपन्न, विशेष प्रतिभावान् र लक्षित समूहका बालबालिकाका लागि छात्रावासको व्यवस्था गर्नुपर्छ ।
- सबल र सक्षम विद्यालय बनाउन निर्णय प्रक्रियामा प्रधानाध्यापकलाई थप अधिकारहरू दिनुपर्छ र उनीहरूको नेतृत्व विकासका लागि लगानी बढाउनुपर्छ ।
- यस लिखु गाउँपालिकाभित्र विद्यार्थी संख्या धेरै भएका र व्यवस्थापनमा चुस्त विद्यालयहरूको व्यवस्थापकीय क्षमताको आदानप्रदान गर्न एक क्यातधबचभ निर्माण गरी अनलाइन सूचना

आदानप्रदान सञ्जाल डेस्क बनाउन जरुरी छ ।

- विद्यालयमा वित्तीय मितव्ययिता, अनुशासन, नागरिक सहभागिता र सार्वजनिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षक दरबन्दी मिलानको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने । कार्यरत निजी शिक्षकहरूको समसामयिक तलबमा वृद्धि गरिनुपर्छ ।
- स्थानीय तहको शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाइको समन्वयात्मक सम्बन्धमा जोड ।
- लिखु गाउँपालिकाका विभिन्न दुर्गम स्थानका विपन्न बालबालिकाको पहिचान गरी तिनलाई विद्यालयको पहुँचमा ल्याउन सामुदायिक विद्यालय र लिखु गाउँपालिकाले एक संयुक्त कार्यसमूह Action Team बनाई समस्याको समाधानतर्फ जानु उपयुक्त हुन्छ ।
- लिखु गाउँपालिकाले एक विशेषज्ञ समूह बनाई शिक्षा क्षेत्रमा गुणस्तरीय, प्रविधिमैत्री र उत्पादनमुखी बनाउन संघ, प्रदेश र सरोकारवाला निकायसँग आवश्यक समन्वय तथा साझेदारी बढाउन सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।
- यस लिखु गाउँपालिकाबाट वार्षिक रूपमा पेस गरिने शिक्षासम्बन्धी नीति तथा कार्यक्रमलाई कार्यान्वयन भएनभएको समीक्षा गरी प्रविधिमैत्री साथै व्यावहारिक शिक्षासम्बन्धी नीति लागू गर्नुपर्छ र उच्च शिक्षा प्रदान गर्ने क्याम्पसका लागि विशेष आर्थिक व्यवस्थापन गर्नुपर्छ ।

## शिक्षासम्बन्धी केही उत्प्रेरक भनाइहरू

- शिक्षामा गरिएको लगानीले सबैभन्दा राम्रो प्रतिफल दिन्छ ।
- शिक्षा एउटा यस्तो शक्तिशाली हतियार हो जसको प्रयोगले संसार बदल्न सक्छौँ ।
- शिक्षाको जरा तितो हुन्छ तर फल सबैभन्दा मिठो हुन्छ ।
- शिक्षा जीवनका लागि तयारी होइन शिक्षा स्वयं जीवन हो ।
- आफ्नो बच्चालाई आफूले सिकेको ज्ञान मात्र दिन नखोज, ऊ तिमीभन्दा फरक समयमा जन्मिएको छ ।
- जसले विद्यालय खोल्छ, उसले जेलको ढोका बन्द गर्न मद्दत गरिरहेको हुन्छ ।
- त्यो नै असल मानिस हो जसले हरेक बिहान ऐना हेर्दा प्रतिविम्बमा आउने मानिसप्रति गर्व गर्न सक्छ ।

## निष्कर्ष

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको अधिकतम अधिकार स्थानीय सरकारको पोल्टोमा रहेको छ । जसको प्रभावकारी कार्यान्वयनमा ७५३ वटै

स्थानीय सरकारहरूले चुक्नु हुँदैन, स्थानीय सरकार सञ्चालनका पात्रहरूले जोस, जाँगर र उत्साहका साथ विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर अभिवृद्धिका लागि कटिबद्ध रही संविधानप्रदत्त शिक्षासम्बन्धी अधिकारहरूको व्यावहारिक रूपमा कार्यान्वयन गर्नु जरुरी छ । विगतमा शिक्षाको समस्या समाधान गर्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि संघीय व्यवस्था सहयोगी हुन्छ भन्ने मानक बन्नेतर्फ अग्रसर हुनु जरुरी छ ।

हुन त यस स्मारिकामा सबै लेखकहरूका लेखलाई स्थान दिनुपर्ने साथै विभिन्न विषयहरू समावेश गर्नुपर्ने भएकाले मेरो लेखलाई छोटो बनाएको छु। माथिको लेखमा एउटा सामुदायिक विद्यालयको शिक्षा क्षेत्र सुधारको सानो अंश मात्र लेखिएको हो । 'इन्द्रका अगाडि स्वर्गको बयान' गरेजस्तो सम्पूर्ण विद्वत् गुरुहरूसामु यो शिक्षा क्षेत्रको सुधारका मार्गचित्र राख्दा आफूलाई नै अप्ठ्यारो महसुस गरी यो लेख पस्किएको छु। यस लेखमा श्री ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसका सबल पक्षहरू तथा नमुना कार्यहरू त समावेश गर्न सकिनँ, त्यसका लागि क्षमाप्रार्थी छु । हामी स्वदेश तथा विदेशमा जो जुन पेसा, व्यवसाय, रोजगारीका विभिन्न क्षेत्रहरू, सामाजिक आर्थिक विभिन्न कार्यहरूमा आबद्ध भएका छौँ, यो सबै यसै जन्मभूमि तथा यस विद्यालयमा कार्यरत आदरणीय पूर्वगुरुहरू तथा वर्तमान गुरुहरूको सत्मार्ग, सुविचार र असल पठनपाठनले नै हो। ज्ञानको तपोभूमिका रूपमा स्थापित यस विद्यालयबाट उत्पादन हुने हरेक जनशक्ति नै यस विद्यालयको मुख्य सम्पत्ति हुन् ।

मेरो जीवनको सुरु आधारभूत तहदेखि क्याम्पससम्म निरन्तर अध्ययन गर्ने क्रममा यस विद्यालयमा पठनपाठनमा सहयोग गर्नुहुने आदरणीय सम्पूर्ण गुरुहरूप्रति हार्दिक नमन गर्न चाहन्छु। क्याम्पस तहको सम्पूर्ण अध्ययनमा छात्रवृत्तिमार्फत निःशुल्क उच्च शिक्षामा सहयोग गर्नुहुने आदरणीय गुरु क्याम्पस प्रमुख श्री प्रेमबहादुर बस्नेतज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै यस जन्मभूमि तथा विद्यालयप्रति भारी ऋणी छु।

यस विद्यालयको सदैव उत्तरोत्तर प्रगतिको कामनासहित आफ्नो क्षेत्रबाट हुने सहयोगमा निरन्तर लागिपर्ने नै छु। हामीले सपनामा देख्ने पुरानो ग्रामोदय र विपनामा समेत देख्ने अहिलेको ग्रामोदयको गुणस्तरीय शिक्षामा बढोत्तरी, प्रविधिमैत्री तथा व्यावसायिक शिक्षा, विद्यालय सुशासन, विद्यार्थी शिक्षक र अभिभावकको उत्तरदायित्वसहित नतिजामुखी देशकै नमुना विद्यालय बनोस्, शुभकामना। जय ग्रामोदय, जय गाम्नाङटार ।

# बुढो शिक्षकको डायरी

जीवन आरोही
रसुवा, उदयपुर

म नदी होइन
किनार पनि होइन
र, होइन तिमीहरूले बिसाउने चौतारो ।

म त लक्ष्य तारिदिने
डुङ्गा हुँ नदी बिचको
जो वर्षौंदेखि नदीरूपी पाठशालामा रुँघेर
बहाना खियाउँदै चक-डस्टर यो उमेरको
लेखिरहेछु, मेरै निधारबाट बग्ने पसिनाको मसीले
तिमीहरूको भाग्यरेखा र
खनिरहेछु उसैगरी तिमीहरूले हिँड्ने
सुदूर गन्तव्यका साँघुरा बाटाहरू ।

म त बहाना हुँ डुङ्गाको
यात्री तिमीहरू नै, यात्रा तिमीहरू कै,
मँ त धर्मशाला हुँ बाटोको
बाटो तिमीहरूकै, सफर तिमीहरूकै ।

एक दिन
तिमीहरूलाई ढकमक्क फुलाउन भनेर
यो बन्जर माटो खन्दा खन्दै
मेरो बेठेगान आयु
कुनै पनि बेला बन्दी हुन सक्छ मृत्युको हिरासतमा ।
ढल्न सक्छ छहारी दिएर
वर्षौंदेखि आशीर्वाद दिने यौटा वृद्ध बर ।
जसको वरिपरि रम्दै, उफ्रँदै
हुर्किएका थियौ, पढेका, बढेका थियौ ।

उप्रान्त पनि
बढ्दै जानू अगाडिसम्म ।
जसरी गइरहेछन् नदी महासागर भेट्न,
जसरी गइरहेछन् समुद्रको बुँद बोकेर हावा
हिमालको चुचुरासम्म ।
र टिपेर ल्याउनू तिमीहरूले
आफ्नो आफन्त, गाउँ र देशको अनुहारमा मुस्कान ।

अन्तिम पटक फर्केर आउँदा
कतै शीतल छहारी बाँडिरहेको बरपीपल भेट्यौ भनेसम्झनु
तिमीहरूलाई नै पर्खिबसेको चौतारो मेरै हुनेछ ।

# स्मृतिमा ग्रामोदय र गाम्नाङटार

नारायण सुवेदी
पूर्व उपप्राध्यापक, ग्रा.यु.सि. क्याम्पस

गाम्नाङटार, एक मनमोहक र गौरवान्वित भूगोल, कुनै दार्जिलिङको सहर भनौं या कुनै इलामको चिया बगानको जस्तो तर बिल्कुल भिन्न पृष्ठभुमि बोकेको यो भूमि कुनै स्वर्गको टुक्राभन्दा किञ्चित कम देखिँदैन। आफ्नो काखमा लिखुको सुसेलीलाई खेल्न दिँदै मध्य-भागमा विशाल खेतबारी र बाक्ला बस्ती अनि शिरमा सुगन्धित तथा औषधिजन्य जडीबुटीयुक्त सदावहार हरियाली रुखहरूले सुशोभित डाँडा र टाकुराहरूले यसको गाथालाई स्वर्णिम बनाएको छ। अतः यो हेर्दा लाग्छ लिखु नदी तटका विशाल खेत अनि गरम मौसम, मध्यभागको सन्तुलित हावापानी अनि उपल्लो भागको ठन्डा र शीतल मौसमले हिमाल, पहाड र तराई यसै गाम्नाङटारभित्र अटाएको छ। सहयोगी मनका धनी यहाँका मानिसहरूमा प्रचूर सामाजिक-सांस्कृतिक तथा सद्भाव र सत्कार छ। शिक्षा र बिकासको हुटहुटी भएका यहाँका मानिसहरू बहुरूपीय समावेशी समाज बहुरंगीय छाताभित्र सहजै अटाएको पाइन्छ।

ग्रामोदय स्कुल तथा क्याम्पस एक नाम कैयौं अर्थ र प्रयोग, विशेषतः शिक्षा क्षेत्रमा जोडिएको एक चम्किलो नक्षत्र हो जुन मेरो मन र मस्तिष्कमा अमिट छापका रूपमा झझल्किरहेको छ। गाम्नाङटारका अधिकांश शैक्षिक संस्थाहरू 'ग्राम' नामबाट सुरु भए पनि ग्रामोदय क्याम्पस र विद्यालय नै यो भेगको नेतृत्वदायी भूमिकामा आएको देखिन्छ। कुशल, दक्ष अनि योग्य शिक्षकहरूद्वारा पठनपाठन हुने ग्रामोदय क्याम्पस र ग्रामोदय स्कुल एकआपसका परिपूरक हुन्। लाखौं विद्यार्थीहरूलाई शिक्षाको चम्किलो ज्योति प्रदान गर्न सफल यी संस्थाहरू गाउँदेखि सहरसम्म नै उत्तिकै प्रसिद्ध र र प्रभावकारीसमेत रहेका छन्। मेरो लामो शिक्षण पेसाको स्थायी नियुक्तपछिको भने सुरुवाती संस्थाको रूपमा रहेको ग्रामोदय मावि रह्यो। यहाँका स्थानीय समाजसेवी तथा बुद्धिजीविहरूको अभूतपूर्व सहयोग र सद्भावको साथमा यहाँका शिक्षकहरूको अथाह कार्यगत एकता र सहकार्य साँच्चिकै एक मिठो अनुभव र अविस्मरणीय पलका रूपमा मेरो मानसपटलमा यादगार बनेर बसेको छ। यद्यपि आज म त्यहाँबाट स्थानान्तरण भएर सहरको एक विद्यालयमा अध्यापनरत छु, मेरो मन मुटुमा आज पनि उत्तिकै सुमधुर र मिठासपूर्ण याद बनेर बसेको पाउँछु। ग्रामोदय क्याम्पस तथा विद्यालय अबको दिनमा समयको मागअनुरूप बदलिँदो परिवेश र परिवर्तित युगको परिवर्तनशीलतालाई मध्यनजर गर्दै समयानुकूलको प्राविधिक र सिपमूलक शिक्षा प्रदान गर्न यसको सरोकारवाला र शुभचिन्तकहरूले पहलकदमी लिनुपर्ने हुन्छ। देश विकासको बलियो जगका रूपमा शिक्षा क्षेत्र नै प्रमुख आधार हो भन्दा अत्युक्ति हुँदैन। शिक्षक, विद्यार्थी, अभिभावक र शुभचिन्तकहरूको साझा र एकताबद्ध प्रयासबाट मात्रै यो अभियान पूरा हुने हुनाले यसमा सबैले आ-आफ्नो तह र तप्काबाट लागि पर्नुपर्ने हुन्छ। शिक्षाबिनाको समाज र चेतनाबिनाको मानवता कल्पनासमेत गर्न नमिल्ने हुँदा र यसको नेतृत्व शैक्षिक संस्थाले मात्रै गर्न सक्ने भएको हुनाले ग्रामोदय क्याम्पस र ग्रामोदय स्कुललाई यो अभियानको बागडोर सम्हालेर सार्थक निष्कर्षमा पुऱ्याउन सफल हुन शुभकामना व्यक्त गर्न चाहन्छु।

# हाम्रो प्रकृति, हाम्रो संस्कृति

निर्मला श्रेष्ठ
पूर्वविद्यार्थी
हाल अमेरिका, कोलोराडो

स्वच्छ निर्मल भै बगेछ हिमगंगा शिर हिमाल्चुली
बस्नु हुन्न जसै जहाँ रहे पनि आफ्नो संस्कृति भुली।
पौराणिक विभिन्नता छन् यहाँ हाम्रा सर्व सम्पदा
पुर्खाको इतिहास संरक्षण हामीले गर्नै पर्दछ सदा ॥

प्यारो लाग्दछ सौन्दर्य भरिएको पाखा पखेरीहरू
न्यानो लाग्दछ त्यी पहाडभरिका काखा मझेरीहरू।
वासन्ती वनमा गुँरास फुलिने त्यो वसन्त छाउँदा
सारा कानन गुञ्जमान भुलिने त्यो कोहिली गाउँदा ॥

फुल्छन् फूलहरू जसै शरदमा आफ्नै छ सौन्दर्यता
झुल्छन् धानहरू उसै पवनमा आफ्नै छ सौन्दर्यता।
नाच्छन् डाँफेचरी मुनाल प्रहरमा फिजाँइ पखेटा यता
झर्दछन् झरना निःस्वार्थ बगरमा आफ्नै छ सौन्दर्यता ॥

झुल्किन्छन् जब सूर्य निश्छल बनी न्यानो छ छाया यता
टल्किन्छन् हिम चुचुराहरू पनि प्यारो छ सामीप्यता।
आखाँमा सहजै सजावट बनी नाच्दछन् छवि छटा
आफ्नै धर्म परम्परा छन् यहाँ आफ्नै कला सभ्यता ॥

# मभित्रको ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

पदम थापा
पूर्व विद्यार्थी, ग्रा.यु.सि. क्याम्पस
हालः शाखा अधिकृत, नेपाल सरकार

विसं. २०६६ मंसिर १२ र १५ तिरको हो, जिल्ला प्रथम भई १०+२ उत्तीर्ण गरेपछि क्याम्पस पढ्ने हुटहुटी सुरु भयो। सिम्पानीको चिसो, बिहान ४ बजे उठेर कालीभैंसीको एक ढुंग्रो फिँजैफिँज भएको दुध दोही गोबर सोरेर घाँसपात गरी घर पुगेर दुध तताउँदै मुख धोएर एक गिलास  दुध पेट तातो हुने गरी पिएसी ५ बजे डटपेनको कभरको टुप्पोमा मिलीमिली बल्ने बत्तीको भरमा अँधेरैमा क्याम्पस हिँड्थैं। १५ मिनेट जति हिँडेपछि चेत दर्जी, गीता दिदी र रिता दिदी कहिलेकाहीं बाटोमा भेटिनुहुन्थ्यो। साउने चौतारा पुगेपछि पशुपति दिदी, बुनालगायत साथीहरू भेटिन्थे। चेत दर्जी कहिलेकाहीं मात्र जाने हुँदा आफू एक्लै परिन्थ्यो। खुब लजाउने बानी मेरो ४/५ जना दिदीहरू नै भए पनि केटी साथीहरू कहिलेकाहीँबाहेक प्रायः बोलचाल नभई क्याम्पस पुगिन्थ्यो। अँधेरै हुन्थ्यो क्याम्पस पुग्दा। शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार भन्ने शर्मा एन्ड शर्माको किताब बोकी टक्क मिलेका कपडा कपाल सर्लक्क पछाडि पारेर मोटो खाइलाग्दो ज्यान हुने क्याम्पस प्रमुख प्रेम बस्नेत सर सुसुसु गर्दै कक्षामा आउनुहुन्थ्यो। घरनजिकै भए पनि साथी अरुण कहिल्यै चाँडो नआउने। १५ मिनेट जति पढेपछि अरुण आउनुहुन्थ्यो। बल्ल आफ्नो साथी भेटेको महसुस हुन्थ्यो। ६/७  जना केटी साथीहरू अनि हामी २ जना केटा प्रायः यस्तै हुन्थ्यौं। कन्या क्याम्पस नै नाम राखेका थियौं हामीले। ३० मिनेट पढेपछि बल्ल उज्यालो हुन्थ्यो। ३० मिनेटपछि नोट लेख्थ्यौं।

त्यसपछि ३ घण्टी गणित पढ्थें, म एक्लै। २ महिनामा पूरै कोर्स सक्थ्यौं। सर र म २ ओटा कुर्सी वा एउटा बेन्च लगेर घाममा बसेर पढ्थ्यौं। साथीहरू यस्तो भए पो हुन्थ्यो भन्थे। विजय सरको बोली सुरुसुरुमा आधा मात्र बुज्थें तर भन्न खोजेको कुरा यस्तो होला भनेर बुझ्थें। अन्तिम घण्टी अंग्रेजी हुन्थ्यो। बल्ल ३ घण्टीपछि वीरेन्द्र सरको अंग्रेजी विषयको कक्षामा साथीहरू भेटिन्थे। अंग्रेजी विषयको कक्षा हामीलाई अलि अप्ठ्यारो लाग्थ्यो र खुब ध्यान दिएर पढिन्थ्यो। प्रायः ३ वर्षको अवधिको बीएड तहको पढाइ यस्तैयस्तै गरेर पढियो। बीएड दोस्रो र तेस्रो वर्षमा गणित विषयको प्राध्यापकका रूपमा अति मिलनसार, रचनात्मक एवं ज्ञानका खानी आर्जन सर आउनुभयो। पारा त तेही हो, २/३ महिनामा पूरै कोर्स त सकिहाल्थ्यौं। त्यही बेला कम्प्युटरको आधारभूत ज्ञान सिकें जुन आजसम्म कहिले आफूलाई आवश्यक कम्प्युटरको ज्ञानमा पछाडि पर्नुपरेको छैन। ९:४५ सम्म गुरु-चेलाको नाता त्यसपछि स्टाफमा परिणत हुन्थ्यो। मासिक रु. २५०० मा निजी स्रोतमा ग्रामोदय माविमा पढाउँथें। १० बज्न १० मिनेट बाँकी हुँदै प्रेम सर आउनुहुन्थो र हात मिलाउन खोज्दा अति लाज लाग्थ्यो। गुरुसँग कसरी हात मिलाउने ? अनि मनमा गर्व नि लाग्थ्यो म पनि सरहरूसँग एउटै टेबलमा बसेर काम गर्न पाएकोमा। आर्जन सर र श्याम सरले अंग्रेजीमा गफ गरेको सुन्दा मनमनमा गणित विषयको सर पनि अंग्रेजीमा यति राम्रो ? मनमा आफू नि तेस्तै हुन पाए भन्ने उत्सुकता हुन्थ्यो। त्यतिखेर गणित भनेसी कत्ति

प्यारो के ? कुनै गणितका नयाँ किताब आयो कि पढिहाल्ने । अनि त्यही बेला हो लोक सेवा पढ्नुपर्छ भन्ने सुनेको तर आफूमा गणितमा मास्टर डिग्री गरेर आर्जन सरजस्तो बन्ने हुटहुटी कहाँ कम थियो र ?

हामी क्याम्पसको तेस्रो ब्याच थियौँ । ३ वर्षको बीएड पढाइका क्रममा कहिले विद्यार्थी र शिक्षक नबनी सहकर्मीको बढी अनुभवसहित अध्ययन सकियो । क्याम्पस प्रमुखको कुशल नेतृत्व, मिलनसार व्यवहार कहिल्यै बिर्सन नसकिने रह्यो । फीको कुराले मलगायत कुनै पनि साथीहरू वञ्चित हुनुपरेन । परीक्षा दिन जाँदा जहिले मेरा विद्यार्थी भन्दै सँगै आफैं जानुहुन्थो । त्योभन्दा पनि सबैभन्दा ठूलो कुरा शिक्षाको गुणस्तरमा कहिले सम्झौता भएन । विद्यार्थीले हामीले यो कक्षा अलि बुझिनौं भनेपछि तुरुन्तै निकास हुन्थ्यो । योग्य शिक्षकबाट अध्यापन गराउने विषयमा कहिल्यै सम्झौता भएन । गुणस्तरीय शिक्षाको पहिलो आधार भनेको शिक्षकको योग्यता, क्षमता, लगनशीलता, पेसागत प्रतिबद्धता, नैतिकता, सदाचार, संगठनको कार्यवातावरण, सामूहिक निर्यण, सामूहिक काम गर्ने प्रणाली, कुशल नेतृत्व, विद्यार्थीको लगनशीलता, सहभागिता, सृजनशीलताजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेल्छ । त्यो कुरा यस क्याम्पसमा देखिन्थ्यो । जहिले अब्बल शिक्षक नियुक्तिले गुणस्तर वृद्धिमा सहयोग गरिरह्यो । पहिलो शिक्षक सेवा आयोग होस वा लोक सेवा आयोगमा यस क्याम्पसमा अध्ययनरत विद्यार्थीको बाक्लो उपस्थितिले यसको गुणस्तरीयता प्रस्ट पार्छ ।

कम आय आम्दानी र विशेष गरी छोरीचेली र बुहारीको उच्च शिक्षा अध्ययनको सारथि बनेको छ यो क्याम्पस । मजस्ता सयौं विद्यार्थीको भाग्य र भविष्य निर्माणको सारथि बनेको छ यो क्याम्पस । क्याम्पसले जे दियो हामीलाई कतै हामीले क्याम्पसलाई केही दिन सकिएन कि भन्ने महसुस भएको छ । बाँकी मेरो जीवनभर यस क्याम्पसको प्रगति र विकासमा मैले सकेको प्रयास गर्नेछु । आगामी दिनमा यस क्याम्पसले मानव स्रोत संशाधनको अध्ययन गरी बजारमुखी र आत्मनिर्भर हुन सक्ने व्यावसायिक शिक्षाको बाटोमा लाग्न जरुरी रहेको देख्छु । साथै, यस क्याम्पसबाट अध्ययन गर्ने विद्यार्थीहरूको ट्र्याकिङ गरी यस क्याम्पसबाट उत्पादित जनशक्ति कहाँकहाँ खपत भयो यकिन तथ्याङ्क संकलनसहित सबैले यसको गुणस्तरको पक्षमा सम्झौता नगरी सामूहिक प्रयासमा क्याम्पसको प्रगतिमा जुटेर यस संस्थालाई शैक्षिक हबका रूपमा विकास गर्न जरुरी छ ।

# हाम्रो विगत र वर्तमान

वासुदेव गौतम
पोकली, ओखलढुङ्गा

पुर्खा वीर थिए सिपालु रणमा संसार थर्काउँथे
खोज्थे ज्ञान अनेक विश्वजनमा संस्कार फैलाउँथे !
सेवाभाव थियो निःसर्त तिनमा कर्तव्यमा दर्बिला
जानेका 'सह नौ भुनक्तु' महिमा ज्वाला थिए शान्तिका ‼
‼ १ ‼

जस्ले वेद पुराण दर्शन नयाँ संसारलाई दिए
गर्जे जो रिपु झुन्डमाझ खुकुरी हल्लाउँदै जोसले !
हामी सन्तति वीरका तर शनैः लाछी बनेछौँ अहो !
हाम्रै कारण ओजिलो विगतको आदर्श ढल्दै गयो ‼
‼ २ ‼

हामी मार्ग थियौँ कुनै समयमा आदर्श यो विश्वका
पुर्खाको पदचिह्नको विमुखता हाम्रो भयो दुर्दशा !
हामी बुद्धु हुँदै गयौँ दिनदिनै बिर्स्यौँ कुरा बुद्धका
खायो बर्बर स्वार्थको अनलले बन्धुत्वको दिव्यता ‼
‼ ३ ‼

हामी जो अगुवा थियौँ विगतमा लाचार छौँ आज हे !
आसेमात्र भयौँ अत्यन्त बबुरा आफ्नै अकर्मण्यले !
भन्छौं मालिक हौँ परन्तु घरको साँचो छ अन्तै कतै
गर्छौं नाटक सार्वभौम छ सधैँ नेपाल भन्दै अझै ‼
‼ ४ ‼

गर्छौं गर्व विदेश भासिन सके स्वाधीनता खोज्छ को ?
खोक्रो जर्जर स्वाभिमान कति पो टिक्ला दया दानको !
भ्रष्टाचार विभेद शोषणसँगै उद्दण्डता हुर्कियो
ज्यादै कायर आलसी र सनकी बन्दा दशा वैरियो ‼
‼ ५ ‼

पार्‍यौँ ध्वस्त अमूल्य संस्कृति सबै संस्कार ती मौलिक
भोग्दै छौँ गरिबी अशान्ति अहिले गर्ने हुँदा नक्कल !
सीमा छैन कुनै सुरक्षित उता सार्छन् छिमेकी किला
हाम्रो गौरव रुग्ण क्षीण छ कठै ! खोज्दै सहारा दया ‼
‼ ६ ‼

खेप्दै छौँ उपहास दुर्गति सयौं हामी निकम्मा हुँदा
सिंगो देश विदीर्ण हेलित हुँदा हामी नचेत्ने मुढा !
नेपाली जन हो ! भयो अति भयो जागौँ ढिलो भो अब
घेर्‍यो संकटले हुँदैन नउठी गर्दै समीक्षा सब ‼
‼ ७ ‼

हामी बुद्धु बनेर हुन्न अब हे ! अस्तित्व गुम्ने भयो
लागौँ एक भएर कर्मपथमा रक्षा गरौं देशको !
हामी कर्मठ योग्य दक्ष गतिला सन्तान हौँ वीरका
नासो हो अनमोल देश यसको जुट्नै छ उत्थानमा ‼
‼ ८ ‼

रारा रुन्छ रुने छ त्यो लिखु नदी धिक्कार्छ सैपालले
छाड्ला हाँस्न गुराँसले जनकको धिक्कार्छ विश्वासले !
गर्ला प्रश्न सहिदको रगतले हामी उठेनौँ भने
खोक्रो बन्छ अपूर्व देश अहिले हामी जुटेनौँ भने ‼
‼ ९ ‼

जागौँ झट्ट धरापमा छ अहिले यो देशको अस्मिता
गर्नै हुन्न विलम्ब हुन्छ पछुतो हामी बनौँ फुर्तिला !
मासौँ छुद्र विभेद उठ्छ समता त्यागौँ पछौटेपन
हाम्रो देश हुनेछ उन्नत सखे ! भूस्वर्ग यो निश्चित ‼
‼ १० ‼

# कवि सन्देश

विशाल भट्टराई
बीएड दोस्रो वर्ष, ग्रा.यु.सि. क्याम्पस

कलम् कापि नबोक हे कविहरू सक्दैनौ लेख्न भने।
दुःख पीडा नयनले गरिबका सक्दैनौ देख्न भने ॥
भाषण मात्र नगर्नु हे कविवर देख्छु रविले बढी।
शोषित्का पनि स्वर उघार्नै कविता सक्दैनौ लेख्न भने ॥
(१)

कागका हुलका कोइली सरिभै सच्चाई बोल्ने गर।
गाउँघरका कुनाका विचरा जनका पक्षमा लेख्ने गर ॥
राष्ट्रप्रेमी भनी कुनै तबरले नाम राख्ने भन्दा पनि।
राष्ट्र हित हुने सबै तरहका साहित्य लेख्ने गर ॥
(२)

भ्रष्टाचार असत्य बढ्दो दिनको यो हाल देख्दा पनि।
आउँदैनन् भने ती तितिखखा कविता के काम भाला पनि ॥
तान्नुपर्छ नयनका किरणले अन्यायका तस्बिर।
लड्नुपर्छ यी शब्दका चयनले त्यो सत्यको खातिर ॥
(३)

कुमार्ग चलेका ती दुष्ट जनका पाउ घिसार्ने गरी।
बलात्कार गरि यसै रहनेका ती हात खस्ने गरी ॥
आत्महत्या गरेर जान्छु भनने दुर्बलका खातिर।
लेख्देउन कविता सदा कविजन शब्द मिलाईकन ॥
(४)

देखिऊन् कविका तिखा नजरले ती हाडका भित्र नि।
सुन्निऊन् त ती नारीका हृदयका गम्भीर कुण्ठा पनि ॥
बुझिऊन् त्यो पशु समाज जसले श्वास मात्र फेरे पनि।
लेखिऊन् कविता अनि कविजी हो सद्भाव होओस् भनी ॥
(५)

उत्साहभरिका ती शब्द पनि त बन्ने गरेछन् अरे।
बाँच्नका निम्ति त्यो तिम्रो कविता भन्ने गरेछन् अरे ॥
मरेर गए नि ती तिम्रा कविता अमर बन्ने गरी।
लेख्देऊन कविता सदा जगतले वाह वाह भन्ने गरी ॥
(६)

# ENGLISH SECTION

# Devkota's Muna Madan and Feminine Representation

**Giri Raj Dahal**
Lecturer, GYS Campus

## Abstract

This article analyzes Laxmi Prasad Devkota's 1936 poem "Muna Madan," providing a nuanced examination of women's roles in 1930s Nepal. It examines the societal pressures placed on wives, highlighting their tendency to prioritize their husbands' ambitions over their own emotional well-being. Through Muna's internal conflict, Devkota brings attention to the limitations on female agency within patriarchal structures. While initially conforming to societal norms, Muna subtly challenges expectations and disrupts the stereotype of passive femininity. Beyond its historical context, the poem transcends as Muna's tragic fate becomes a critique of societal structures that impede female autonomy and worth, advocating for social reform and gender equality. The analysis unfolds in four sections: Muna's Struggle and Societal Expectations, The Temptation of Lhasa and Emotional Strife, Depiction of Female Agency and Feminist Discourse, and The Tragic Outcome and Societal Criticism. By encouraging reflection on the ongoing pursuit of female empowerment and social equity, this article emphasizes how "Muna Madan" remains a powerful commentary on gender dynamics. It urges readers to confront the necessity of dismantling systemic barriers that perpetuate female oppression.

***Keywords:*** gender roles, feminine representation, patriarchy, societal norms

## Introduction

Composed in 1936 by Laxmi Prasad Devkota, "Muna Madan" stands as a Nepali-language love poem that provides insight into the societal norms of contemporary Nepal. The narrative revolves around Madan, a male character, who sets out on a journey to Lhasa in Tibet in search of fortune shortly after his marriage to Muna, despite her objections. The poem captures the essence of love, sacrifice, and the expectations within Nepalese society at that time. It offers a portrayal of the challenges faced by female characters, highlighting the struggles of Muna as she navigates societal norms

and oppression. The work reflects the complexities and hardships experienced by women in a society where expectations heavily influence their lives. Muna finds her identity entwined with the well-being of her husband, Madan, in a patriarchal society where she becomes an inferior figure. Devkota vividly portrays Muna's emotional response to Madan's departure, revealing the burden carried by women in a society that prioritizes male aspirations. While initially conforming to traditional gender roles, Muna's character subtly reveals an underlying strength that challenges societal constraints. Devkota explores the conflicts faced by Nepali women during this era, portraying their dependency on men for support.

## Muna’s Plight and Social Expectations

Muna's internal conflict, crafted by Devkota, transcends societal expectations and delves into the struggles faced by Nepali women during the 1930s. Initially conceived as the devoted wife to Madan, Muna's identity becomes entangled with his presence, reflecting the societal construct that ties a woman's worth to her connection with a man. The emotional response that Devkota vividly portrays serves as an illustration of the burden placed upon women in a society where male aspirations take precedence. As Muna conforms to the expected submissive role, the poet skillfully introduces elements of defiance within her character, disrupting the conventional portrayal of women as passive figures. This subtle defiance becomes a crucial thread in the narrative, unraveling Muna's inner turmoil. The internal conflict she experiences is emblematic of the broader struggle faced by women in 1930s Nepalese society, torn between societal expectations that seek to confine them within traditional gender roles and their yearning for expression.

Devkota's exploration of Muna's internal conflict serves as a microcosm for that era's societal shifts and tensions. Muna emerges as a symbol of resilience and silent rebellion, challenging the norms that dictate a woman's existence. Through this lens, Devkota not only captures the individual plight of Muna but also provides a commentary on the collective struggle of Nepali women against a patriarchal society. In doing so, he invites readers to reflect on the complexities of gender dynamics and the battle for female agency and autonomy. Muna's journey becomes a mirror reflecting the challenges faced by women, ultimately enriching "Muna Madan" as a literary work that transcends its temporal setting.

## The Allure of Lhasa and Emotional Warfare

Devkota's narrative in "Muna Madan" unravels a multifaceted exploration of external threats and emotional conflict, contributing profound depth to the portrayal

of female characters within the socio-cultural fabric of 1930s Nepal. The allure of Lhasa, known as the "golden city," serves as a powerful external force that reflects societal expectations and puts immense pressure on women to protect their husbands' fidelity. By introducing this element, Devkota offers commentary on the societal norms that govern marital relationships, revealing the vulnerability of women caught between their husbands' ambitions and societal expectations. Muna ultimately threatens Madan, warning him that her tears will curse him if he forgets her. This line showcases Muna's subtle threat to Madan:

> Forget me not, these tears will curse, remember where you go,
> No strength to shed more tears have I leave city, house, in woe
> Thoughts will kindle darkness, soon oh! Ever so soon,
> In the darkest moments, tears will be a boon. (22)

In this way, Muna softly warns her husband that her tears will not bring him happiness if he forgets her in that golden city. Devkota introduces the universal truth of the power of tears in emotional conflicts, adding nuance to the narrative. Muna, aware of the emotional power she possesses, strategically uses tears as a last-resort attempt to prevent Madan from forgetting her. This reveals a complex power dynamic within relationships, where vulnerability becomes a potent tool for women navigating societal expectations. Through Muna's actions, Devkota exposes the emotional toll on women who employ vulnerability not as a sign of weakness, but as a calculated defense mechanism.

The interplay between societal pressures and emotional strategies further highlights the intricate nature of gender dynamics in Nepalese society. Devkota's insightful commentary extends beyond the individual characters, reflecting the societal pressures that shape and constrain women's experiences. Muna's strategic use of vulnerability demonstrates a deep understanding of the emotional tactics available to women in a society where power dynamics are often imbalanced. This exploration of emotional warfare adds depth to the portrayal of female characters, showcasing Devkota's keen observation of the complex relationship between societal expectations and individual agency.

In essence, Devkota's depiction of the allure of Lhasa and Muna's calculated use of tears reveals a microcosm of the larger societal landscape. It becomes a lens through which readers can examine the intricate dynamics that govern relationships and the coping mechanisms employed by women in the face of societal pressures. "Muna Madan," in this light, transcends its temporal setting, offering timeless insights into the emotional complexities and power struggles inherent in the representation of female characters.

## Representation of Female Agency and Feminist Discourse

Devkota's exploration of female agency and resilience in "Muna Madan" is a profound commentary on gender dynamics in 1930s Nepal. Initially portrayed as a stereotypical submissive wife, Muna undergoes a transformative journey that defies this stereotype. She evolves into a symbol of strength and resistance, breaking free from traditional gender roles. The character Kazi represents male dominance in society, highlighting the challenges women face in an objectifying society. Kazi's gaze over the female body symbolizes the struggles endured by women in a male-dominated culture, emphasizing the adverse effects of reducing women to objects and depriving them of agency and individuality. This narrative critiques the need for societal change, shedding light on the oppressive nature of a culture that objectifies women. Similarly, Kazi uses Neini as a weapon to fulfill his desires, portraying her as a female antagonist who attempts to torment Muna with the following lines:

> Tis six months since your husband left, to go to Lasha wild,
> He's forgot you dear I'm sure, over a beauty wild,
> He has left you for another, and so my heart does ache,
> Youth a drop on a lotus, stays for no one's shake.
> Just raise your eyes, you will send a thousand hearts aflutter,
> Your faithful husband, like the bee, from flower to flower will flutter. (27)

The character Neini in the poem represents a typical evil female character. Her only goal is to destroy the purity of Muna. Devkota goes beyond stereotypes in his portrayal of womanhood through Muna, offering a heightened awareness of female agency. Muna's confrontation with Neini becomes a powerful assertion of her own agency, challenging the narrative of women as passive recipients of societal norms. The blurred lines between masculinity and femininity in Muna's character defy prescribed gender roles and contribute to a profound connection between Muna and Madan, showcasing the potential for a more egalitarian relationship between men and women. Muna's agency aligns with the emerging feminist voices of the 1930s, reflecting a period where women were asserting themselves. Devkota's depiction of Muna embracing both masculine and feminine aspects challenges the restrictive definitions imposed by patriarchal norms.

Seira Tamang in her article states that before the 1990s, women in Nepal faced significant restrictions and their concerns were often marginalized. Until 1990, Nepalese society had not made much progress and remained primarily agricultural and pastoral, with a patriarchal system that consistently subjugated women. Women were subjected to daily discrimination, neglect, insults, control, exploitation,

oppression, and violence, both within their own families and in society as a whole. Unmarried women were especially vulnerable to exploitation by the male-dominated society, with individuals actively seeking them out to fulfill their sexual desires and establish illicit relationships to exert control and exploit them. So, regardless of their innocence, women were often blamed, perpetuating a cycle of victimization. Devkota's portrayal of the character Neini draws attention to this irony, as she exploits the situation for her gain instead of empowering the single women.

In essence, "Muna Madan" becomes a canvas on which Devkota paints a nuanced picture of female agency and resilience, contributing to the broader feminist discourse. The character of Muna symbolizes empowerment, encouraging readers to reflect on the potential for transformation within women, even in a society bound by traditional gender norms. The poem goes beyond its temporal setting, providing timeless insights into asserting agency and resilience within societal expectations. Devkota's narrative not only reflects 1930s Nepal but also explores the evolving dynamics between men and women in the face of changing societal paradigms.

## The Tragic Outcome and Societal Critique

Devkota uses the tragic outcome in "Muna Madan" to critique the societal conditions faced by women in 1930s Nepal. The narrative takes a heart-wrenching turn with Muna's untimely death, revealing the complex societal norms and male-dominated structures that contribute to her double marginalization. Muna's existence, intimately connected to her husband Madan, represents the limitations imposed on women during that time.

The suffocation experienced by Muna within the patriarchal society is palpable, emphasizing her inability to envision a life alone. Devkota portrays her struggle as a reflection of the broader challenges faced by women in a society that restricts their agency and defines their worth in relation to men. Muna's death becomes a tragic consequence of the oppressive societal structures that deny women autonomy and individual identity. Devkota's critique expands beyond individual characters to offer a wider commentary on the urgent need for societal reform. Through Muna's narrative, he compels readers to reflect on the consequences of a system that suppresses female agency and perpetuates gender-based inequalities. The poet becomes a social commentator, urging society to confront its inherent biases and oppressive structures. The tragedy of Muna serves as a powerful metaphor for the collective suffering of women, prompting a call to action for societal transformation.

In essence, the tragic outcome becomes a catalyst for introspection, challenging readers to question and dismantle the systemic barriers that contribute to the plight

of women. Devkota's critique transcends the temporal setting of 1930s Nepal, resonating as a universal plea for societal reform and a reevaluation of the role and status of women in a more equitable and just society. The tragic demise of Muna becomes not only a narrative device but also a powerful tool for societal reflection and transformation.

To conclude, Devkota skillfully weaves a literary masterpiece and a profound exploration of female representation in 1930s Nepal through Muna Madan. Through Muna's tragic narrative, he delves into societal expectations, emotional resilience, and the evolving discourse on female agency. Muna's untimely death serves as a poignant critique of male-dominated structures and societal norms, highlighting the double marginalization of women. Her intertwined existence with Madan symbolizes the limitations imposed on women, emphasizing dependency and vulnerability. Muna's struggle mirrors the broader challenges faced by women in a patriarchal society, showcasing their constrained agency and defined worth in relation to men. Devkota extends his critique beyond individual characters, advocating for societal reform and urging readers to contemplate the repercussions of gender-based inequalities. The tragedy of Muna becomes a metaphor for collective female suffering, prompting a call to action for transformative societal change. Devkota's critique, though rooted in 1930s Nepal, resonates universally, challenging readers to dismantle systemic barriers and reconsider women's roles in a more equitable society. Moreover, Muna's tragic demise serves as a powerful metaphor for the collective struggle of women against societal oppression. It urges readers to reflect on the necessity of transformative societal change. As a result, "Muna Madan" goes beyond its specific period and resonates as a timeless examination of gender dynamics. It also invites universal contemplation of the role and status of women in society.y. Moreover, Muna's tragic demise serves as a powerful metaphor for women's collective struggle against societal oppression. It urges readers to reflect on the necessity of transformative societal change. As a result, "Muna Madan" goes beyond its specific period and resonates as a timeless examination of gender dynamics.

## References

Devkota, L. P. *Muna Madan,* translated by Ananda P. Shrestha. Nirala Publication, 2017.

Tamang, Seira. *The Politics of Conflicts and Difference or the Difference of Conflicts in Politics.* The Women Movement in Nepal. Palgrave Macmillan Journals, 2009.

# An Outline of Feminism Jurisprudence: Phases and Approaches from Nepalese Perspectives

**Lokindra Hari Bhattarai**

## Abstract

Jurisprudence is a science of law. Whereas feminism jurisprudence is a philosophy of law based on political, economic, and social equality of sexes. It began in the 1960s and feminists believe that law is not neutral or impartial. They blame male written history which has been created in a biased way it is an off-shoot of critical legal studies. There are some of the schools of feminist jurisprudence. They are liberal feminism, radical feminism, postmodern feminism, black feminism, lesbian feminism, queer feminism, and Marxist feminism. All of the feminists have the same agenda of establishing equal opportunities and equal rights for women in all sectors. After the promulgation of the Constitution of the Kingdom of Nepal in 1990, the judicial body played a vital role in eliminating gender discrimination. The Interim Constitution of Nepal 2063 was more progressive than the constitution of Nepal 1990s in the issues of women's empowerment, reproductive freedom, equality, and property entitlement. The Constitution of Nepal 2015 enlarges women's issues and has guaranteed more rights than the previous constitutions. The judicial bodies with constitutional mechanisms are playing an effective role in the protection, and promotion of women's rights in Nepal.

*Keywords:* Feminism, wave, school, approach, vindication, philosophy, movement

## Introduction to Feminism

Feminism is the belief that women should have equal rights to men. The Merriam-Webster Dictionary defines feminism as the theory of the political, economic, and social equality of the sexes. The word feminism is a legal, political, economic, social, cultural, and critical movement which is developed from the women's movement more generally. Feminism is an 18th-century movement that originated for equality between the sexes. Feminist jurisprudence origins can be explained in several ways.

One sees it as an off-shoot of critical legal studies (M.D.A. Freeman, 2008). There is not a single definition of what feminism is. A feminist is someone who supports equal rights for women. Simply put, feminism is about all genders having equal rights and opportunities. We know that achieving gender equality requires more than just changes to laws. There is no doubt that women are half of the world's population and creating equalities in all sectors makes the world more prosperous.

Mary Wollstonecraft was an eighteenth-century British writer, philosopher, and feminist who is best known for *A Vindication of the Rights of Women* (1792). She advocates women's rights. In her seminal book, she argues that women are naturally inferior to men because of the lack of education. But she suggests that men and women should be treated equally. She vehemently emphasizes the importance of teaching children to reason. She advocates the education of women. If they are treated equally as men, well-educated women will be good wives and mothers who ultimately and positively contribute to the family, community, and the nation as a whole. She vigorously argues that the cause of inequalities is the deprivation of social, cultural, economic political rights including voting.

Simone de Beauvoir was a French writer, intellectual, existentialist philosopher, political activist, feminist, and social theorist. She is famous for her work *The Second Sex* (1949) has been called a feminist bible, which is the foundation of the modern feminist movement. Being the Second-wave/ radical feminist, she deals with the treatment of women throughout history and is often regarded as a major work of feminist philosophy. She strongly claims that feminism is the advocacy of women's rights on the grounds of political, social, and economic equality to men. She claims that a system of society or government is biased in which men hold the power and women are largely excluded from it.

Simone de Beauvoir states that women are not a minority like American Negros or the Jews. There are as many women as men on earth. Men have only achieved since ancient times and females have gained what men have been willing to grant. The females have taken nothing but they have received only what the males have provided. They have no past, no history, no authority, no religion of their own, no political authority and they never unite as the proletariat united. The women have always been man's dependent, if not his slave. The male and female have never shared the world of equality.

She brings the light on sex discrimination and biases from Plato to Post-modernism. The ancient Greeks abetted gender discrimination declaring the male to be the superior and the female the inferior. The concept of Charles Darwin's *The Descent of*

*Man* wrote that by choosing tools and weapons over the years, "man has ultimately become superior to woman" (Darwin's Descent Man), but Blackwell's argument for women's equality went largely ignored until the 1970s when feminist scientists and historians began to explore Darwin (Ruth, 1990).

The word 'feminist' evolved more than four hundred years after Christine de Pisan, the defender of feminism, was a medieval writer and historiographer who advocated for women's equality. God created men and women as equal beings. Since the French Revolution the voice of women should have been heard in the public arena and until 1900s the women gained voting rights. However, her outlook on women's issues is very similar to a mode of feminism that existed at the outset of the movement in the 1890s. Christine herself, however, lived a life idealized by many modern feminists that was contradictory to that of the typical female of her time, as the sole earner and head of the household. She was the first known French (and possibly European) woman to make her living by her pen, which she did to support her family and to create a more positive view of women in late fourteenth and early fifteenth century France.

A major feminist critic Virginia Woolf's *A Room of One's Own* (1929) hypothesizes the existence of Shakespeare's sister who is equally a gifted writer but dies without any acknowledgment for being a woman. Kate Millet's work *Sexual Politics* (1969) argues that a female is born but a woman is created. A.C Scales's work on "Emergence of Feminist Jurisprudence" states the concept of Aristotle's *Nicomachean Ethics,* in which equality means to treat like persons alike, and unlike persons unlike.

Feminist jurisprudence is a philosophy of law based on political, economic, and social equality of the sexes. It began in the 1960s and feminists believe that law is not neutral or impartial. They blame male written history which has been created in a biased way.

From the above ground, equality requires more than just changing the laws. The laws need to be meaningfully changed and implemented. The law makes an important contribution to expanding equality of opportunity for women. The sustained political will, leadership from women, and proper policy-making are the best starting points for the reform of women's position in society. So, the law can be a tool to empower women. Their equal participation in politics, economic, and educational arenas should be guaranteed.

## 1. International Instruments to Support Feminist Jurisprudence

In the present day, many international laws, rules, treaties, conventions, and movements have given priority to women's issues. Those issues support women's

movements, ideologies, and approaches across the world to form feminist jurisprudence (NJA 2062). The given issues are the Declaration on the Elimination of Discrimination against Women 1967, Convention on the Elimination of all Forms of Discrimination against Women 1979, General Recommendation 19 on Violence against Women 1992, Declaration on the Elimination of Violence against Women 1993, Special Rapporteur on Violence against Women, its Causes and Consequences – 1994, Fourth World Conference on Women in Beijing 1995, General Assembly Resolution 52/86 on Crime Prevention and Criminal Justice Measures to Eliminate Violence against Women 1997, Rome Statue 1998, Optional Protocol of CEDAW 1999, CCPR General Comment No. 28: Article 3 (The Equality of Rights Between Men and Women 2000, UN Security Council Resolution 1325 on Women, Peace and Security 2000, UN Convention on Transnational Organized Crime 2000, Women, Political Parties and Social Movements in South Asia 2005, Human development, disparity and vulnerability: women in South Asia 2016 etc. From the results of those issues and movements, the concept of feminism has changed dramatically in the 21st century. For example, today a 14 to 15-year-old girl in the developing world has got more opportunities than ever before. Compared to previous generations, she is much less likely to live in extreme poverty and has a better chance of growing up healthy and nourished. Thanks to shifts in laws, policies, and social norms that have changed the world around her, she is more likely to be able to finish primary school and less likely to marry young and become a mother before she is ready. With more role models to look up to in the political leadership of her nation, this young woman can aspire to great things. Across the world, women are raising their voices, joining together with allies in governments, the private sector, and social movements to insist that bold systemic change is possible. [1] So, feminism has become localized and particularized today but this must be recognized in an interdependent world.

## 2. Three Waves/ Phases of Feminism

There is no doubt that feminism is a social movement that has gradually improved the position of women. It refers to the belief in the social, political, legal, and economic quality of the sexes, that each individual is a valuable human being in his or her rights. Elaine Showalter is a prominent American feminist critic who introduces women as a reader and women as a writer. She has reconstructed the history of women by dividing the three phases or states or waves of women writers. The history of the modern feminist movements is divided into three 'Waves'. Each of the waves has dealt with different aspects of the same feminist issues. First-wave feminism, Second-wave feminism, and third-wave feminism.

1 UN Women 2020, Gender Equality. Women's Rights in Review 25 Years After Beijing

## a. First wave or Feminine Phase (1840-1880/1960)

The use of ICT in English language learning and teaching is very practicable. Both the learners and teachers can gain the knowledge from it. Every aspect of using ICTs can increase the interest of the learners. The learners are more concision and active while achieving vocabulary, grammar, and other aspects of language. ICT presents a powerful learning environment for learners in the classroom.

## References

Government of Nepal, Ministry of Education, *School Sector Development Plan (2016 - 2023), Kathmandu-Nepal, pp. 69,* 2016.

# Economically Important Pathogen *Sclerotium rolfsii:* Hosts, Disease Cycle and Major Control Measures

**Hom Prasad Sitaula**
B.Sc. Agriculture, Agriculture, and Forestry University (AFU)
Rampur, Chitwan

## Introduction

*Sclerotium rolfsii* is a polyphagous and economically important soil-borne pathogen having a very extensive host range affecting at least 500 species in about 100 plant families. It infects not only many important horticultural and agronomic crops but many of non-economic importance. It can disseminate rapidly under favorable environmental conditions resulting in great damage and loss of crop. The pathogen produces a survival structure that can survive for a long period in the soil and acts as the source of inoculums. It is responsible for causing wilts, rot, and southern blight in a wide range of hosts, mostly in leguminous and crucifers resulting in the damage of different plant parts i.e. leaf, stem, root, blossom, flower, and fruits. It is difficult to control the pathogen completely but various measures such as the use of biological agents (e.g. *Trichoderma, Pseudomonas,* etc), organic manures, and nitrogenous fertilizers (e.g. urea, sulfate ammonium, nitrate ammonium, etc), chemicals or fungicides (e.g. carbendazim, mancozeb, tricycle, etc), treatment of soil, field sanitation, etc. can be adopted for the effective control of pathogen and reduces the loss.

## Host and Host Range

The host range of *S. rolfsii* is very extensive, affects at least 500 species in about 100 plant families, and includes not only many important horticultural and agronomic crops but many of non-economic importance as stated by Aycock(1966). It affects the various plants causing blight, wilt, and rot. Some major host plants of *Sclerotium rolfsii* are listed below:

| S.N. | Name | Disease | Source |
|---|---|---|---|
| **A. Ornamental Plants** | | | |
| 1 | Gladiolus | Corm rot | Rivera *et al* (2001) |
| 2 | Chrysanthemum | Southern blight | (Horst R. , 2013) |
| 3 | Carnation | Southern blight; Basal rot | (Horst R. , 2013); (Singh *et al*, 2012) |
| 4 | Gerbera | Collar rot | (Suneeta, Eraivan, & Nakkeeran, 2016) |
| 5 | Marigold | Southern blight | (Horst R. , 2013) |
| 6 | Iris | Crown rot; southern blight | (Horst R. , 2013) |
| 7 | Narcissus | Wet scale rot; Crown rot | (Horst R. , 2013) |
| **B. Fruits** | | | |
| 8 | Apple | Collar rot | (Horst R. , 2013) |
| 9 | Peanut | Root rot: Wilt | (Horst R. , 2013) |
| 10 | Kiwi | Crown rot | (Horst R. , 2013) |
| **C. Cereals** | | | |
| 11 | Barley | Southern blight | (Esnard & Hepperly, 1995) |
| 12 | Wheat | Seedling blight | (Choppakatla, Hunger, & Melouk, 2006) |
| 13 | Rice | Seedling blight | (TISDAUS, 1921) |
| **D. Legumes and Oilseeds** | | | |
| 14 | Lentil | Collar rot | |
| 15 | Chickpea | Collar rot | (Wavare, et. al, 2017) |
| 16 | Sunflower | Collar rot; Southern blight | (Gandhi, Taya, & Kumar, 2017); (Horst R. , 2013) |
| | | | |
| 17 | Groundnut | Stem rot; Pod rot | (Rakholiya & Jadeja, 2012) |
| **E. Vegetables** | | | |
| 18 | Tomato | Southern blight; Stem rot | (Horst R. , 2013); (Kwon & Park, 2002) |
| 19 | Brinjal | Foot rot; Root rot | (Siddique et al, 2016) |
| 20 | Chilly | Collar rot | (Daunde et al, 2018) |

## Disease Cycle

## Figure 1

*Infection mechanism and disease cycle of Sclerotium rolfsii.*




(Source of Information: Aycock, 1996; Punja & Grogan, 1981; Deacon, 2006; Bateman and Beer,1965).

## Control Measures

### 1. Field Sanitation:

Sanitation of the field helps in the control of S. rolfsii. The sclerotia can survive in the various plant debris and weeds present in the field. These survived sclerotia act as a source of inoculums in the succeeding crops and result the great damage. So, proper removal of debris and weeds should be done before sowing as well as after the harvest of field crops. The burning of these materials can be considered best as it results in the destruction of debris along with sclerotia.

### 2. Removal of Infected Plant:

During the growth period of the plant, if any plant gets infected by a pathogen, then it is always better to remove it from the field and destroy it because the pathogen

can disperse rapidly once they get favorable environmental conditions. The removal and destruction of infected plants result from the prevention of the addition of inoculums in the field as well as the outbreak of pathogens from infected to healthy plants.

## 3. Chemical Method:

In the present scenario of the world, the use of different chemicals for controlling diseases and pests is increasing mainly due to its cheapness, effectiveness, and quick action than other control methods. The various types of chemical fungicides like hexaconazole, tricyclazole, carbendazim, mancozeb, metalaxyl, etc.

## 4. Biological Method:

The use of different biocontrol agents to control the various plant pathogens is increasing in the present world, which is found to be both effective and eco-friendly. The various biological microorganisms used to control the different plant pathogens are Trichoderma spp., Pseudomonas spp., Bacillus spp., etc.

## Conclusion

The loss caused by Sclerotium rolfsii in different crops is high in the global context. The prevention of disease is challenging as the fungi produce survival structures that can survive for a long time and are also resistant to unfavorable environmental conditions. Different methods can be used to control the effect of the pathogen like soil treatment, biocontrol agents, Chemicals, etc. and these methods have their efficiency in minimizing the effect of the pathogen. There is also a requirement for the development of a resistant variety of different plants to protect them from infections in the present global context.

## References

Aycock, R. (1966). Stem rot and other diseases caused by Sclerotium rolfsii. *Technical Bulletin No. 174. North Carolina Agricultural Experiment Station, Raleigh.,* 202.

Choppakatla, V., Hunger, R. M., & Melouk, H. A. (2006). First Report of Seedling Blight Caused by Sclerotium rolfsii on Wheat in Oklahoma. *Plant Disease, 90*(5), 686.2 - 686.2.

Daunde, A., Apet, K., Suryawanshi, A., & Khandare, V. (2018). Prevalence of collar rot of chili caused by Sclerotium rolfsii Sacc. Under the agro-

climatic zones of the Marathwada region of Maharashtra. *Journal of Pharmacognosy and Phytochemistry, 7*(4), 1905-1908.

Esnard, J., & Hepperly, P. R. (1995). First report of southern blight of common barley in Puerto Rico. *European Journal of Plant Pathology, 101,* 497–501. doi:https://doi.org/10.1007/BF01874473.

Gandhi, V., Taya, R., & Kumar, A. (2017). Management of collar rot ( Sclerotium rolfsii Sacc.) in sunflower (Helianthus annuus L.). *Indian Journal Of Agricultural Research,* 586-590.

Horst, R. (2013). *Field Manual of Diseases on Garden and Greenhouse Flowers.* Dordrecht : Springer. doi:10.1007/978-94-007-6049-3

Horst, R. (2013). *Westcott's Plant Disease Handbook.* (8, Ed.) Dordrecht: Springer. doi:10.1007/978-94-007-2141-

Kwon, J.-H., & Park, C.-S. (2002). Stem Rot of Tomato Caused by Sclerotium rolfsii in Korea. *Mycobiology,* 30:4, 244-246. doi:10.4489/MYCO.2002.30.4.244

Palakshappa, M. G. (1986). Studies on foot rot of betelvine caused by Sclerotium rolfsii. *M.Sc. (Agri.) Thesis, University of Agricultural Sciences, Bangalore.*

Punja, Z., & Grogan, R. (1981). Mycelial growth and infection without a food base by eruptively germinating sclerotia of Sclerotium rolfsii. Phytopathology. *Phytopathology, 71,* 1099-1103.

Rakholiya, K., & Jadeja, K. (2012). *Management of stem rot disease of groundnut: Control of stem and pod rot of groundnut.* LAP LAMBERT Academic Publishing.

Siddique, M. N., Faruq, A. A., Mazumder, M. G., Khaiyam, M. O., & Islam, M. R. (2016). Evaluation of Some Fungicides and Bio-Agents against Sclerotium rolfsii and Foot and Root Rot Disease of Eggplant (Solanum melongena L.). *The Agriculturists, 14*(1), 92-97.

Singh, V., Singh, Y., & Kumar, P. (2012). Diseases of Ornamental Plants and their Management. *In Ecofriendly Innovative Approaches in Plant Disease Management* (p. 550). Dehradun, Uttarakhand: International Book Distributors.

Suneeta, P., Eraivan, A., & Nakkeeran, S. (2016). First report of collar rot disease in Gerbera jamesonii Bolus ex Hook caused by Sclerotium rolfsii Sacc. in India. *Int. J. of research in Applied, Natural, and Social sciences, 4*(10), 97-100.

Waware, S. H., M., G. R., & Shitole, A. V. (2017). Effect of Plant Extracts, Bio Agents and Fungicides against Sclerotium rolfsii Causing Collar Rot in Chickpea. *International Journal of Pharmaceutical Sciences, 79*(4), 513-520. doi:10.4172/pharmaceutical-sciences.1000257

# Differences between High School Education and College Education: An Experience

**Shyam Babu Bhattarai**
Lecturer
Gramodaya Yugakavi Siddhicharan Campus
Gamnang, Okhaldhunga

The students who join college after high school education experience some differences. Most of the students think that post-secondary education will be the same as the one they had while being at the secondary level. However, their assumptions turn out to be wrong as soon as they enter college life. Immediately, they realize that college life is relatively different from that of school life. At school, they don't get the opportunity of freedom, bear fewer academic challenges, feel easy in class, enjoy testing trends, and are burdened less by fee structure.

In terms of cost, the college is run by collecting fees from students. In this sense, college is more expensive than school. Moreover, college students must bear the tension of room rent for living near the college they study. On the other hand, high school students don't have to worry, leaving some exceptional cases, because many of the students live with their parents at home. At secondary level schools, students don't have to spend a high amount of money on stationery items. In contrast, college students must spend much more cost on stationery items, especially on textbooks, resource materials reference books, and so on.

At college, students encounter many more academic challenges than the academic challenge while being at the secondary school level. The workload in college is more academic and challenging than that of secondary level. They have to do more assignments; they have to spend hours and great effort. In the opposite to it, they are not habituated to devote such time and effort to complete their assignments. In addition to it, different subject-wise practical marks are offered by the college and to attain these marks, also, college students must indulge them in severe practice.

In addition to the curricular activities, college students have to participate more in extra-curricular and co-curricular activities than in high school. At school, students are not exposed abundantly to other activities. Only curricular activities

are focused. But at college, there are organizations and forums to facilitate students from different angles. They also get more facilities for socialization due to athletic facilities, social events, and other events launched at college. These facilities are not available at high school.

At school, students spend about 34 hours every week under the direct supervision of the headmaster and teachers. Directly and indirectly, parents also have a keen interest in their children's education. They allocate time and money for their offspring's education. High school takes student attendance in the first period regularly. High school teachers teach students interactively using local materials to a greater degree due to less number of students. As a result, students feel easy, and comfortable and they find their teachers as mutual partners and intellectual friends.

The trend of evaluation differs vastly between high school and college. Different terminal and periodical exams are conducted at school to measure the ability of students. For that formative, summative, and other tests are launched to give instant feedback.

But at college, students tend to give partial time. Neither the parents nor the teachers become mutual friends and co-partners to enhance education. The students themselves have to manage time, do assignments, and study without sufficient help and guidance from parents and others. Not only that, but the classes provided by the college also are not interactive, student-friendly and co-operative due to over number. Mostly, lecture methods and teacher-centric classes are in practice. The evaluation trend also amazes students. At college, only summative test is conducted to determine merit except on some practical subjects.

In conclusion, college education and high school education have some differences in terms of fee structure, academic challenges, evaluation trends, teaching technique, familial support, labor, and social activities. These core differences need to be considered by the students who are thinking of entering college from high school. If these simple but significant differences are understood on time, post-secondary student life will be easy and comfortable. Otherwise, the students planning for college life suffer some unseen and unimagined problems.

## ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

लिखु गाउँपालिका–६, गाम्नाङटार, ओखलढुङ्गा

आ.व.२०७९/२०८० को वार्षिक प्रगति विवरण तथा २०८०/०८१ को कार्यक्रम एवं अनुमानित बजेट

क्याम्पसको सङ्क्षिप्त परिचय **(Short Introduction of Campus)**

नेपालको कोशी प्रदेशअन्तर्गत ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका वडा नं. ६ गाम्नाङटारमा २०६३ सालमा स्थापित ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस स्थापना र सञ्चालन गर्न श्री ग्रामोदय युगकवि सिद्धिचरण उमावि, तत्कालीन गम्नाङटार गाविस, छिमेकी गाविस, रामेछापका केही गाविस र काठमाडौंमा रहेका बुद्धिजीवि र सक्रिय राजनैतिक दलहरूको विशेष उल्लेखनीय भूमिका रहेको थियो । विसं. २०६२ सालमा तत्कालीन शिक्षकहरू तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई यस क्याम्पसको सूत्रधारका रूपमा लिन सकिन्छ। क्याम्पस स्थापनाका लागि लाग्ने सम्पूर्ण आर्थिक, भौतिक, शैक्षिक सामग्री, भवन, फर्निचर र केही शैक्षिक जनशक्ति उपलब्ध गराउने श्री ग्रामोदय युगकवि सिद्धिचरण उमावि (हाल मावि) सहयोग गरेको पाइन्छ भने जग्गा किन्नका लागि क्याम्पसको आफ्नै केही रकम र गाउँपालिकाबाट उपलब्धे रकमबाट ५ रोपनी जग्गा क्याम्पसको आफ्नै नाममा रजिस्ट्रेसन भएको छ। क्याम्पसको आफ्नै भवन छैन । जसले गर्दा क्याम्पसका ९ः३० पछिका कक्षाहरू सञ्चालन गर्न ज्यादै कठिनाइ परिरहेको छ। राज्य पुनःसंरचनाका क्रममा क्षेत्रीय निर्देशनालय, ग्न्ऋ र पालिकाबाट केही रकम प्राप्त भइरहेको छ। यसका लागि गाउँपालिका अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार क्षेत्रीय निर्देशनालयलाई आभार व्यक्त गर्दछौं । शिक्षा, संकायअन्तर्गत अंग्रेजी, गणित, नेपाली र अर्थशास्त्र विषयहरू विशिष्टीकरण विषयको रूपमा अध्यापन हुने यस क्याम्पसमा विषयगत रूपमा दक्ष उपप्राध्यापकहरूको व्यवस्था गरिएको छ। शैक्षिक सत्र २०७५/०७६ मा जम्मा १२२ जना, २०७६/०७७ मा १७९ जना, २०७७/०७८ मा १५९ जना, २०७८/०७९ मा १८३ र २०७९/०८० मा २३९ जना विद्यार्थीहरू अध्ययपनका लागि भर्ना भए तापनि भौगोलिक विकटता, यातायातको असुविधा, गरिबी, आदि कारणले सबैलाई क्याम्पसमा नियमित गराउन भने सकिएको छैन । गरिबीका कारण युवाहरू बिदेसिने र युवतीहरू विवाहपश्चात् अन्तै सरुवा भएको पाइन्छ। यस क्याम्पसमा अध्ययन गरी बीएड उत्तीर्ण गर्नेको संख्या २०० भन्दा बढी रहेको छ। २०७५/०७६ को नतिजा पहिलो वर्ष ७२.७२%, दोस्रो वर्ष ३३.३%, तेस्रो वर्षको ८३%, चौथो वर्षको ३२.२६% रहेको पाइन्छ। त्यसपछिका वर्षहरूमा नतिजा क्रमशः तुलनात्मक घट्दै गरेको थियो भने हाल आएर सन्तोषजनक नै रहेको छ।

क्याम्पसको प्रमुख आम्दानीको स्रोतमध्ये विद्यार्थीहरूबाट उठ्ने शुल्क नै हो। यसबाहेक विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त नियमित अनुदान, प्रदेश सरकार शिक्षा विकास निर्देशनालयबाट समय-समयमा प्राप्त हुने प्रस्तावमा आधारित अनुदान नै आम्दानी रहेको छ । आय-व्ययको नियमित लेखापरीक्षण भइरहेको र सो प्रतिवेदनमा लेखा परीक्षकले कुनै त्रुटि नपाएका कारण यस क्याम्पसको लेखा व्यवस्थापन चुस्तदुरुस्त देखिन्छ। शिक्षा र समाजको घनिष्ठ सम्बन्ध हुने हुँदा समाजको उन्नति, प्रगति र विकासका लागि अन्य संघसंस्थाले जस्तै यस क्याम्पसले पनि आफ्नो भूमिका निर्वाह गरेको छ। विश्वव्यापी रूपमा फैलिएको Covid-19 महामारीबाट

समाजलाई बचाउन यहाँ शिक्षक, विद्यार्थी र कर्मचारीले समाजमा जनचेतना जगाउने कार्यमा सहभागी हुनु, विपन्न विद्यार्थीहरूलाई आफूले सकेको छात्रवृत्ति उपलब्ध गराउनु, विभिन्न सामाजिक संघसंस्थासँग समन्वय गरी विद्यार्थीहरूलाई सहयोग पुऱ्याउनेसमेत कार्य यस क्याम्पसले गरेको छ । यस महामारीले करिब एक शैक्षिकसत्र अध्ययन-अध्यापनमा लागि प्रतिकूल असर पाऱ्यो । यो महामारी न्यून भएसँगै नियमित रूपमा पठनपाठन कार्यलाई अगाडि बढाइयो । न्यून आम्दानीको स्रोत, आफ्नो भवन नहुनु, व्यवस्थित पुस्तकालय अभाव, आधुनिक प्रविधिमैत्री सामग्रीको अभाव आदिलाई चुनौतीका रूपमा लिएको यस ग्रामोदय क्याम्पसले विभिन्न संघसंस्थाबाट प्राप्त अनुदान, स्थानीय तहको सहयोग र सद्भावलाई सदुपयोग र परिचालन गर्दै अगाडि बढ्ने प्रयत्न गरिरहेको छ। समुदायको साथ र सहयोग प्राप्त गर्न सफल भएमा समुदाय र क्याम्पस दुवैको भविष्य उज्ज्वल हुनेमा हामी प्रतिबद्ध छौँ ।

## पृष्ठभूमि (Background)

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस नेपालको संविधान २०७२ ले जारी गरेको प्रादेशिक विभाजनअनुसार प्रदेश नं. १ को ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका वडा नं. ६ गाम्नाङटारमा रहेको छ। तत्कालीन श्री ग्रामोदय युगकवि सिद्धिचरण उमाविको आर्थिक, भौतिक तथा शैक्षिक सहयोगमा स्थापित ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस ओखलढुङ्गा जिल्ला सदरमुकामबाट झन्डै १९ कोस पश्चिममा पर्दछ भने राजधानी काठमाडौंबाट २५० किमि पूर्वमा रहेको छ। यस क्याम्पसको स्थापना ग्रामोदय युगकवि सिद्धिचरण उमावि र विभिन्न राजनैतिक दलहरू, शिक्षक, बुद्धिजीवि सम्पूर्ण जनसमुदायको योगदान अविस्मरणीय रहेको छ।

विसं. २०६२/०६३ देखि विभिन्न प्रक्रियागत चरणहरू पार गरी २०६३ साल कात्तिक १ गते सम्बन्धित निकायबाट स्वीकृत भई मंसिर १ गतेबाट कक्षा सञ्चालन हुँदै आएको छ। पहिले ३ वर्षे बीएड सञ्चालन भएकोमा २०७२/०७३ देखि चारवर्षे बीएड कार्यक्रम सञ्चालन भइरहेको छ। यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले लिखु खोला आसपासलाई जन्मथलो र कर्मथलो बनाई गरिब जन र बाहिर गएर पढ्न नसक्ने छोरी बुहारीलाई शिक्षित बनाउने उद्देश्य लिएको क्याम्पस सबै संघसंस्था, निकायहरूको अनुदान दूरदराजमा स्थापित हाम्रो सामुदायिक क्याम्पसहरूको आधार स्तम्भ हुने कुरामा हामी आशावादी छौं र धन्यवाद टक्र्याउँछौं।

### १. शैक्षिक प्रक्रिया (Academic Process)

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सामुदायिक क्याम्पसका रूपमा सञ्चालित ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसमा शिक्षा शास्त्रअन्तर्गत चारवर्षे स्नातक तह कार्यक्रममा अङ्ग्रेजी, गणित, अर्थशास्त्र र नेपाली विशिष्टीकरण विषयको रूपमा पठनपाठन भइरहेको छ भने माइनरमा अर्थशास्त्र शिक्षा र नेपाली शिक्षा राखिएको छ । विद्यार्थीहरूको भर्नादर बढ्नु, उत्तीर्ण प्रतिशत बढ्नु, विभिन्न सामाजिक संस्थाहरूले उच्च सम्मान गर्नु, यस क्याम्पसको प्रगति मान्नुपर्छ। विभिन्न समस्याको बाबजुद पनि यस क्याम्पसले झन्डै २५० जना विद्यार्थीलाई स्नातक उपाधि दिन सफल भएको छ। यस क्याम्पसको शैक्षिक प्रगतिलाई समग्र रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.१ विगत तीन वर्षको भर्ना प्रवृत्ति (Enrollment trend analysis of the last 3 years)

यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसमा चारवर्षे स्नातक तहमा शिक्षा शास्त्र संकायअन्तर्गत विशिष्टीकरण

विषयहरू अंग्रेजी, नेपाली, अर्थशास्त्र र गणित विषयको नियमित पठनपाठन भइरहेको छ । शैक्षिक वर्ष २०७६/०७७, शैक्षिक वर्ष २०७७/०७८ शैक्षिक वर्ष २०७८/०७८ मा यस क्याम्पसमा विद्यार्थीको भर्ना विवरण निम्नअनुसार तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.** १

*गत तीन शैक्षिक वर्षको विद्यार्थी भर्ना विवरण*

| शैक्षिक वर्ष | | विद्यार्थी भर्ना विवरण | | | | | | | | | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | | जनजाति | | | अन्य | | | जम्मा | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७७/०७८ | प्रथम | २ | ३ | ५ | १० | १० | २० | २० | १० | ३० | ३२ | २३ | ५५ |
| | दोस्रो | ४ | १ | ५ | ६ | १७ | २३ | १५ | २५ | ४० | २५ | ४३ | ६८ |
| | तेस्रो | २ | १ | ३ | ७ | ११ | १८ | ५ | १८ | २३ | १४ | ३० | ४४ |
| | चौथो | २ | - | २ | २ | २ | ४ | ३ | ७ | १० | ७ | ९ | १६ |
| | जम्मा | १० | ५ | १० | २५ | २९ | ६५ | ४३ | ६० | १०३ | ७८ | १०५ | १८३ |
| २०७८/०७९ | प्रथम | २ | ३ | ५ | १० | १० | २० | २० | १० | ३० | ३२ | २३ | ५५ |
| | दोस्रो | २ | ४ | ६ | ८ | १० | १८ | ११ | २० | ३१ | २१ | ३४ | ५५ |
| | तेस्रो | ४ | ३ | ७ | ६ | १७ | २३ | १४ | २४ | ३८ | २४ | ४४ | ६८ |
| | चौथो | २ | १ | ३ | ७ | ११ | १८ | ५ | १८ | २३ | १४ | ३० | ४४ |
| | जम्मा | १० | ११ | २१ | ३१ | ४८ | ७९ | ६० | ७२ | १२२ | ९१ | १३१ | २२२ |
| २०७९/०८० | प्रथम | २ | ३ | ५ | ६ | ८ | १४ | १३ | २० | ३३ | २१ | ३१ | ५२ |
| | दोस्रो | १ | ६ | ७ | ९ | १५ | २४ | ११ | ३६ | ४७ | २१ | ५७ | ७८ |
| | तेस्रो | २ | ४ | ६ | ८ | १० | १८ | ११ | २० | ३१ | २१ | ३४ | ५५ |
| | चौथो | ४ | - | ४ | ५ | ११ | १६ | १३ | २१ | ३४ | २२ | ३२ | ५४ |
| | जम्मा | ९ | १३ | २२ | २८ | ४४ | ७२ | ४८ | ९७ | १४५ | ८५ | १५४ | २३९ |
| २०८०/०८१ | प्रथम | २ | २ | ६ | ८ | १२ | २० | ७ | १७ | २४ | १७ | ३३ | ५० |
| | पुरानो दोस्रो | १ | ७ | ८ | ७ | १६ | २३ | ९ | ३० | ३९ | १७ | ५३ | ७० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ दोस्रो | ३ | ३ | ६ | ६ | ८ | १४ | ९ | १४ | २३ | १८ | २५ | ४३ |
| | तेस्रो | १ | ३ | ४ | ९ | ८ | १७ | ७ | १९ | २६ | १७ | ३० | ४७ |
| | चौथो | ३ | ० | ३ | ४ | ११ | १५ | १२ | १८ | २८ | १९ | २९ | ४८ |
| | जम्मा | १० | १५ | २७ | ३४ | ५५ | ८५ | ४४ | ९८ | १४० | ८८ | १७० | २५८ |

तालिका नं. १ मा हेर्दा शैक्षिक सत्र २०७७/०७८ मा क्रमशः विद्यार्थी संख्या बढ्दै गई छात्र ७८ र छात्रा १०५ गरी १८३ जनाको भर्ना भएको छ भने त्यस्तै २०७८/०७९ लाई हेर्दा छात्र ९१ र छात्रा १३१ गरी २२२ जना भर्ना भएको पाइन्छ भने २०७९/२०८० को भर्ना हेर्दा छात्र ८५ जना र छात्रा १५४ जना गरी २३९ जना विद्यार्थी संख्या देखिन्छ । हाल यस वर्षको शैक्षिक सत्रको भर्ना दरलाई हेर्दा विद्यार्थीहरूको भर्ना दर घट्दो रूपमा देखिन्छ किनकि वैदेशिक रोजगारको आकर्षणको कारणका साथै स्वदेशमा कुनै उद्योगधन्दा, व्यपार व्यवसायको अवसर नभएको कारणले क्याम्पस छोड्नेको संख्या बढ्दै गइरहेको पाइन्छ ।

## १.२ विगत तीन वर्षको उत्तीर्ण दर प्रवृत्ति (Pass rate trend analysis of the last 3 years)

शैक्षिक वर्षमा विद्यार्थीहरूको उत्तीर्ण दर कस्तो रह्यो भनी हेर्न प्रत्येक शैक्षिक सत्रमा तहगत परीक्षामा सम्मिलित विद्यार्थीहरूको संख्या र उत्तीर्ण विद्यार्थीहरूको संख्या नै हेर्न उपयुक्त देखिन्छ किनकि भर्ना भएका सबै विद्यार्थीहरू परीक्षामा आवेदन फारम नभर्ने, परीक्षा आवेदन फारम भरेका सबै परीक्षा दिन नजाने र परीक्षा आवेदन नियमित र आंशिकसँगै भने सिम्बोल नम्बर क्रमसँगै हुने भएकाले यस क्याम्पसबाट परीक्षामा सम्मिलित विद्यार्थीहरू र उत्तीर्ण निम्नानुसार रह्यो ।

### तालिका नं. २

*परीक्षामा सम्मिलित र उत्तीर्ण संख्या*

| शैक्षिक वर्ष | चारवर्षे बीएड | सहभागी विद्यार्थी | उत्तीर्ण % |
|---|---|---|---|
| २०७७/०७८ | बीएड पहिलो वर्ष | ६८ जना | ५६.२५% |
| | बीएड दोस्रो वर्ष | ४४ जना | ५३.३% |
| | बीएड तेस्रो वर्ष | १७ जना | ६४.७०% |
| | बीएड चौथो वर्ष | ३० जना | ३३.३% |
| २०७८/०७९ | बीएड पहिलो वर्ष | ५५ जना | नतिजा प्रकाशन नभएको |
| | बीएड दोस्रो वर्ष | ५४ जना | नतिजा प्रकाशन नभएको |
| | बीएड तेस्रो वर्ष | ३० जना | नतिजा प्रकाशन नभएको |
| | बीएड चौथो वर्ष | १६ जना | ५६.२५% |

| | | | |
|---|---|---|---|
| २०७९/०८० | बीएड पहिलो वर्ष | ४५ जना | ५१.११ % |
| | बीएड दोस्रो वर्ष | ४६ जना | ७८.२६ % |
| | बीएड तेस्रो वर्ष | २५ जना | ७२.% |
| | बीएड चौथो वर्ष | १६ जना | ५६.२५ % |

शैक्षिक सत्र २०७७/०७८ बीएडका सबै तहलाई Covid-19 को कारणले गर्दा चौथो वर्षमा उत्तीर्ण दर कम देखिन्छ भने दोस्रो वर्षको नतिजामा सुधार नै देखिन्छ। शैक्षिक सत्र २०७८/०७९ लाई हेर्ने हो भने त्रिविको परीक्षाफल प्रकाशनमा ढिलाइ भए पनि यस वर्षको परीक्षाफल सन्तोषजनक नै देखिन्छ। शैक्षिक सत्र २०७९/०८० को परीक्षाको पहिलो वर्ष, दोस्रो वर्ष र तेस्रो वर्षको रिजल्ट हुन सकेको छैन भने चौथो वर्षको Marksheet प्राप्त भइसके तापनि यस वर्षको परीक्षाफल सन्तोषजनक नदेखिएकाले आगामी शैक्षिक वर्षका लागि क्याम्पस प्रशासन, शिक्षक, विद्यार्थी र अविभावकहरूले समयमा नै सोच्नुपर्ने आवश्यकता देखिन्छ।

### १.३ विगत तीन वर्षको उत्तीर्ण प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis of Last 3 Years)

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस लिखु-६ ओखलढुङ्गाको ४ वर्षे बीएड कार्यक्रमअन्तर्गत दुई वर्षको उत्तीर्ण गर्ने विद्यार्थीहरूको विश्लेषण वृत्तचित्रद्वारा प्रस्तुत गरिएको छ।

| क्र. सं. | विवरण | विद्यार्थी उत्तीर्ण संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बीएड पहिलो वर्ष | ४५ जना | ५१.११ % |
| २. | बीएड दोस्रो वर्ष | ४६ जना | ७८.२६ % |
| ३. | बीएड दोस्रो वर्ष | २५ जना | ७२.% |
| ४. | बीएड दोस्रो वर्ष | १६ जना | ५६.२५ % |



## १.४ कार्यक्रमहरू (Programs)

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको स्थापना यस भेगमा रहेको तालिम प्राप्त शैक्षिक जनशक्तिको अभाव, उच्च शिक्षा संस्थाको अभाव, प्रोपाइटर श्री ग्रामोदय युगकवि सिद्धिचरण उमाविमा रहेको विद्यमान जनशक्ति आदिलाई मध्यनजर गरेर नै "शिक्षा विषय" को क्याम्पस खोल्ने र यसमा युगकविको नामलाई जीवन्त राख्ने निर्णय भएको थियो । विसं. २०६३ सालमा उमाविको र शिक्षाप्रेमी, बुद्धिजीवीको अगुवाइबाट क्याम्पस स्थापना भएको हो । सुरुकै विषयहरू अध्यापन गराए पनि केही विषय थप गर्ने BBS संकाय थप्नुपर्ने आवश्यकता देखिँदै आएको छ।

## १.५ शिक्षण विज्ञान (Educationals Pedagogy)

शैक्षिक जनशक्ति अर्थात् तालिम प्राप्त शिक्षकहरू उत्पादन गर्ने उद्देश्यका साथ स्थापना भएको शिक्षा क्याम्पसमा प्रावि र निमावि शिक्षकहरूले पढ्ने अवसर पाएका छन् । शिक्षा विषय अध्ययन हुने भएकाले यहाँ उत्पादित जनशक्तिले थुप्रै शिक्षक बन्न अवसर पाएछन् । अहिलेको प्रविधिमैत्री शिक्षा प्रदान गर्नु आजको आवश्यकता देखिन्छ। यसर्थ IT कक्षाहरू पनि सञ्चालन गर्नुपर्ने देखिन्छ। अबका दिन सो शिक्षा दिने प्रबन्ध मिलाइँदै छ।

# २. भौतिक विकास (Physical Development)

## २.१ पूर्वाधार विकास (Infrastructural Development)

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको स्थापना तत्कालीन श्री ग्रामोदय युगकवि सिद्धिचरण उमाविलाई आधार मानी गरिएको थियो। हालसम्म पनि क्याम्पसलाई आवश्यक पर्ने कक्षाकोठा, फर्निचर सबै विद्यालयले नै उपलब्ध गराइरहेको छ। हाल आएर क्याम्पसले ५ रोपनी जग्गा आफ्नो नाममा रजिस्ट्रेसन गरिसकेको छ भने दातृ निकायहरूले स्वीकार गर्ने वा कानुनी मान्यता पाउने हो भने विद्यालय अन्य जग्गा उपलब्ध गराउन तयार छ। क्याम्पस भवन निर्माणका लागि सम्बन्धित निकायमा प्रस्ताव पेस गर्ने र अन्य कदम अगाडि बढाउनका लागि उप्रेरित गर्ने विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार र पालिकालगायत संघसंस्थाहहरूको सहयोगको उच्च मूल्यांकन गर्दै धन्यवाद ज्ञापन गर्दछौँ ।

आ.व. २०७९-८० मा विश्वविद्यालय अनुदान आयोगले चारकोठे भवन निर्माणका लागि रु ५०,००००० विनियोजन गरिदिँदा हाल गैया देनी कन्स्ट्रक्सन ऐन सप्लार्यस् प्रालि लिखु-३ नर्मदेश्वर ओखलढुङ्गा र ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसबिच २०८० साल कात्तिक १२ गते सम्झौता भई आगामी २०८० फागुन मसान्तसम्म क्याम्पस भवनको निर्माण कार्य सम्पन्न गर्ने कार्यादेशसमेत दिइसकेपछि डीपीसी हुँदै पहिलो ढलानसमेत भई पहिलो किस्ता भुक्तानीका लागि माग भई आएको र गापाका प्राविधिकबाट विस्तृत विवरणका बारेमा मूल्याङ्कन भइरहेको छ । आजसम्म ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको भौतिक, आर्थिक, शैक्षिकलगायत अन्य पक्षको विकासमा सहयोग पुऱ्याउनुहुने UGC, प्रदेश सरकार गाउँपालिकालगायत संघसस्थाहरूको सहयोगको उच्च मूल्यांकन गर्दै धन्यवाद ज्ञापन गर्दछौँ ।

## २.२ शैक्षिक सामग्री (Educational Aids)

विद्यार्थीहरूको दैनिक पठनपाठन र अध्ययनका लागि आवश्यक स्रोत सामग्रीको आवश्यकता पर्दछ। शिक्षण

सिकाइ क्रियाकलापलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन विषय सुहाउँदा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न क्याम्पसले प्रयत्न गरेको छ। तापनि पर्याप्त छैनन्। आर्थिक अभावको कारण पर्याप्त पार्न नसकिए तापनि निम्न प्रयत्न भएका छन् ।

### २.२.१ **ICT का सामग्रीहरू**

ICT को ल्याब नभए पनि विद्यार्थीहरूलाई आधुनिक प्रविधिसँग परिचित गराउन र अफिसियल प्रयोजनका लागि निम्न सामग्री रहेका छन् ः

**तालिका–४**

*ICT सामग्री*

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | ल्यापटप | ४ थान | |
| २. | डेस्कटप | ८ थान | |
| ३. | प्रोजेक्टर | १ थान | |
| ४. | प्रिन्टर | १ थान | |

स्रोत ः क्याम्पस अभिलेख

### २.२.२ **Books and Reference Materials**

विद्यार्थीहरूको स्व-अध्ययन गर्ने बानीको विकास गराउनका साथै पठनपाठन कार्यलाई सहज बनाउनका लागि चारवटै विशिष्टीकरण विषयका अतिरिक्त अन्य अनिवार्य विषयसम्बद्ध विभिन्न लेखकका किताबहरू, सहायक सामग्रीहरू प्रयोगमा ल्याइएका छन्। विश्वविद्यालयको सहयोगमा पुस्तकहरू प्रशस्तै छन् तर व्यवस्थित पुस्तकालय बनाउन भवनको अभाव छ। पत्रपत्रिका र सञ्चारका अन्य साधनहरू पहुँच नभएरै व्यवस्था गर्न सकिएको छैन।

### २.२.३ **फर्निचर (Furniture)**

स्थापनाकालदेखि ग्रामोदय युगकवि उमाविको फर्निचरबाट नै सञ्चालन गरेकोमा पछि गएर क्याम्पसको आफ्नो भवन नभए पनि विभिन्न संघसंस्थाको सहयोगबाट निम्नानुसार फर्निचरको व्यवस्था गरिएको छ।

**तालिका ५**

| क्र.सं. | विवरण | परिणाम |
|---|---|---|
| १. | कुर्सी | १५ वटा |
| २. | मिटिङ टेबल | २ वटा |
| ३. | फलामे डेस्क बेन्च | १०० वटा |

| | | |
|---|---|---|
| ४. | दराज | १० वटा |
| ५. | बुक र्‍याक | ४ वटा |
| ६. | प्लास्टिक कुर्सी | १० वटा |
| ७. | टेबल | ४ वटा |

स्रोतःक्याम्पसको अभिलेख

## ३. आर्थिक प्रगति (Financial Progress)

### ३.१ विगत तीन वर्षको आर्थिक स्रोतको विश्लेषण (Analysis of Financial Resources / Income of the 3 years)

क्याम्पस स्थापना गर्न आवश्यक धरौटी रकम जम्मा गर्न विभिन्न संघसंस्था, दातृ निकाय र बौद्धिक वर्गको पहलकदमी सुरु भइरहेको ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको मुख्य आर्थिक स्रोत नै विद्यार्थी उठ्ने शुल्क हो। विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान, प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटाको प्रस्तावमा आधारित अनुदान रकम र गाउँपालिकाको अनुदान रकमलाई नै आर्थिक स्रोत मानिन्छ।

यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको आय विवरण यस प्रकार छः-

**तालिका–६**

*आय-व्यय विवरण*

| क्र.सं. | आम्दानी शीर्षक | आव २०७७/०७८ | आव २०७८/०७९ | आव २०७९/०८० |
|---|---|---|---|---|
| १ | भर्ना शुल्क | १८२००० | १७४००० | २०२००० |
| २ | त्रिवि दर्ता शुल्क | १३००० | ३२००० | १०५०० |
| ३ | मासिक शुल्क | ४८८००० | ३०३६५० | ७४५६५० |
| ४ | पुस्तकालय शुल्क | ४४००० | ४३५०० | ५०५०० |
| ५ | अतिरिक्त क्रियाकलाप शुल्क | १७००० | १७४०० | २०२०० |
| ६ | भौतिक सेवा शुल्क | १७००० | १७४०० | २०२०० |
| ७ | आन्तरिक परीक्षा शुल्क | ३४००० | ३४८०० | ४०४०० |
| ८ | अभ्यास शिक्षण शुल्क | १८००० | ६००० | १७९०० |
| ९ | प्रमाणपत्र  शुल्क | ३००० | ८००० | ८००० |
| १० | युनियन शुल्क | ९००० | ८७०० | १०१०० |
| ११ | विविध  शुल्क | १२२५० | १३०५० | १५१५० |
| १२ | विद्यार्थी कल्याण शुल्क | १७००० | १७४०० | २०२०० |
| १३ | UGC नियमित अनुदान | ९२११७५ | १४६५००० | १७८४६०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | UGC समता अनुदान | | | ८००००० |
| १५ | UGC भवन अनुदान | | | २५००००० |
| १६ | प्रदेशर गापा अनुदान | ५२९२३८ | ५००००० | ५००००० |
| १७ | ऋण सापटी | १६००००० | | १००१७०४.९४ |
| १८ | UGC पुस्तकालय अनुदान र फर्निचर | ५००००० | २५०००० | |
| | जम्मा | ४४०४६६३ | २८९०९०० | ७७४७१०४.९४ |

स्रोत : क्याम्पस अभिलेख

## ३.२ स्वआर्जित आय (Self-Generated Resources/Income)

क्याम्पसको भौतिक विकास र प्रशासनको नियमित सञ्चालनार्थ आवश्यक आर्थिक स्रोतको पहिचान र सञ्चालन गर्ने जिम्मेवारी समग्र क्याम्पस परिवारको हो । सो जिम्मेवारी पूरा गर्न यस क्याम्पसले निम्नानुसारको स्रोत पहिचान गरी प्रयोग गरिरहेको छ ।

### ३.२.१ शिक्षण शुल्क (Student Fee)

क्याम्पसको आम्दानीको प्रमुख स्रोत भन्नु नै विद्यार्थीले क्याम्पसलाई बुझाउने शुल्क हो । यस क्याम्पसले विद्यार्थीहरूबाट निम्नानुसार शीर्षकमा शुल्क उठाउने गरेको छ ।

**तालिका–७**

*विद्यार्थी शुल्क*

| क्र.सं. | शीर्षक | प्रथम वर्ष रु. | दोस्रो वर्ष रु. | तेस्रो वर्ष रु. | चौथो वर्ष रु. |
|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ४२५० | ४२५० | ४२५० | ४२५० |
| २ | रजिस्ट्रेसन फारम | ५०० | | | |
| ३ | पुस्तकालय शुल्क | ५०० | ५०० | ५०० | ५०० |
| ४ | मासिक शुल्क | ५०० | ५०० | ५०० | ५०० |
| ५ | परीक्षा शुल्क | त्रिविले तोके अनुसार | त्रिविले तोके अनुसार | त्रिविले तोके अनुसार | त्रिविले तोके अनुसार |
| ६ | विद्यार्थी कल्याण शुल्क | २०० | २०० | २०० | २०० |
| ७ | प्रयोगात्मक शुल्क | ३५० | ३५० | ३५० | ३५० |
| ८ | युनियन शुल्क | १०० | १०० | १०० | १०० |
| ९ | भौतिक सेवा शुल्क | २०० | २०० | २०० | २०० |
| १० | अभ्यास शिक्षण शुल्क | | | | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | विविध शुल्क | १५० | १५० | १५० | १५० |
| १२ | प्रमाणपत्र शुल्क | | | | १००० |
| १३ | अतिरिक्त क्रियाकलाप शुल्क | २०० | २०० | २०० | २०० |
| १४ | आन्तरिक परीक्षा शुल्क | ४०० | ४०० | ४०० | ४०० |

### ३.२.२. अन्य (Others)

विद्यार्थी शुल्कबाहेक यस क्याम्पसको आर्थिक स्रोतको रूपमा निम्नानुसारका निकायहरू रहेका छन् ।

(क) वडा कार्यालयको अनुदान

(ख) पालिकाको अनुदान

(ग) पसल भाडा शुल्कबाट

(घ) अन्य

### ३.२.३ सरकारी अनुदान (Grants From Government Source)

पब्लिक क्याम्पसको रूपमा त्रिविबाट सम्बन्धन प्राप्त गरी सञ्चालित क्याम्पसलाई सरकारी निकायबाट नियमित अनुदान प्रदान गर्ने कार्य नभए तापनि हाल २ वर्ष अघिदेखि प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटा कोशी प्रदेशबाट भौतिक विकास पूर्वाधारको ५,००,०००।- दरले अनुदान दिँदै आए पनि शैक्षिक सत्र २०७७/०७८ देखि अनुदान रकम प्राप्त भएको छैन ।

### ३.२.४ UGC (विश्वविद्यालय अनुदान आयोग) ले यसअघि दिएको तालिका निम्नानुसार छ ।

**तालिका–८**

*अनुदानको विवरण*

| क्र.सं. | विवरण | अनुदान रकम |
|---|---|---|
| १. | शै.स. २०७९/०८० | १७,८४,६००।- |
| २. | भवन निर्माण ०७९/०८० | २५,०००००।- |
| ३. | समता २०७९/०८० | ८०,०००।- |

### ३.२.५ अन्य सरकारी निकाय (Other Government Bodies)

अन्य सरकारी निकायबाट खासगरी लिखु गाउँपालिका, वडा कार्यालय र प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटाले गरेको सहयोगबाहेक अन्य निकायबाट आर्थिक सहयोग प्राप्त भएको छैन ।

## ३.३ विगत तीन वर्षको खर्च विश्लेषण (Expenditure Analysis of the last 3 years)

## तालिका–९

*खर्च विश्लेषण*

| क्र.सं. | खर्च शीर्षक | आ.व.२०७७/०७८ | आव.२०७८/०७९ | आव.२०७९/०८० |
|---|---|---|---|---|
| १. | शिक्षक कर्मचारी तलब भत्ता | ९,०१६९०.००।- | १३,५६,०६०.००।- | २२,४२,६७३.००।- |
| २. | प्रशासनिक खर्च र अन्य | ५,४५,३०४.००।- | ११,८३,०६६.००।- | ५,५१,११४.३९।- |
| ३. | तारजाली पर्खाल निर्माण | | | ८,०००००.००।- |
| | जम्मा | १४,४६,९९४.००।- | २५,३९,१२६.००।- | ३५,९३,७८७.३९।- |

## ४. सामाजिक प्रगति (Social Progress)

शिक्षित/चेतनशील साथै समृद्ध समाज भएमा त्यस्तो समाजमा स्थापना गरिएका कुनै पनि संघसंस्थाहरूको प्रगति राम्रै हुन्छ। ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस रहेको यस क्षेत्रको समुदायका बारेमा भन्नुपर्दा लिखु गाउँपालिकाका सबैजस्तो वडाहरूमा मावि सञ्चालित छन् भने निमावि र प्रावि (हाल आधारभूत) विद्यालय वडामा नै छन् तर लिखु गाउँपालिकाको क्याम्पस ग्रामोदय क्याम्पस मात्रै हो। यो समुदाय क्रमशः शिक्षित, चेतनशील प्रगतितिर अगाडि बढिरहेको छ। यस क्षेत्रमा कृषि, व्यापार र पशुपालन साथै फलफूल खेती राम्रो छ। यहाँ विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बी भए पनि एकआपसमा धार्मिक सहिष्णुता, आपसी सहिष्णुता, मेलमिलाप परम्परादेखि नै संस्कारको रूपमा रहँदै आएको छ।

केही समय अगाडिदेखि समुदायमा रहेका युवायुवतीहरू वैदेशिक रोजगारमा जाने चलन बढेको छ। केही व्यक्तिहरू सरकारी तथा गैरसरकारी जागिरतर्फ लागेको पाइन्छ। यातायात र सञ्चारले धेरै फड्को मारिसकेको छ। तर बाटोको स्तर उन्नति भने हुन सकेको छैन। कच्ची बाटो भए पनि राजधानीसँग सिधा सम्पर्क छ तर सदरमुकामसँग छैन। हावापानीको दृष्टिले निकै राम्रो मानिन्छ किनभने यहाँ समशीतोष्ण हावापानी पाइन्छ। केही हाइड्रोपावर सञ्चालन र केन्द्रीय लाइन विस्तारका साथै प्रत्येक वडामा स्वास्थ्य चौकीको व्यवस्था भएको छ।

## ४.१ सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता (Campus's Involvement in Social Activities)

कुनै पनि शैक्षिक संस्था समाज र समुदायमा निरपेक्ष भएर रहन सक्दैन। हाम्रो क्याम्पस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसले पनि समाजका निम्न क्रियाकलापहरूमा सहभागिता जनाई सहयोग गरिरहेको छ।

१) समाजमा रहेका विभिन्न विकृति र विसंगतिविरुद्ध जनचेतना जगाउने काममा सहयोगीको भूमिका खेलेको छ।

२) गम्भीर रोगबाट पीडित रोगीहरूका लागि चन्दा संकलन गरी राहत प्रदान गर्ने गरेको छ।

३) महामारी रोग कोभिड-१९ विरुद्ध जनचेतना अभियानमा शिक्षक-विद्यार्थीहरू सहभागी रहेका थिए।

४) बालविवाह, चेलीबेटी बेचबिखन, दाइजो प्रथा र छाउपडी प्रथाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

५) जातपात, छुवाछूत, धर्म, वर्ण, लैंगिक भेदबारे चेतनामूलक कार्यक्रम गर्दै आएको छ ।

## ४.२ क्याम्पसको योगदान (Contribution for Campus)

तत्कालीन ग्रामोदय युगकवि सिद्धिचरण उमाविबाट आर्थिक, भौतिक तथा शैक्षिक लगानीबाट सुरु गरिएको यो क्याम्पसमा यस भेगको समाज, समुदायबाट सहयोग प्राप्त भइरहेको छ । सहयोगका निम्न उदाहरण छन् ः-

१) आफ्ना बालबालिकाहरूलाई क्याम्पस पठाएर ।

२) विभिन्न सामाजिक संस्थाबाट सकेको आर्थिक, भौतिक, शैक्षिक सहयोग गरेर ।

३) वडा कार्यालयले सकेको आर्थिक सहयोग गरेर ।

४) गाउँपालिकाले आर्थिक सहयोग गरेर ।

५) क्याम्पसको समस्यामा समाधानमा सहयोग लागि प्रतिबद्धता प्रस्ट गरेर ।

## ४.३ सामाजिक प्रगतिमा क्याम्पसको योगदान योजना (Plan for Campus's Contribution to society)

यस क्याम्पसको सेवा क्षेत्रअन्तर्गतको ग्रामीण क्षेत्रमा क्याम्पसलाई निम्न प्रकारको सहयोग गर्ने योजना रहेको छः-

१) समाजमा रहेका विपन्न वर्ग र अपाङ्गता भएकाहरूलाई निःशुल्क वा छात्रवृत्ति प्रदान गरी पढ्नका लागि उत्प्रेरित गर्ने ।

२) बालविवाह, जातीय भेदभाव, पारपाचुके, अनमेल विवाहजस्ता विसंगतिविरुद्ध चेतनामूलक कार्यक्रमको योजना गरी समाजमा लैजाने ।

३) गम्भीर प्रकारका रोगीहरूलाई यथाशक्य सहयोग गर्ने ।

४) स्वास्थ समाज र जनसंख्या नियन्त्रणका लागि गोष्ठी, सेमिना गर्ने ।

५) लैंगिक हिंसाविरुद्ध चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ४.४. क्याम्पसको बढ्दो सामाजिक संलग्नताको योजना (Plan for increased involvement of society in the campus)

समाज र समुदायबाट विभिन्न संस्थाहरूमार्फत क्याम्पसलाई सम्पन्न बनाउनका लागि प्रयास भइरहेका छन् । समाजले क्याम्पसलाई एउटा गहनाका रूपमाा लिई पालिका, वडाहरूमा पनि क्याम्पसलाई सहयोगका लागि आवाज उठाएको छ । विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न/गराउनुपर्छ भन्ने कुरामा समाजका सदस्यहरू सचेत नै छन् तर आर्थिक विपन्नताले बिदेसिने क्रम भने झन् बढ्दो छ ।

## ५ विविध सवाल र चुनौतीहरू (Issues and challenges)

### ५.१ छोटो अवधि र लामो अवधि (Short Term and Long Term)

ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसका अल्पकालीन र दीर्घकालीन चुनौतीहरू निम्नानुसार रहेका छन्-

१) क्याम्पसको आफ्नै भवन नहुँदा ९:३० पछिका कक्षा र परीक्षा सञ्चालनमा व्यवथापन सकसपूर्ण बनेको ।

२) पुस्तकालय, अफिस कोठा र कम्प्युटर कक्षा सञ्चालनमा समस्या देखिएको ।

३) आर्थिक अभावले पूर्णकालीन शिक्षकको व्यवस्था गर्न नसक्नु ।

४) पहिलो वर्षको विद्यार्थी भर्नालाई चौथो वर्षसम्म सोही संख्या कायम राख्न नसक्नु ।

५) शिक्षक र कर्मचारीको वृत्ति विकास गर्न नसक्नु ।

६) क्याम्पसलाई आर्थिक, भौतिक, शैक्षिक व्यवस्थापनमा कठिनाइ हुनु ।

### ५.२ चुनौती सामना गर्ने उपायहरू (Mitigation measures taken to address the issues and meet the challenges)

ग्रामोदय क्याम्पस माथिका उल्लेखित चुनौतीहरूको सामना तथा समाधान गर्न क्याम्पस सञ्चालन समिति, स्टाफ, स्थानीय सरोकारवाला बुद्धिजीवी, अभिभावक, राजनैतिक दलका प्रतिनिधि र सिद्धिचरण कोष आदिको समय र सहयोगबाट चुनौतीहरू सामना गर्न एकबद्ध भई लाग्ने र आ-आफ्नो क्षेत्रबाट सहयोग हुनेमा हामी आशावादी छौँ । क्याम्पसले सबै समस्या तथा समाधानका लागि निम्न योजना बनाई अघि बढ्ने सोच राखेको छ ।

#### ५.२.१ चुनौती सामना गर्ने योजना (Plan for addressing the issues and challenges)

१) भवन निर्माण लागि UGC र अन्य दातृ संस्थासँग अविलम्ब माग राख्ने (प्रस्ताव पेस गर्ने) ।

२) दाताहरूलाई क्याम्पसमा छात्रवृत्ति, अक्षयकोष स्थापना गर्न प्रेरित गर्ने ।

३) क्याम्पसमा विपन्न र असहाय विद्यार्थी निःशुल्क शिक्षा र छात्रवृत्ति व्यवस्था गर्ने ।

४) सांसद कोषबाट अनुदान सहयोग उपलब्ध गराउन पहल गर्ने ।

५) विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान मात्र नभई अन्य भौतिक पूर्वाधारका कार्यक्रमका लागि पहलकदमी गर्ने ।

## ६. चालु वर्षको वार्षिक योजना (Annual work plan and budget of the current year)

## तालिका–१०

*ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पसको चालु आव. २०८०/०८१ को बजेट*

| क्र.सं. | अनुमानित आय | | अनुमानित व्यय | | कैफियत |
|---|---|---|---|---|---|
| | आय शीर्षक | आय रकम | व्यय शीर्षक | व्यय रकम | |
| १. | विद्यार्थीबाट उठ्ने शुल्क | १२,००,०००।- | शिक्षक कर्मचारी तलब भत्ता | १५,००,०००।- | |
| २. | प्रमाण-पत्र | ३००००।- | प्रशासनिक खर्च | १,००,०००।- | |
| ३. | विश्वविद्यालय अनुदान आयोग | १०००००००।- | क्याम्पस भवन निर्माण | २,००,००,०००।- | |
| ४. | बैंक ब्याज | ५००००।- | छात्रवृत्ति | ३०,०००।- | |
| ५. | प्रदेश सरकार शिक्षा विकास निर्देशनालय | ७,००,०००।- | क्याम्पस घेराबार | ५०,००,०००।- | |
| ६. | | | परीक्षा खर्च | २,००,०००।- | |
| ७. | | | क्याम्पस ट्रस्ट निर्माण | १०,००,०००।- | |
| ८. | | | कम्पाउन्ड घेराबार | ५,००,०००।- | |
| | जम्मा | ११९८००००।- | | २,८३,३०,०००।- | |

विनियोजित बजेट कार्यान्वयनका लागि २०८०/०८१ को पहिलो वर्षका विद्यार्थी भर्नाको सुरुवात, विद्यार्थी फारम आवेदन फारम, दोस्रो वर्षका विद्यार्थीहरूको परीक्षा आवेदन फारम कार्यक्रमको थालनी विश्वविद्यालय अनुदान आयोग र कोशी प्रदेश सरकारको कार्यक्रम सँगसँगै सुरुवात वा कार्यान्वयन हुनेछ।

अन्त्यमा, शिक्षाको ज्योति छर्दै देशविकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्दै आएको यस ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस स्थापना र विकासमा सहयोग गर्नुहुने सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ। सामुदायिक क्याम्पसको आर्थिक, भौतिक तथा शैक्षिक विकासका लागि सहयोग गर्नुहुने विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, पालिका र सबै सरोकार संघसंस्थाबाट आगामी दिनहरूमा पनि निरन्तर सहयोग अपेक्षा गरिएको छ।

प्रेमबहादुर बस्नेत

क्याम्पस प्रमुख

## क्याम्पस गतिविधिका केही झलक








श्री ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस
स्थापित: २०६३
लिखु गाउँपालिका-६, गाम्नाङटार, ओखलढुंगा

















# ग्रामोदय युगकवि सिद्धिचरण क्याम्पस

## GRAMODAYA YUGAKABI SIDDHICHARAN CAMPUS

गाम्नाङटार, ओखलढुङ्गा, फोन नं.: ९८४९२७२२६८

इमेलः gramodayayugkabi@gmail.com

Web: http://gramodayayugkabicampus.edu.np